नेपाल कानून पत्रिका (पुरानो अङ्क)

# प्रधान न्यायालय

भाग-१ २००९ अङ्क - १



**प्रकाशक**

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

**सम्पादन तथा प्रकाशन समिति**

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत - अध्यक्ष
माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत - सदस्य
मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत - सदस्य
नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय - सदस्य
रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत - सदस्य
अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन - सदस्य
वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य
डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय - सदस्य
सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत - सदस्य सचिव

**सम्पादक : श्री कालीबहादुर साम्यु लिम्बू**

**सम्पादन तथा प्रकाशन समूह**

**सम्पादनतर्फ**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री सुशिल बडुवाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**छापाखानातर्फ**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**प्रकाशन मिति : फागुन, २०८१**

प्रकाशन सङ्ख्या : १५०० प्रति
सर्वाधिकार : सर्वोच्च अदालत
मुद्रक : सर्वोच्च अदालत छापाखाना

**कम्प्युटर सेटिङ**

कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी

**<u>प्रधान न्यायालयका फैसलाहरूको उद्धरण गर्नु पर्दा निम्नानुसार गर्नु पर्नेछ :</u>**

प्रधान न्यायालय २००९, भाग १, अङ्क १, अभिलेख दर्ता नं. ...., पृष्ठ ...

*उदाहरणार्थ : प्रधान न्यायालय, २००९, भाग १, अङ्क १, अभिलेख दर्ता नं. १, पृष्ठ १*

## प्रधान न्यायालयका फैसला खोज्ने तरिका

**<u>खोज्ने तरिका</u>**

सर्वप्रथम कम्प्युटरमा भएको कुनै ब्राउजरमा सर्वोच्च अदालतको वेवसाइट www.supremecourt.gov.np टाइप गरी लगइन गरी प्रधान न्यायालय भन्ने शीर्षकमा Click गरेपश्चात् प्रधान न्यायालयको वेवसाइट खुल्दछ जहाँ प्रधान न्यायालयको बारेमा संक्षिप्त ईतिहासको वर्णन गरिएको छ । तत्पश्चात् **<u>"बृहत् खोज"</u>** मा गई विभिन्न शीर्षकहरू (मुद्दा नं., फैसला मिति, मुद्दाको किसिम, मुद्दाको नाम, पक्ष, विपक्ष, न्यायाधीश, इजलासको नाम, निर्णय नं., साल र महिना) तथा **<u>"शब्दबाट"</u>** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुने छ । त्यसका अतिरिक्त **<u>"प्रत्येक वर्ष"</u>** मा गई प्रधान न्यायालयबाट भएका २००९ सालदेखिका फैसलाहरू क्रमश: हेर्न हेर्न सक्नुहुने छ ।

**मूल्य रू.२५०।-**

मुद्रक : सर्वोच्च अदालत छापाखाना

# नेपाल कानून पत्रिका

## (पुरानो अङ्क), प्रधान न्यायालय

## २००९

**प्रकाशक**

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं ।

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५०

फ्याक्स: ४२००७४९, पो.ब.नं. २०४३८

Web: www.supremecourt.gov.np, Email: info@supremecourt.gov.np

**सर्वोच्च अदालत**
**काठमाडौं, नेपाल**

**प्रधान न्यायाधीश**

## मन्तव्य

न्यायिक कार्यलाई कार्यकारी तथा प्रशासनिक निकायबाट अलग गरी स्वतन्त्र र निष्पक्ष न्यायपालिका स्थापना गर्ने उद्देश्यका साथ वि.सं. १९९७ मा प्रधान न्यायालयको स्थापना भएको थियो । उक्त पृष्ठभूमिको आलोकबाट हेर्दा प्रधान न्यायालयको स्थापना नेपालको न्यायिक इतिहासमा महत्त्वपूर्ण कोसेढुङ्गाको रुपमा रहेको पाइन्छ । यस्तो न्यायिक इतिहास बोकेको प्रधान न्यायालयबाट भएका फैसलाहरू आधुनिक नेपाली भाषामा बोधगम्य बनाइएका छन् । भाषागत दृष्टिकोणबाट सरल रूपमा पठनयोग्य बनाइएका प्रधान न्यायालयका फैसलाहरूलाई पुस्तकको रूपमा प्रस्तुत **नेपाल कानून पत्रिका (पुरानो अंक), प्रधान न्यायालय, २००९** प्रकाशन गरिएकामा मलाई खुसी लागेको छ ।

प्रधान न्यायालयका फैसलाहरू सबैले बुझिने गरी सरल भाषाशैलीमा उतार गर्ने कार्य चुनौतीपूर्ण थियो । यसरी उतार गरिएका प्रधान न्यायालयका फैसलाहरूलाई विद्युतीय प्रणालीमार्फत सर्वोच्च अदालतको वेबसाइटमा प्रविष्ट गरी यसअघि नै सर्वसाधारणको लागि पहुँचयोग्य बनाइसकिएको छ । आधुनिक न्यायपालिकाको इतिहास बोकेको प्रधान न्यायालयबाट भएका फैसलाहरू विभिन्न ठाउँमा रहेकोले एकीकृत रूपमा संरक्षण हुन नसकिरहेको अवस्थामा त्यस्ता फैसलाहरूको सङ्कलन गरी सर्वसाधारणका माझ सहज रूपमा उपलब्ध गराउनु महत्त्वपूर्ण एवं ऐतिहासिक कार्य हो । यस प्रकारका फैसलाहरूलाई पुस्तकको रुपमा प्रकाशन गर्ने कार्यले प्रधान न्यायालयका फैसलालाई आम जनमानसमा अझ बढी सहज रूपमा पहुँचयोग्य बनाउनको लागि भूमिका निर्वाह गर्न सक्छ भन्ने मेरो विश्वास छ । यस कार्यले हाम्रो मौलिक न्यायिक विधिशास्त्रलाई उजागर गरी कानूनी ज्ञानको प्रवर्द्धन गर्नेछ भन्नेमा म विश्वस्त छु । साथै प्रस्तुत सँगालो न्यायाधीश, कानून र न्याय क्षेत्रमा

कार्यरत अधिकृत तथा कर्मचारीहरू, कानूनका प्राध्यापक, कानून व्यवसायी, अनुसन्धानकर्ता, कानूनका विद्यार्थीहरूलगायतका सरोकारवालाहरूलाई उपयोगी स्रोत सामग्रीको रूपमा रहने अपेक्षासमेत गरेको छु ।

यस कार्यको लागि योजना बनाउने, आर्थिक स्रोत जुटाउने, विज्ञहरूको खोजी गर्नेलगायतका कार्यहरूमा प्रारम्भदेखि सक्रियताका साथ लाग्नुहुने प्रकाशन समितिका तत्कालीन अध्यक्ष माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल र समितिका वर्तमान अध्यक्ष तथा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरिप्रसाद फुयालगायत अन्य सम्बद्ध कर्मचारीहरूलाई धन्यवाद व्यक्त गर्दछु । यस ऐतिहासिक कार्यमा मुख्य विज्ञको रूपमा रहनुभएका श्री दिनेशराज पन्त र अन्य विज्ञहरूले पुऱ्याउनुभएको अतुलनीय योगदानको उच्च मूल्याङ्कन गर्दै धन्यवाद दिन चाहन्छु । अन्त्यमा प्रधान न्यायालयबाट भएका फैसलाहरूको प्रस्तुत सङ्ग्रह प्रकाशन गर्नमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा भूमिका निर्वाह गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद दिँदै यस किसिमको कार्यले भविष्यमा समेत निरन्तरता पाउने विश्वासका साथ शुभकामना व्यक्त गर्दछु ।

२०८१ फागुन ७ (प्रकाशमान सिंह राउत)

☎: +९७७-१-४२६२५४६/४२१२१०४ पोष्ट बक्स् नं.: २०४३८ ⊕:http//www.supremecourt.gov.np

न्यायाधीश

**सर्वोच्च अदालत**
**काठमाडौं, नेपाल**

## नेपाल कानून पत्रिका (पुरानो अङ्क), प्रधान न्यायालय, २००९

नेपालको संविधानको धारा १२८ को उपधारा (२) बमोजिम नेपालको सर्वोच्च अदालत अभिलेख अदालतको रूपमा रहेको छ। सर्वोच्च अदालतका महत्त्वपूर्ण जिम्मेवारीमध्ये नेपालको न्यायपालिकाबाट न्याय सम्पादनको क्रममा प्राप्त हुने न्यायिक निर्णयहरूको समयानुकूल व्यवस्थापन गर्नु पनि एक हो। नेपालको आधुनिक न्यायिक इतिहासको आधारशिलाको रूपमा रहेको प्रधान न्यायालयबाट भएका फैसला तथा राय किताबलाई बोधगम्य, पठनीय र सरोकारवाला तथा आम नागरिकको पहुँचयोग्य बनाउन प्राय: अपठनीय रूपमा रहेका फैसलाहरूलाई उतार गरी सूचना र प्रविधिको जगमा न्यायिक नवप्रवर्तन (judicial innovation) गर्ने प्रयास गरिएको छ। मिति २०७८।०४।३२ र २०७८।०५।१० मा प्रधान न्यायालयका फैसलाहरू अभिलेखीकरण गर्ने निर्णय भई २००९ साल र त्यसपछिका फैसलाहरू उतार भई विद्युतीय प्रणालीमा प्रविष्ट गरिसकिएको छ।

राणा शासनको अन्त्यपछि प्रधान न्यायालय ऐन, २००८ जारी भई हरिप्रसाद प्रधान नेपालको प्रधान न्यायाधीशमा नियुक्ति भएपछि भएका फैसलाहरूको प्रकाशन तथा दस्ताबेजीकरणलाई व्यवस्थित तथा संहिताकृत गर्ने क्रममा वार्षिक सङ्ग्रहको रूपमा नेपाल कानून पत्रिका, पुरानो अङ्क (old volume), प्रधान न्यायालय, २००९ प्रकाशन गरिएको छ। २००९ सालमा भएका फैसलाहरू परम्परागत प्रविधि, तात्कालिक प्रयोगमा रहेको चल्तीका भाषामा त्यस बेलाका जनशक्तिबाट सोही समयको भाषा र शैलीमा लेखिएका हुँदा अहिलेका जनशक्तिबाट हुबहु उतार गर्न अत्यन्तै जटिल विषय बन्यो। तथापि २००९ सालदेखि २०१३ सालसम्म जम्मा ५,४९९ फैसलाहरूलाई बोधगम्य नेपाली भाषामा उतार गर्ने लक्ष्यसहित सुरू गरिएको यस कार्यको

सफलता प्राप्त भएको छ।

उल्लिखित फैसलाहरूको उतार गर्ने क्रममा विज्ञ टोली नौ जनाको रही प्रतिविज्ञ प्रतिदिन करिब तीन थान फैसला उतार गरिएको थियो। यसरी उतार गरिएका फैसलाहरू हुबहु टाइप गरी रूजु भई मुख्य विज्ञ प्रा. दिनेशराज पन्त सामु अन्तिम रूजुका लागि पेस गरिएको थियो। पछिल्लो समयमा उच्च अदालतका पूर्व-मुख्य न्यायाधीश श्री हरिकुमार पोखरेलले पनि अन्तिम रूजु गर्ने कार्यमा योगदान पुऱ्याउनु भएको थियो। यसरी मुख्य विज्ञबाट अन्तिम रूजु गरी प्रमाणित गरी उतार गरिएका फैसलाहरू कम्प्युटर प्रणालीमा प्रविष्ट गरी सुरक्षित गर्ने काम गरिएकोमा कानून तथा न्याय क्षेत्र एवं सर्वसाधरणको जानकारीको लागि यो नेपाल कानून पत्रिका (पुरानो अङ्क), प्रधान न्यायालय, २००९ प्रकाशन गरिएको छ।

प्रधान न्यायालयको पहिलो फैसलाको रूपमा अभिलेख दर्ता नं.१ प्रधान न्यायालय दोस्रा फाँटबाट भएको देवानी प्रकृतिको वादी रामबहादुर पाँडे क्षेत्री र ना.सु. गुणनाथ उपाध्याय तथा प्रतिवादी शाम्बप्रसाद भएको मुद्दाको फैसला रहेको देखिन्छ। बाटो खुलाई पाउँ भन्ने उक्त मुद्दामा निर्णयकर्ता मेंबर गुरु रेवतीनाथ पण्डितज्यू र का.मु. हाकीं सु सेरशंकरले मो रु.१ को पैलो अपील हुँदा सैक्रा १० ले मो रु.१० पैसा डंड हुने भनी मितिः २००९।०४।२७।२ मा फैसला गरेको देखिन्छ।

कानूनी इतिहासको खोजी गर्नु वर्तमानलाई सम्वृद्ध बनाउनु हो। एक प्रकारले ओझेलमा परेका प्रधान न्यायालयका २००९ सालदेखि २०१३ साल सम्मका फैसलाहरूलाई मेहनतपूर्वक खोजी गरियो। सर्वोच्च अदालतमा नै कतै जतन गरेर राखिएको अवस्थामा फेला परेका उक्त फैसलाहरूलाई पठनीय रूपमा प्रस्तुत गर्न पुरानो नेपाली भाषाबाट आधुनिक नेपाली भाषामा बोधगम्य रूपमा पढिने गरी तयार गर्न ईतिहासविद प्रा. दिनेशराज पन्तको सहायता लिइयो। उहाँले, छनौट गरिएका विज्ञहरूलाई अभिमुखिकरण गर्नुभयो र उहाँहरूको कार्यलाई अन्तिम रूजु गर्नुभयो। मुख्य विज्ञ र विज्ञहरूको समूहले यथाशक्य शुद्ध रूपमा प्रकाशन गर्न मेहेनत गर्नुभएको छ। उहाँहरूले गर्नुभएको कार्यलाई मिसिलसँगै संलग्न गरी राखिएको छ। कुनै समयमा ती सक्कल फैसलाहरूलाई विद्युतीय रूपमा पनि कम्प्युटर प्रणालीमा प्रविष्ट गरिने छ।

प्रधान न्यायालय वि.स.१९९७ मा स्थापना भएको मानिन्छ । तर वि.सं. १९९७ सालदेखिका ती फैसलाहरूका मिसिल र सक्कल फैसलाहरू सर्वोच्च अदालतको अभिलेख प्रणालीमा भेटिदैनन् । यस अदालतका पूर्वकर्मचारी श्री शंकर खत्रीको प्रयत्नबाट २००८ सालदेखि २०१३ सम्मको फैसला यसै अदालतमा भेटिए पनि १९९७ सालदेखिका फैसलाहरू यस अदालतका कर्मचारी श्री राजन सापकोटाको प्रयत्नबाट विभिन्न व्यक्तिको घरबाट संकलन गरी अभिलेखमा राखिएको छ। उक्त वि.सं. १९९७ देखिका प्रधान न्यायालयका फैसलाहरूलाई समेत यस्तै बोधगम्य भाषामा उतार गर्ने उद्देश्य राखिएको छ । खोजीको क्रममा सर्वोच्च अदालतको कुनै कुनामा वि.सं.१९९१ देखिका राय किताबहरू भेटिएका छन्। उक्त १९९१ सालको राय किताबमा **"प्रधान न्यायालय, १९९१ को राय किताब"** भनी प्रत्येक सालका गरी सर्वोच्च अदालतका २०६३ सालसम्मका राय किताब भेटिएका छन्। प्रधान न्यायालय वि.स. १९९१ मा कसरी लेखियो, यो खोजीको विषय बनेको छ। यस अदालतका पूर्व-माननीय न्यायाधीश स्व. प्रकाश वस्तीसमेत यस विषयको खोजी गरिरहनुभएको थियो। उक्त राय किताबमा लेखिएका विषय वस्तुको उतारबाट त्यसको उजागर हुनेछ भन्ने विश्वास लिइएको छ।

नेपाली कानूनी र न्यायिक इतिहासको खोजी तथा अध्ययनको कार्य वास्तवमा सुरूवात मात्र हो । मलाई मुगल र ब्रिटिस भारतमा आउनुभन्दा पहिले भारतका राज्य रजौटाहरूको सारभूत र कार्यविधि कानून कस्तो थियो होला, धर्मशास्त्र, मूलतः नारदस्मृतिमा उल्लेख भएको सारभूत कानूनलाई जीवनमा कसरी प्रयोग गरिन्थ्यो होला, प्रमाणको स्वरूप र प्रमाण बुझ्ने तरिका, फैसला गर्ने व्यक्ति तथा निकाय, लेख्ने तरिका र सोको कार्यान्वयन कसरी गरिन्थ्यो होला भन्ने लागिरहेको छ। भारतवर्षमा त्यस्ता अभिलेख छन्, छैनन्, नेपालका पुराना अभिलेख जस्तै मानव न्यायविकासिनी, राम शाहका स्थिति, पृथ्वीनारायण शाहका दिव्योपदेश आदिका पानाहरूबाट त्यस्ता कुरा निषृत गर्न सकिन्छ, सकिँदैन भन्ने जिज्ञासा लागिरहन्छ। आशा छ कुनै समयमा यसको प्रामाणिक खोजी हुनेछ।

मलाई यस कार्यको सुरूवात गरी नेपाल कानून पत्रिका (पुरानो अङ्क), प्रधान न्यायालय, २००९ प्रकाशन गर्न पाउँदा धेरै खुसी लागेको

छ । यस्तो महत्त्वपूर्ण काममा अवसर र हौसला दिने तात्कालिक सम्माननीय प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्की, कामलाई निरन्तरता दिन अनुमति दिने सम्माननीय पूर्वप्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ र सम्माननीय प्रधान न्यायाधीश श्री प्रकाशमान सिंह राउतलाई धन्यवाद दिन चाहन्छु । साथै यस कार्यको थालनीमा महत्त्वपूर्ण योगदान गर्ने तात्कालिक प्रकाशन तथा सम्पादन समितिका अध्यक्ष माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल र हौसला प्रदान गर्ने माननीय न्यायाधीश श्री कुमार रेग्मी प्रति कृतज्ञता व्यक्त गर्दछु । यो कार्य आफैँमा झन्झटिलो, समय लिने र इतिहासको खोजी गर्ने प्रकृतिको भए तापनि यस कार्यलाई निरन्तरता दिइने छ । यसको लागि छुट्टै बजेट उपलब्ध गराउने नेपाल सरकार, अर्थ मन्त्रालय प्रति धन्यवाद दिन चाहन्छु । प्रधान न्यायालयका फैसलाहरू उतार गरी यस अवस्थासम्म पुऱ्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउने सम्पादन तथा प्रकाशन समितिका तात्कालीन अध्यक्ष माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान, वर्तमान सदस्य माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेललगायतका सदस्यहरू तथा व्यवस्थापकीय सहयोगका लागि सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री देवेन्द्रराज ढकाल, रजिष्ट्रारहरू श्री विमल पौडेल र श्री भद्रकाली पोखरेल तथा सहरजिष्ट्रार श्री अर्जुनप्रसाद कोइराला, तात्कालिक सहरजिष्ट्रार तथा हाल उच्च अदालतका माननीय न्यायाधीश श्री हरिराज कार्की, मुख्य विज्ञ प्रा.श्री दिनेशराज पन्त साथै नेपाल कानून पत्रिकाका तात्कालिक सम्पादकहरू श्री ध्रुवप्रसाद ढकाल, श्री नगेन्द्रकेशरी पोखरेल र श्री दीक्षा प्रधानाङ्ग तथा हालका सम्पादक श्री कालिबहादुर साम्पु लिम्बू र व्यवस्थापकीय कार्यलाई सहजिकरण गरिरहनुभएका शाखा अधिकृत श्री विनिता महर्जनलगायतका यस शाखामा कार्यरत कर्मचारीहरूलाई विशेष धन्यवाद दिन्छु ।

हरिप्रसाद फुयाल
न्यायाधीश, सर्वोच्च अदालत
अध्यक्ष, सम्पादन तथा प्रकाशन समिति

२०८१, फागुन ७

## मन्तव्य

अभिलेख अदालतको रूपमा सर्वोच्च अदालत रहेको र प्रधान न्यायालयबाट भएका फैसलाहरू बोधगम्य नेपाली भाषामा प्रकाशन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी सर्वोच्च अदालतका माननीय न्यायाधीश श्रीसपना प्रधान मल्लज्यूको अध्यक्षतामा २०७८।४।३२ र २०७८।५।१० मा उक्त फैसलाहरू अभिलेखीकरण गर्ने भनी निर्णय भएसँगै वि.सं. २००८ देखि २०१३ सम्मका नेपाल प्रधान न्यायालयका फैसलाहरूको प्रतिलिपि तयार गर्ने उद्देश्यले सर्वोच्च अदालतले वि.सं. २०७८ पौष ९ गतेदेखि २०८० ज्येष्ठ १२ गतेसम्ममा श्रीध्रुवविनोद पोखरेल, श्रीभोजकुमार बस्नेत, श्रीभोजराज रेग्मी, श्रीदिनदयाल रेग्मी, श्रीमहेन्द्रप्रसाद भट्टराई, श्रीकेदारप्रसाद पोखरेल, श्रीप्रमोद खनाल, श्रीजनार्दन दंगाल र श्रीलेखनाथ भट्टराई गरी ९ जना विज्ञहरूको सहयोगमा २५६८ थान फैसलाको उतार लिने काम सम्पन्न भयो। वि.सं.२०८० असोज २१ गतेदेखि श्रीध्रुवविनोद पोखरेल, श्रीभोजकुमार बस्नेत, श्रीभोजराज रेग्मी, श्रीमहेन्द्रप्रसाद भट्टराई र श्रीमाधवप्रसाद लोहनी गरी ५ जना विज्ञहरूको सहयोगमा यसको दोस्रो चरणको काम शुरू भयो र हाल त्यो काम निरन्तर चलिरहेको छ।

प्रतिलिपि लिने यो काम गर्दा मूल पत्रमा जस्तो रूप छ, त्यस्तै लेखिएको छ। ह्रस्व दीर्घ, शकार षकार सकार जस्तो छ, त्यस्तै उतारिएको छ। जोड्ने छुट्ट्याउने, बकार वकारमा चाहिँ प्रचलित पद्धतिअनुसार गरिएको छ। यसमा संलग्नहरूबाट निकै परिश्रमपूर्वक यो काम भइरहेको छ तापनि प्रतिलिपि गर्दा, त्यसको टाइप गर्दा, त्यसलाई शुद्ध्याउँदा र शुद्ध्याइएको रूपलाई फेरि टाइपमा मिलाउँदा बिग्रिएको हुन सक्छ। त्यसैले सक्कल फैसलासँग रुजु गरी प्रामाणिक कुरा बाहिर आओस् भनी बोधगम्य शैलीमा उतार गरिएको फैसलाको मूलप्रति पनि तत्तत् अभिलेखको मिसिलमा राखिएको छ। विज्ञहरूले त्यसबाट काम लिन सक्नुहुन्छ।

यस काममा संलग्न हामीहरू आफ्नो अध्ययन-अनुसन्धानलाई अघि बढाउँदै यसलाई अझ बढी शुद्ध रूपमा बाहिर ल्याउन प्रयत्न रहनेछौँ र विज्ञजनबाट प्राप्त सुझावको आधारमा आफ्नो काममा सुधार गर्दै जानेछौँ। भूल हुनु मानिसको प्रकृति हो, त्यसलाई स्वीकार नगर्नुचाहिँ विकृति हो भन्ने कुरामा

हाम्रो टोली विश्वास गर्छ। यसैले विज्ञजनहरूको सटीक सल्लाहको हामीहरूले सधैँ अपेक्षा राखेका छौँ।

वि.सं. २००९ को पहिलो अङ्क प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ र क्रमश: यसपछिका सालका सामग्री पनि प्रकाश हुँदै जानेछन्। यस कामको लागि मलाई र हाम्रो टोलीलाई योग्य ठानेकोमा सर्वोच्च अदालतका माननीय न्यायाधीश, सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समितिका अध्यक्ष श्रीहरिप्रसाद फुयालज्यूसहित सर्वोच्च अदालत परिवारलाई धन्यवाद दिन्छु।

**ते श्रोत्रियास्तत्त्वविनिश्चयाय**
**भूरिश्रुतं शाश्वतमाद्रियन्ते...।।७।।**

**(भवभूति-मालतीमाधव १ अङ्क)**
**{ती विद्वान्हरू सत्य कुराको निर्णयको लागि निरन्तरको पढाइलाई आदर गर्छन्।}**

**वि.सं. २०८१ फागुन ७ गते** **- प्रा. दिनेशराज पन्त**

## विषय - सूची


| क्र.सं. | मुद्दाको नाम | पृष्ठ |
|---|---|---|
| १. | बाटो खुलाई पाउ | १ |
| २. | पसलबाट उठाईपाँउ | ३ |
| ३. | श्राद्ध खर्च दिलाई पाउँ | ६ |
| ४. | जालसाजी | ८ |
| ५. | बहाल भराइ घरचलन चलाइ पाँउ | १४ |
| ६. | जग्गा खिचोला | १६ |
| ७. | अंश | २० |
| ८. | वंन्धकी जगानी षन्याई पाउँ | २२ |
| ९. | जगा धं माल | २४ |
| १०. | लिखत गराई पाउँ | २६ |
| ११. | जग्गा वाली लुटपिट | २८ |
| १२. | लेंदें करकाप | ३० |
| १३. | जगा | ३३ |
| १४. | वन काट्यो भंने | ३५ |
| १५. | जग्गा दर्ता वदर गरी पाँउ | ३७ |
| १६. | गर्न नहुने जग्गा बाली फुकुवा | ४१ |
| १७. | जगा पजनी गर्न पाउ | ४३ |
| १८. | जगा हटक | ४५ |
| १९. | चोरी दोहोरो लेंदें | ४७ |
| २०. | दुख दिए | ५१ |
| २१. | वाली | ५३ |
| २२. | जगाबालि | ५५ |
| २३. | लिखत बदर | ५७ |
| २४. | जगा बाली | ५९ |
| २५. | विक्री बदर | ६२ |
| २६. | जगा चलं चलाई पाउ भंने | ६५ |
| २७. | बंधकी थैली नीखनाई पाऊँ | ६९ |

| | | |
|---|---|---|
| २८. | जगा | ७२ |
| २९. | हक मेटाई जगा बिक्री गरे भन्ने | ७७ |
| ३०. | हक मेटाई जगा विक्री गऱ्यो भंने | ८३ |
| ३१. | जग्गा | ८८ |
| ३२. | बन्धकी जलसाजी | ९० |
| ३३. | गुठी धर्म लोप गरे भंन्ने | ९३ |
| ३४. | लीलां वेहीसाव | ९७ |
| ३५. | ज्यान् | ९८ |
| ३६. | थुनामा राषेको | १०० |
| ३७. | लेन्देन हर्जाना | १०१ |
| ३८. | पुरानो मोहर निकासी | १०३ |
| ३९. | तालुकी | १०५ |
| ४०. | जगा जालसाजी | १०६ |
| ४१. | लिखत पास | १०७ |
| ४२. | चोरी | १११ |
| ४३. | व्लेकबाट नुन बीक्री गरे | ११६ |
| ४४. | कुलो | ११८ |
| ४५. | थुन्न नहुने थुने | १२३ |

**अभिलेख दर्ता नं.१ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट नं.२४ नि.नं.**

प्रधान न्यायालय दोस्रा फाटबाट भएको फैसला

मेंबर गुरु रेवतीनाथ पंडीज्यू १
मीसु. तिर्थमान १
सु. राम्बाहादुर पाडे छेत्री
ना.सु. गुणनाथ पाध्या

का.मु.हाकीं सु सेरशंकर १
अ.ख.नासु रां प्रसाद
वि. शाम्बप्रसाद

यस्मा वलबाहादुर खत्री छेत्रीसंगको बाटो खुलाई पाउ भन्ने मुद्दामा ल.पु.ई नैकाप ३ ठाना बस्ने ठुलो विरबाहादुरको आपिल तेश्राउपर अपिल परी आयको मीसील हेर्दा अघीदेखी हिडी आयको मेरो घर गोठमा जान आउने बाटो उतरतर्फबाट दखिंतर्फ आई पुर्वतर्फ मोहडा गरी उतर प्रतेवादीको आगन पीडीको बाटो गरी मेरो आगं पिडीमा पुगी घरभीत्र आउने जाने गरी आएको मेरो घरमा आउने बाठो नभयकोले हीडन दिन्न भनेतापनी हीडीरहेको थीञा श्रावण ६ गते मेरो ७ बर्खको छोरीले काक्रो चोरी खायो भंने झगडा गरी बाटो रोकीदियाकोले बाटो खुलाई पाउ भंने वादी वादीको बाबु टेकबाहादुर मेरो भतीजा अंशीयार भै मेरो घरबाट पछीं पट्टीबाट गै पुर्वतर्फ उत्तरतर्फ जाने र नीजको घर गोठबाट पछींतर्फ गै उतर दखीं जाने बाटो भयको मेरो घरबाट सडकमा निसकनुभन्दा नीजको घरबाट नजीक भै मेरो नीकास बन्द गरी नीजकै नीकासबाट हीडी आयकोमा नदीयकोले मैले आफ्नै नीकास खोली हीडेको कुटपिटमा वचन लागी झुट्टा उजुर गरेको हो भीन्नाभीन्नै बाटो पुल सडक नीसकने भयकोमा मेरो आगनमा बाटो देखाई दाबी गरेको हो मैले बाटो रोक्का गरेको होइन यकाघरको बाबु छदै मेरो हक भनी उजुर गरेमा मुद्दा खारेज हुनुपर्ने भंनेस्मेत प्रतेवादी भयाकोमा बलबाहादुरको घरकै उतरपट्टीको पेटिको कीनाराबाट हीडे हुने अर्कैको आगंमा बाटो गर्न मनासीब नपर्ने भन्ने सुरु कीर्तीपुर पञ्चायेत र

दिआयेको बाटो प्रतेवादीले रोक्का गरेको ठहर्छ भंने अपिल तेश्रा फाट फैसला भयाकोमा अपिलाटको अपिल जीकीरस्मेत हेरी वीचार गर्दा नकसामा लेखीयाको सर्जमीनले झगडा परेको बाटो अघीदेखी वादीले हीडी आयेको भंनेस्मेत भै आयेका अपिलवाट गरायेको नक्सा र सर्जमीनबाट देखीयाकोले ईन्साफ अपिल तेश्राको मुनासीब ठहर्छ ईन्साफ पारी छिनेका उपर अपील गरेमा नीज ठुलो वीरबाहादुर खत्रीके सुरु डंड मोरु १। को पैलो अपील हुँदा सेक्रा १० ले मोरु।१० पैसा डंड हुन्छ रुजु हुदा अैबमोजीं गर्ने भनी भ.न.देमा लगत मीसील मिसील फाटमा बुझाईदिने।

सं २००९ साल श्रावण २७ गते रोज २ सुभं।

**अभिलेख दर्ता नं.२ वर्ष २००९**
**बर्ष २००९ दे.नं .७२२**

रोहिणी कुमार उपाध्याय वि. विष्णु बहादुर श्रेष्ठ

पसलबाट उठाईपाँउ

श्रीमाननीय प्रधान न्यायाधीशबाट

येस्मा का.ई. प्यूखाटोल बस्ने रोहिणीप्रसाद उपाध्यायसंगको पसलबाट उठाइपाउ भंने मुद्दा सदर मामीला निकासीबाट हराइदियो दोहोराइपाउ भन्नेसमेत का इ नरदेवि नेतपाको टोल बस्ने विष्णुबहादुर श्रेष्ठको बींती पत्रमा भयेका आदेशबमोजिम झिकाई आयेको मिसील हेर्दा पुर्व देवल पश्चीं मेरै गा रो उत्तर पानबरहीको पसल दक्षीण मेरो बीर्ता गोपीलाल श्रेष्ठ बसेको पसल येती ४ कील्लाभित्रको पुर्व मोहडा भयेको ३॥कवलको बीर्ता पसल साल १को बहाल मोरु २५० मा २००३ साल कार्तीक १ गते बाहाल कबुलीयेत गरी चाहीयेका बखत छाडीदिउला भंने बेहोराको रीतपुर्वकको कबुलीयेत गरीदीयेको बहाल नबुझाई मेरो नाउमा बहाल बुझीदियेन भनी नालेस दीयेछ पसल आफैलाई चाहीयो निजलाई उठाई अडैबाट मेरो चलं चलाई पाउ भंने वादी स्व पसलको वर्ष १को बहाल मोरु २०१८ सलामी ५० दीने पसलका हक्मा चाहीयेको बखत छाडीदिने कबुलीयेत लेखी सलामी र '६ मैन्हाको पेस्की बहाल बुझाई पसल चलं गरी आयकोमा २००५ साल कार्तीक १ गते वादीले मलाइ मोरु १२५॥ चाहीयेको छ दीनुहवस बहाल बुझाउन्जेल उठाउनेछैन भनी भर्पाइ लेखी १२५। बुझीलीयेको पछी मबाट बहाल नबुझी पसल मलाइ चाहिएको छ छाडीदेउ भनेकोले बहाल बुझाउन्जेल उठन नपरोस भंनेसमेत प्रतेवादी भयेकोमा प्रतेवादी वीष्णुबहादुरले माघ ५गतेको तारेख दोश्रापटक पारी गुजारेको र बुझीयेको प्रमाणबाट र घर बनाउनेका २३ नं का ... अैंबमजिम वादीको आफैलाइ चाहियो भंने मुख्य बुँदा भयेको र अैं कबुलीयेतसमेतबाट

वादीले प्रतेवादीलाई पसलबाट उठाउन पाउने ठहर्छ भंनेस्मेत देवानी दोश्राबाट २००६/११/११ मा र सोही इन्साफ सदर गरी अपिल तेस्राबाट २००७/४/२ मा र वादीको पसल आफैलाइ चाहियो भंने जीकीर हुदा अघी बंदोबस्त भैसकेको कुरामा अर्को कबुलीयेत भएको नदेखीयेकाले पछी बहाल बुझी गरीदीयेका भर्पाइमा चाहीयेका बखत छाडीदीउला भंने लवज केरी बहाल बुझाउन्जेल खोसने छैन भन्ने लवज भएकोमा सही नपरेको तेस्तो प्रमाणबाट अघीको कबुलीयेत बदर गर्न मनासिब नपर्ने हुनाले अपिल तेश्राको इन्साफ मनासीब भंने हाकीं मीसु भैरवराज र चाहीयेका बखत छाडीदीनु भंने लवज केरी बहाल तीरुन्जेल खोस्नेछैन भनेबाट बहाल बुझाईपाउ भंने मुद्दातर्फ सदे कृर्ते तहकीकात झुठा कृर्ते नठहरी सदे देखीयेकोले भर्पाइलाई लिखत सम्झनुपर्ने भयेकोले लीखत भयेकोमा लीखतबमोजीं हुने भै उठाउन नपाउने भंने असीष्टेन्ट मेंबरको राये भयेकाले जाहेर गरेकाछौ भंने प्रधान न्यायालय दोश्राबाट २००७/६/२२ मा जाहेर गरेकोमा न्यायालय दोश्राका हाकीं सु भैरवराजले गरेको इन्साफ मनासीब मैंबर असीष्टेन्टहरूको इन्साफ गल्ती ठहर्छ भनी कायेंमुकायें प्रधान न्यायाधीशबाट २००८/३/२५ मा तोक फैसेला भैरहेकोमा हाजीर रहेका प्रतिवादी वीष्णुबहादुर र छलफलमा झीकाइ आयेको रोहिणीप्रसाद पाध्यासमेत दुवैथर झगडीयाहरुलाई राखी बुझदा बढी बहाल बुझाई गरीदीयेको भरपाइ सदे कृर्तेमा सुनाउदा वादीले कृर्ते भनी बयां गरेकोमा सद्दे ठहरी फैसेला भएकोमा त्यस उपर बादीले उजुर गरी फैसला बदर गराएको नदेखिनाले प्रतिवादी आफै बसी भोगचलन गरी बहाल बुझायसम्म उठाउन नपाउने हुदा अरू प्रधान न्यायालयका असिस्टेन्ट हरुका रायमा लेखियका बुदा प्रमाणबाट ईन्साफ प्रधान न्यायालयका असिस्टेन्ट मैंवरको राय मुनासिव छ सुरु अपिल ले छिनेको र न्यालय दोस्राको हाकीं र मवु वल्लभ शमशेर ज व रा ले समेत गल्ती इन्साफ गरेको ठहर्छ तपसिल वमोजिम गर्न लगत दिइ मिसिल मिसिल फाँटमा बुझाइदिनु ................

तपसिल

बादीले नालिश गर्दा राखेको कोर्ट फि मो रू ४ फिराद इतलाय दस्तुर।६२

कोर्ट फि सनदको १८x४०x५७ दफाले प्रते वादी संग भरी पाउने देखिदा भराईपाउ भनी डंड सजायका ३६ नं को म्याद भीत्र वादीको दरखास्त परे प्रतेवादी वीष्णु बहादुर का जाय जात बाट भराइ दिने गरी गरिएकोमा स्व ईन्साफ सदर नभएकाले स्व वमोजिम गर्नु पर्दैन भनी लगत दिनु .........१

बादी रोहिणी प्रसाद ले प्रतेवादी विष्णु बहादुर बसेको का इ इन्द्रचोकको पूर्व देवल पश्छिम मेरै गाहारो उत्तर पान घरको पसल दक्षीण गोपिचा वसेको पसल यति ४ किल्ला भित्रको पूर्व मोहडा भएको ३॥ कबलको विर्ता पसल बाट माथी लेखियबमोजिम प्रतिवादीलाइ स्व पसलवाट उठाइ वादीलाइ चलंन चलाइ दिने गरेकोमा हाल स्व ईन्साफ सदर नभएकाले स्व बमोजिम गर्नु पर्दैन भनी अरु विगो फाँतमा लगत दिने....................................२

प्र विष्णु बहादुर के आफैबसी भोग चलं गरी बहाल बुझाय सम्म पसल बाट उठन नपर्ने भै जितेमा जिताउरी लिनु भन्ने घर बनाउने अइनका महलमा नहुदा केहि गर्नु पर्दैन .................................................................३

उल्टीमा देहायका अड्डाका देहायका मानिश हरुलाइ केहि गर्नु पर्दैन .....४

प्रधान न्यायालय दोस्रा फाँटका मि सु भैरब राज ............................१
अजनका अ सुब्वा शेरशंकर .......................................................१
अइनजका वि. गोपाल डंगोल .....................................................१
अपिल तेस्राका सुब्वा देव प्रसाद .................................................१
अइजनका अ ख डोलराज .........................................................१
अइजनका जनकराज ...............................................................१
देवानी दास्राका ना सु लक्ष्मण रमन ..............................................१
अइजनका अडि गुणराज ...........................................................१
अइजनका वि रवि खिल शर्मा .....................................................१

इति सम्वत २००९साल स्रावण ३१ गते रोज ६ शुभम्।

**अभिलेख दर्ता नं.४ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट न्.४९८**

राधा कृष्ण वि. कृष्ण बहादुर

मुद्दा – श्राद्ध खर्च दिलाई पाउँ

श्री माननीय प्रधान न्यायाधीशबाट

यसमा पूर्व १ नं. का.प.ई. बनेपा यंछु टोल बस्ने कृष्णबहादुर कटालको र का.प.ई. बनेपा पुल बजार बस्ने जगत माया कटाल्नीको श्राद्ध खर्च दिलाई पाउँ भन्ने मुद्दामा प्रतिवादीको आमाको छोरा नभई छोरीमात्र भएकाले मेरो शेखपछि तिमी भतिजाले दागबत्ती दिई काजक्रिया गरी खानु भनी मलाई माटोमुरी १६ लेखिदिई अरू बाँकी जग्गा ३ खलाको आयस्ताबाट कृष्णबहादुरलाई खर्च दिई निजका हातबाट सहोदर सन्तानले गुठी श्राद्धको काम चलाउनु भनी हकदारसमेत साक्षी राखी कागज गरिदिएको ०६ सालको कागजलाई प्रतेवादीले खर्च नदिएकाले सो ०६ सालमा खर्च भएको मो.रु.११७ दिलाई लेखत बमोजिम बाली बुझाई गुठी काम चलाई खान पाउने गरी जग्गा दिलाई पाउँ भन्ने समेत कृष्णबहादुरको वादी छोरा परदेश गएको आजसम्म नआएको म वृद्ध काम गर्न नसक्ने तिमी छोरीले पालपोष गरेको हुँदा मेरो शेषपछि काजक्रिया गरी मेरो नाउँको नित्य श्राद्ध गरी खानु भन्ने समेत बोली गरी वादी समेत साक्षी भई ८४।५।१८ गते बकसपत्र गरिदिएको सो बकसपत्रमा वादीलाई खर्च दिई श्राद्ध गराउनु भन्ने बोली छैन दुई वर्ष श्राद्ध सम्म वादीका हातबाट गराएको लेखत बमोजिम गरेको छु खण्डित गरेको छैन श्राद्धमा सय पचास जति खर्च गरेपनि हुने दुई खला जग्गा आमाले बन्धकी दिएको समेत मैले निखनेको छु वादीको उजुर झुठा हो भन्ने समेत जगतमायाको प्रतिवादी परेको यस मुद्दामा बुझिएसम्मका प्रमाणबाट खर्च नदिएकै ठहर्छ। यति खर्च दिने भन्ने नभएको हुनाले आयस्ता खर्च खुलाई नालेश दिएमा ठहरेबमोजिम

हुने भन्ने ०७।११।७।२ मा सुरू का.प. अदालतले र वादीले मुद्दा उजुर गरेको ठहरे ८।१।२४।१ मा अपिल दोश्रा ले इन्साफ सुरूको मनासिव गरी ०८।११।२९।४ मा प्रधान न्यायालय पहिला का.ई ले फैसला गरेको यस मुद्दामा म प्रतिवादी जगतमायाको वारेश राधाकृष्णलाल झालाई समेत राखी बुझ्दा हेरामायाले प्रतेवादी जगतमायालाई गरि दिएको लेखतमा वादीलाई खर्च दिनु भन्ने नलेखिएको भए पनि सो लेखतको किनारामा दाता मान कुमारीले दान गरी राखेको सेर पल्टमा दरिएको माटो मुरी ।६ बेचबिखन गरी खान पाउँदैन सो माथि साक्षी बस्ने हकवाल फुकीहरू राखी खुवाई जुगिभु ४ साल तिथी चलाई खानु नगरे पंच महापातक लाग्छ भने लेखिएको र वादी कृष्णबहादुरलाई गरिदिएको लेखतमा सालसालको क्रियाखर्च तिमी कृष्णबहादुरले गर्नु पर्दैन जो परेको तिथी श्राद्ध वर्ष दिनको क्रिया खर्च मेरा छोरीहरूले गर्लान् तिमीले दागबत्ती र सालसालको आफ्ना सन्तानले गरी दिनु सालसालको तिथी श्राद्ध गर्नलाई जो लागेको खर्च छोरी जगतमायाले गर्नु भन्ने समेत बोली परेको देखिएको एकै मितिको कागज देखिएको हुनाले समेत प्रेतवादी जगतमायाले सेर पल्टमा दरिएको माटोमुरी ।६ को आयस्ता वादी कृष्णबहादुर लाई दी हेरामायाको सालसालको तिथी श्राद्ध चलाउन लाउनु पर्नेदेखिएकोले सो बमोजिम दिनु पर्नेमा नदिएको ठहऱ्याई सुरू अदालतले छिनेको मनासिब गरी प्रधान न्यायालय पहिला फाँटले छिनेको इन्साफ मनासिब मुद्दा दोहोऱ्याएमा प्रतेवादी जगतमाया के सुरू डण्ड मो.रु.१ को हाकिमका नाउमा कराउनेका ११ नं. ले का रा १० ले मो रू १० पैसा डण्ड हुन्छ वारेस हुँदा असुल गर्ने भनी तहसिलमा लगत दिनु भनी मिसिल सुरू का.प.अदालतमा पठाउन मिसिल फाँटमा बुझाई दिनु।

इती सम्वत २००९ साल कार्तिक २० गते रोज ४ शुभम्।

**अभिलेख दर्ता नं.५ वर्ष २००९**
**रिट नं. १७/३७२**

निवेदक ऋषिराज जैसी बुद्दि सागर

मुद्दा : जालसाजी

श्री माननीय प्रधां न्यायाधीशबाट

यस्मा पश्चीम ३ ई जी कास्की कल्यांको मौजे श्री कुतान बस्ने वादी रीषीराम वणा जैसीको र ऐ ऐ बस्ने प्रतेवादी बुध्दी सागर वणा जैसी समेतको जगा जालसाजी मुद्दामा प्रतेवादी लोक बहादुर गुरुंको बाबु जीत बाहादुरका नाउँमा ९० सालको जाचमा ७१७ नं मा दर्ता भयको तल्लो भंने षेत मुरी ॥२२।५ नीज लोक बहादुरसँग सो घर दंण्डपानी र म स्मेत ३ जना मीली मोहो रु ५००। का दर्ले दुवै जगा ३ भाग लगाई लीदा पुर्वको ससीं घर लाई माजको दंण्डपानीलाई पश्चीं पट्टीको सो षेत र षरवारी पाषो स्मेत मलाई गरी पश्चीं पट्टीको षोल्सो र वाझो परषाल स्मेत ४ किला भीत्रको मेरो राजीनामा २००३।४।१५ मा रेजीटेसं पाश गरी षेत मुरी ।७।६।७ को लागेको तीरो रु।९९।१ तीरी सावीक देषी षर वारी आएको ठाँउमा षरवारी नै गरी भोगी आएको अवस्तामा डील र पषेरो देषी पश्चीम षोल्से र वाझो देषी पुर्व बाटो देषी दषीं तेर्सो कुलो देषी उत्तर यति ४ कीला भित्रको मेरो राजीनामा भयेको त्यस भित्रको जगालाई अर्कै अर्कै चीज देषाई ३ कित्ता जगा मोरु ४००। मा प्रतेवादी लोकबहादुर र राजीनामा गर्न प्रतिवादी बुध्दी सागर लिने भै २००३। ७।७ मा राजीटेसं पास गरी सकेपछी त्यै राजीनामाको जगा मध्येको मेरो राजीनामाको षर वारी गरी भोगेको तलो षेतका तीरा भीत्रको जगालाई भीर वारी भन्ने नाम राषी आफुले राजीनामा गरी लियेको कुरै गुंगरी हाल आवादीमा दर्ता गरी पाउँ भन्ने प्रतिवादी बुध्दी सागरको यका घरको भाई प्रतिवादी चतुराषरबाट पोषरा तहसीलमा ०६।४।४ मा द्रकास्त दीयछ र डोरमा लोक बहादुरले मलाई गरी दीयको राजीनामा देषाई मुष उजुर गर्दा

३५ दीं भीत्रै उजुर गर्नु भनी ०६।६।२८ मा मलाई कागज गराई डोर मुकां गयकाले उजुर गर्न आयेका छु प्रतेवादीहरुले जालसाज गरेको रजीटेसं पाशको दोहोरा राजीनामाको लेषत र षेतका तीरां भीत्र को पुरानो आवादी जगालाई हाल आवादीमा दर्ता गरी पाउँ भनी चतुराषरले पोषरा तहसीलमा दीयको द्रकास्त स्मेत बदर गरी पाउँ भन्ने वादी षर वारी गरी भोगी आयेको भनी वादीले दावी गरेका ४ कीला भीत्रको पाषो जगा र अरु २ कीता जगा समेत वादी भनाई बमोजीं लोक बहादुर सग पाश गराई ली सकेपछी ठाडो बाटोको साधले गर्दा लामेडाडा बड जगा भनी पछी फटाहरुले दुष देलां भंने आवादीमा दर्ता गरी पाउँ भनी पोषरा तहसीलमा द्रकास्त दीन पठायको र दीयको स्मेत हो जालसाजी गरेको हैन वादीले राजीनामा गरी लियका षेतको दर्ताको पश्चीं कीला बाझो भंन्ने लेषीयको पाषो श्री नीधीको वाक्षो छेउको कटरको रुष सीधाउधो भयकोमा चतुराषरको पोषरा तहसीलमा हाल आवादीमा द्रकास्त परी सकेपछी जगा वडी च्यापी पाउँ भंने यै विपक्ष ले स्वं बाटो भत्काई वादीले झुठ्ठा उजुर गरेको हो भंने बुध्दी सागर चतुराषर टेकनाथ गीरी दत्त र वादीले भीन्य लेषतको दर्ताको कीलामा पश्चीं पट्टीको कील्ला बाझो लेषीयको हुनाले स्व दर्ताको कीला सम्ममा वादीको षेतमा र स्व वाहेकको वादी दावी जगा हुनाले प्रतेवादी बुध्दीसागरका राजीनामा पनी साक्षी बसेको हु भंने हस्तवीर गुरुगंले प्रतेवादी नदी म्याद गुजारेकोमा षेत राजीनामा गरी लीने वादीले पाषो स्मेत हो भनी दावी गरेकोले स्मेत वादी दावी झुठ्ठा ठहर्छ चतुराषरका द्रकास्त बमोजीं हाल आवादीमा दर्ता गरी दींने भंन्ने स्मेत ठहराई श्री ३ सरकार तर्फ पोखरा अदालतले ०७।८।२३।६ मा स्वही ईन्साफ सदर गरी अपीलाट तेश्राफाट बाट ०७।१०।१८ मा प्रधां न्यायालय पैला फाट बाट ०८।१।१३।५ मा फैसला भयेकोमा चीत बुझेन भन्ने वादी रीषीरामको नीवेदन पत्रमा भयका आदेश बमोजीं प्रधां न्यायालय ठानं ५१८ मा दर्ता हुन आयकोमा यो मुद्दामा छलफल गरी बुझ्दा दर्तामा पश्चीं कील्ला बाँन्न भनी लेषेको र राजीनामामा पश्चीं वंन्नु र षोल्से भनी लेषियको स्व वांन्नु लोकबहादुर संगको न दा षेतको थियो भन्ने प्रतेवादी षवलाको छेउमा थियो भन्ने वादी भयकोमा मीसील सामेल

रहेको नक्साबाट कतै पनि बाटो नदेषीयकोमा ५ जना सरजमींले प्रतेवादी मीलान बकेपनी भोग तर्फ समेत कीटान गरी १९ जना सरजमींले वादी मीलान मुचुल्का लेषायेकोले धेरै जनाको भनाईलाई नै प्रतीत मान्नु पर्ने भै राजीनामामा लेषियको कीला नै सदर कायं मान्नु पर्ने र वादीको दाता कै पाला देषी षर वारी भोग गरेको सबुद प्रमाणबाट देषिन आयकोले स्मेत वादि रिषीरामले षेतको तीरो भित्रको वादी दावीको झगडा परेको जगालाई हस्तवीर लोकबहादुरहरुले दोहोरो लेषत गरी दियेको र स्व वादीको लेषतका तीरा भित्रको पुरै आवादी जगालाई हाल आवादीमा दर्ता गर्न पाउँ भन्ने चतुराषरले झुठ्ठा द्रकास्त दीयेको स्मेत ठहर्छ गलत इन्साफ गरेमा सुरु अपील प्रधां न्यायलये फैला फाट स्मेतका मानीसलाई झुठा जीकिर गरेमा प्रतेवादीहरु स्मेतलाई तपसीलका कलंमा तपसील बमोजीं गर्ने गरी अदालत तहसीलमा लगत दीयी मीसील अ त मीसील फाटमा बुझाई दीनु--

तपसील

वादी रीषी वारां जैसीके श्री ३ सरकार तर्फ पोखरा अदालतबाट ०७।८।३।६ का फैसलाले हक नपुग्ने जगामा दावी गरेको भनी जगा मीच्नेको १३ नं ले रु ५। र राजीनामा जालसाजी भनेमा कृर्ते कागजका १३ ।२२ नं. ले रु २।५० स्मेत जगा सुरु दंण्ड रु ७।५० र स्व अडा उपर अपील गर्दा अपील तेश्राका ७।१०।१८ का फैसलाले गर्ने गरेको दसौद रु.।७५ र स्व अडाउपर अपील गर्दा प्रधां न्यायालय पैलाका ०८।१।१३।५ का फैसलाले गर्ने गरेको वीसौद रु. ।३८ स्मेत जम्मा दंण्ड मोहो रु ८।६३ लाग्ने गरेकोमा माथी ईन्साफ षण्डमा लेषिय बमोजीं यी दंण्ड नलाग्ने भयकोले जगा मीच्नेकं २० नं. ले लागने जीताउउरी मोहो रु १।– यक कट्टी गरी मोहोरु ७।६३ अैं सवालको रीत पुऱ्याई फेर्ता दीनु .....

देहायक सरजमीं १९ के श्री ३ सरकार पोषरा अदालतका ०७।८।३।६ का फैसलाले गरेको मोह रु १। यक रुपैञाका दर्ले गर्ने गरेको दंण्ड नलाग्ने भयकाले असुल भै सकेको भये फेर्ता र नभये वेहोरा जनाई लगत काटी दीनु ---------

कास्की श्रीकुतानृ बस्ने लाल बहादुर वाणां जैसी-----------------------१

ऐ.ऐ. बस्ने भवु वणां ऐ -----------------------------------------------१
ऐ.ऐ. बस्ने गुरुद्त वणां ऐ. --------------------------------------------१
ऐ.ऐ. बस्ने बैजनाथ वणां ऐ--------------------------------------------१
ऐ.ऐ. बस्ने भुवं सीं गोतामे---------------------------------------------१
ऐ.ऐ. बस्ने दीनाषर सुवेदी जैसी----------------------------------------१
ऐ.ऐ. बस्ने मारकानेडं वणां जैसी---------------------------------------१
ऐ.ऐ. बस्ने भवानी वणां जैसी ------------------------------------------१
ऐ.ऐ. बस्ने भवदत्त वणां जैसी-------------------------------------------१

कास्की श्रीकुतान बस्ने ससीधर वणां जैसी------------------------------१
ऐ.ऐ बस्ने श्री कृष्ण वणां ए ---------------------------------------------१
ऐ.ऐ बस्ने भवीश्वर वणां ऐ ऐ.ऐ-----------------------------------------१
बस्ने दंणरडपानी वणां ऐ--------------------------------------------१
ऐ.ऐ बस्ने टीकाराम ऐ.ऐ-----------------------------------------------१
ऐ.ऐ बस्ने मनभद्र वणां जैसी--------------------------------------------१
ऐ.ऐ बस्ने राधाकृष्णा ऐ. ऐ---------------------------------------------१
ऐ.ऐ बस्ने भानुभक्त वणां जैसी-----------------------------------------१
ऐ.ऐ बस्ने सुभाषर वणां जैसी-------------------------------------------१
ऐ.ऐ बस्ने विश्वनाथ वणां जैसी-----------------------------------------१

श्री ३ सरकार तर्फ पोषरा अदालतका ०७।८।३।६ का फैसलाले पश्चीं ३ नं. जी कास्की फत्यांङकोट मध्ये श्रीकुतान बस्ने प्रतेवादी चतुराषर वणां जैसीका नाउमा म्याद तां गर्ने गरेको वाटोको आडको डिल देषि पश्चीं लाल बहादुर का षेतमा नीस्कने जाने पुछारको कुलादेषि उत्तर अधेरे षोला देषी पुर्व यती ४ कीला भीत्रको भीर वारी भंन्ने जगा नीज चतुराषरका नाउमा दर्ता नहुने भै वादीकै षेतका तीरा भीत्रको ठहरेकोले दर्ता भयेको भये व्यहोरा जनाई लगत काटी दीन पोषरा तहसीललाई लेषोट गरी दीनु-१

पश्चीं ३ नं. कास्की कुतान लामीडाडा बस्ने प्रतेवादी लोकबहदुर

गुरुंके दोहोरा लेषत गरी दियमा साहु आसामीका २९ नं. ले झगडा परेका जगाको दामासाहीमा असुलने वीगो रु.१००।– को बमोजीं दंण्ड रु. १००।– यक सये रुपैया दंण्ड हुन्छ बेरुजु हुदा लगत कसी असुल गर्नु ---१

ऐ.ऐ बस्ने हस्तवीर गुरुं के जानी जानी दोहोरो साक्षी वसेमा कृर्ते कागजका १६ नं. ले रु १०।१।२ रुपैया दंण्ड गर्नु बेरुजु हुदा ऐ.ऐ.

देहायका प्रतेवादीके प्रतेवादी बुध्दी सागरको लेषतमा साछी वसी जालसाज गरे वापत कृर्ते कागजका २० नं. ले मोरु ५। पाच रुपैञाका दर्ले दंण्ड गर्नु वारीस हुदा लगत कसी असुल गर्नु ------------------------------१

पं.३ नं. जी. कास्की मौ श्रीकुतान बस्ने गीरीदत्त वणां जैसी ----१

ऐ उषुवारी बस्ने टेकनाथ ढुंगाना जैसी ------------------------------------१

झुट्ठा बक्ने देहायका सरजमींका ५ के अ.वं. २०३ नं. ले तजबीजी मोरु १। येक रुपैयाका दर्ले जरीवाना गर्नु वेरुजु हुदा लगत कसी असुल गर्नु ------१

प ३नं. कास्की भीर कोट बस्ने टीकारम वणां जैसी ----------------------१

ऐ.ऐ बस्ने फत्ते दमाई ------------------------------------------------------१

ऐ.ऐ. बस्ने दलवीर सार्की ------------------------------------------------१

पं. ३नं. कास्की भीर कोट बस्ने स्यामे सार्की

ऐ.ऐ. बस्ने कृसने सार्की--------------------------------------------------१

देहायका प्रतेवादीके माथी ईन्साफ षन्डमा लेषिय बमोजीं हक नपुग्ने जगामा हक गराउन षोजे वापत कृते कागजका २० नं. ले जनही मो रु ११ एघार रुपैञाका दरले दंण्ड गर्नु पर्नेमा दंण्डमा निजहरुलाई ३ नं. पो अ. का ७।८।३।६ का फैसलाले लीने गरेको रु १।– यक रुपैञाका दरले सलामी कट्टी गरी बाकी रु १० दस रुपैया दर्ले बेरुजु हुदा लगत कसी असुल गर्नु --------------------------------------------------------------------१

पं.३ नं. फल्याडकोट श्रीकुतान ऐ.ऐ. बस्ने बुध्दीसागर वणां जैसी रुजु हुदा असुल गर्ने ---------------------------------------------------------------१

ऐ.ऐ. बस्ने चतुराषर वणां जैसी वेरुजु हुदा लगत कसरी असुल गर्ने ------१

देहायका अड्डाका देहायका मानीसलाई उल्टीमा जरीवाना गर्नु पर्दैन ।

श्री ३ स.त.पो. अ. काडी संकर मां अमात्ये ---------------------१
तेश्राका ष. दोगराज उपाध्या ------------------------------------१
प्र.चा. मै का.मु. सौंदर्य केसरी ------------------------------------१
ऐ.का. वि. दिवनाथ ----------------------------------------------१
अ. तेश्राका सु. देवप्रसाद पध्या ----------------------------------१
ऐ. का वी रघुनाथउपाध्या ----------------------------------------१
प्र पैथा ष. अस्ष मां ----------------------------------------------१

ईति सम्वत २००९ साल पौष ४ गते रोज ५ शुभं ।

**अभिलेख दर्ता नं.६ वर्ष २००९**
**देवानी पु.नं ३९/१७२**

नेपाल प्रधान न्यायालय सिंगल बेन्च
मुद्दा नं १७२

अपिलाट – प्रतिवादी नारायण देवी श्रेष्ठनी का.इ टेबहालनछे
विपक्ष- बादी तिल कुमारी पाध्यायनी का.इ ताहाचल

मुद्दा : बहाल भराइ घरचलन चलाइ पाँउ

ईजलाश ८
श्री माननीय न्यायाधीश महेन्द्र बहादुर महत क्षेत्री

फैसला

यसमा अपिल तेस्रा फाँटले हद मुनी गरी फैसला गरेमा चित्त बुझेन इन्साफ दोह्रोराइ पाँउ भन्ने प्रतिवादीको निवेदन पत्रमा भएको आदेश बमोजिम ठाडोमा दर्ता भएवाट अपिलाठको वारेश ऋद्धिमान श्रेष्ठ लाइ राखी मिसिल हेर्दा प्रतिवादीले म संग मोहरू रूपैया २९०२। कर्जा लिइ २००५/६/२२ मा घर भोक बन्धकी पास गरी दिइ सोहि घरको बर्ष १ को मोहरू २५०। बहाल बुझाउने कबुलियत गरी निज बसी आएकोमा बर्ष दिन पुगेपछि पनि बहाल नबुझाएकिले बहाल मोह रू ३१२.५०। भराइ घरवाट उठाइ पाँउ भन्ने बादी बर्ष दिनको बहाल बुझाएकी छु वाँकी बहाल बुझाउन मन्जुर छु भन्ने प्रतिवादी बहाल बुझाएको निस्सा नहुदा बादी दावी वमोजिम बहालः भराइदिने ठह्राइ राका देवानी दोस्रा फाँटले र सो सदर गरी अपिल तेस्रा फाँटले फैसला गरेकोमा बहाल बुझाउने लिखत गरी बस्नेले बहाल बुझाएकिभए लिखत लिन र पेश गर्नुपर्नेमा बुझाय भन्ने मुखैको जिकिर का भरमा बहाल बुझाएकी नठहर्ने हुदा सुरू र अपिल तेस्रा फाँटको इन्साफ

मनासिव छ दोह्रायकोमा कोर्ट फि सवाल वमोजिम सुरू अदालतमा मो.रू १६०.७२ धरौट राखी वादी दायर गरायकी हुँदा हाकिमका कराउनेका नाँउमा भराउनेको ११ नं ले त्यसको दसौद मो रू १६.७। सोह्र रूपैया सात पैसा थप डंड हुन्छ वारेश राखी रूजु नहुदा ऐन बमोजिम असुल गर्नु भनी अत देवानी फाँटमा लगत दिइ मिसिल मिसिल फाँटमा बुझाइदिनु

न्यायाधिश

इति सं २००९साल पौष १५ गते रोज शुभम्।

**अभिलेख दर्ता नं.७ वर्ष २००९**
**९२/१०७८**

प्रधान् न्यायालय डिभिजन बेन्च
मुद्दा नं १०७८

अपिलाट राधिका तिवारनी जैसीनी पं ३ नं जील्लै कास्की मौजे तल्ला कोट मध्य उपल्ला काभ्रे

वि. देविलाल तिवारी जैसी पं ३ नं जल्लै कास्की मौजे तल्ला कोट मध्य उपल्ला काभ्रे

मुद्दा : जग्गा खिचोला

इजलास
श्रीमान् नि.प्र. न्यायाधीश प्रदिप्त मान्यवर नेपाल तारा ले.ज.प्रकाश शमशेर ज.ब.रा. ज्यू
श्री माननीय न्यायाधीश भैरबराज पन्त उपाध्याय ज्यू

फैसला

प्रधान् न्यायालयमा परेको यो मामीला यस डिभिजन बेन्चबाट हेर्दा,

तिरो रू १७/१९। को ठूलो खेत /४३/२/४ तिरो रू /७०/२ को टार खेत /८/६ समेत मेरा लोग्ने प्रजापतीको नाउमा दर्ता भै भोगी आएको ०३/१/१० मा प्रतिवादी लीलाधरले खनजोत खिचोला गरे खिचोला मेटाइपाँउ भन्ने ०३/२/१० को वादी रहेछ।

वादी दावीको जग्गा वादीको लोग्ने प्रजापतीको १ भाग र महेश्वर देवीलाल समेतको २ भाग अंश भै वादीको भाग निजको लोग्ने ले

दाताराम संग ८१/१२/४ मा मो.रू २५० र निजको छोरा विष्णु प्रसाद शर्मा ९३/९/१६ मा मो. रू ३० थप लिइ भोग बन्धक दिएकोले मैले भोग लिइएको पचासे खेत विष्णु प्रसाद लाइ सट्टा दिइ सो खेत मैले भोगेको छु भन्ने लीलाधरको ०३/६/२७ को प्रति उत्तर रहेछ।

वादी दावीको २कित्ता खेत ९० सालको जाँचमा वादीको लोग्ने का नाँउमा दर्ता भएतापनि वाजे रामचन्द्रको पार्वता र उमा दुइ स्वास्नी भै जेठी पार्वताको छोरो मेराबाजे पदमलाल र कान्छी उमाको छोरो बादीको लोग्नेको वाजे हरिलाल दुइभाइ भिन्न हुँदा ठुलो खेत /२८/१५। र टार खेत ६/१५ समेत मेरो अंश पाएको जग्गा हुनाले भोगचलन गरी खाइआएको छु वादीको एकलौटी हक होइन भन्ने पेटवोलीवाट बुझिएको देविलालको ०३/१०/३ को बयान रहेछ वादीको लोग्ने प्रजापतीले ठुलो खेत /७/७/३ वाबु दाता लाइ ८१ सालमा मो रू २५० मा र पछि ९३ सालमा म संग मोरू ३० थप समेत लिइ भोग बन्धकमै दिइराखेकोले सो खेत र लीलाधरले नरहरी वाट भोग बन्धक लिइएको पचासे भन्ने खेत सट्टा पट्टा गरी खाइ आएका छौ एकलौटी हक भन्ने बादी झुटा हो भन्ने पेटवोली वाट बुझिएको विष्णु प्रसादको ०३/१११२१/३ को बयान रहेछ महेश्वरले म्याद गुजारेको र गोश्वारा हक लाग्ने भया कागज हुनु पर्ने नभएकोले दर्ता बमोजिम जग्गा मा बादीको हक देखिनाले बन्धकी बाहेकको जग्गा प्रतेवादीले खिचोला गरेको ठहर्छ भन्ने ०४/८/५/५ को श्री ३ स.पोखरा अदालतको फैसला रहेछ।

दर्तावाला प्रजापतिले दर्ताको हक छाडी ९३/१२/११ गते मञ्जुरी कागज गरिदिएको छ भन्ने प्र.देविलालले अपिलमा पेश गरेको कागज किर्ते भन्ने वादी राधिकाको बयान भै जाँच गराउदा सहिछाप मिल्छ भने मास्टरले लेखिदिएपनी दर्ताको हक छोडेको लिखत पास नभएको ले इन्साफ सुरू अदालतको मनासिव ठहर्छ भन्ने अपिल पहिलाको ०६/१२/१७ को फैसला रहेछ

वादी राधिका को लोग्ने प्रजापतीले गरीदिएको ९३/१२/११ गतेका छोडपत्र बमोजिमका जग्गा प्रते वादी देवीलालले भोगगर्न पाउने ठहर्छ सोहिबखत पास नभएकोले जाहेर गरेका छौ भन्ने ०७/९/२७/५ को प्रधान

न्यायालय पहिला फाँटले गरेको जाहेरी फैसलाको शिरमा ईन्साफ प्रधान न्यायालय पहिला फाँटको मनासिव भन्ने ०८/१/५/४ को का मु.प्रधान न्यायाधीशको तोक फैसला रहेछ।

ईन्साफ जाँचीपाँउ भन्ने राधिका तिवारनी को तो.नं ५२३३ को निवेदनमा ०८ सालमा छिनिएको रहेछ भन्ने मिसिल झिकी इन्साफ जाँची ऐन सवाल वमोजिम गर्नु भन्ने श्री माननीय प्रधान न्यायाधीश जी को ०८/१०/४/६ को आदेश रहेको छ यस डिभिजन बेन्च बाट तारेखमा रहेका वादी राधिका, प्र.देविलाल लाइ राखी छलफल निर्णय हुँदा तल लेखिए बमोजिम ठह्रायो। देवीलाल समेतको अंशको जग्गा भए ९० सालको जाँचमा प्रजापतीको नाउमा मात्र दर्ता गराउन नपर्ने।

गोश्वारा हक लाग्ने जग्गा भए गोश्वारी कागज हुनु पर्ने सो नभएको भन्ने बुँदा लगाइ सुरूले फैसला गरेपछि मेरो नाँउमा दर्ता भएपनी तिमीसमेतको हक जग्गा हुनाले आफ्नो आफ्नो अंश जग्गा भोग गर्नु भन्ने प्रजापतीले गरिदिएको भनी अपिलमा मात्र देवीलाल ले पेश गरेको कागज वादीको लोग्ने प्रजापतीले जग्गा दर्तागराई भोग तिरो गरेको तीनवर्ष पछी /९३/१२/११ मा भएको कागज पेश भएको पनि नदेखिएको।

सो कागजको मुद्दा पर्नु भन्दा दश वर्ष अगाडीको देखिएको र श्री माननीय प्रधान न्यायाधीशका ०९/१/२५/४ का आदेश बमोजिम सर्जिमिन बुझिदा झगडा परेको जग्गा १ भाग वादीको र २ भाग प्रतिवादीको अंशभाग भन्ने बेहोरा धेरै जसो सर्जिमिनको लेखाइ भएको सो बमोजिम देविलालले जग्गा भोगेको भए साल सालमा तिरो तिरेको रसिद पेश गर्न सक्नु पर्नेमा अरू सालको रसिद छ भन्न र पेश गर्न नसकेको २००३/२००४ साल वर्ष २को रसिद नक्कल सम्म पेश गरेको देखिएको छलफलमा सक्कल रसिद हेर्न माग्दा हरायो भनी देखाउन नसकरेकोले निजले तिरो भरो गरेको नदेखिने।

तिरो तिरेको रसिद सबुत बेगर देवीलालले सो जग्गा भोग गरेको रहेछ भनी ठह्राउन मुनासिव नपर्ने भै तिरो र भोग कायम हुन नआयकोले ९३/१२/११ को कागज बाट देवीलालको जग्गामा दावी पुग्न नसक्ने।

९० सालको जाँचमा वादीको लोग्नेले जग्गा दर्ता गराइ दर्ता बमोजिम जग्गा भोग गरी तिरो भरो गरेको रसिद प्रमाणहरू देखिएको हुँदा प्रधान न्यायालय पहिला र का.मु श्री प्र.न्यायाधीशले गरेको ईन्साफ ठिक गरेको नदेखिएको ले समेत दर्ता बमोजिम जग्गा वादीको हक ठहाइअपिल पहिलाले ०६/१२/१७ मा छिनेको इन्साफ मनासिव ठहर्छ।

सुरु अदालत रअपिलका फैसलाले लिने गरेको दण्ड जरिमाना जितौरी यशोगर्नु भन्ने प्रधान न्यायालयको पहिलाको फसलामा केहि नलेखि अपिलले दिएको लगत कायम नै हुदा अपिल उपर न्यायालयमा अपिल गररेमा प्र.देवीलाल लाइ सुरु दण्ड मोरु .१ को कागजका १० नं ले सयकडा ५ ले रु /५ दण्ड हुनेमा र ।।।। ४पैसा लिनु पर्दैन मो रु /१ पैसा मात्र लिनु रूजु हुदा ऐन बमोजिम तहसिलमा लगत दिनु।

ईन्साफ उल्टिमा प्रधान न्यायालय पहिला सदर मामिला निकाशी समेतलाइ केहि गर्नु पर्दैन।

यो मिसिल रोक्का वाली ऐन बमोजिम फुकुवा दिन समेत जिल्ला अदालतमा पठाउन अदालत तहसिल मिसिल फाँटमा वुझाइदिनु।

भैरब राज पन्त
न्यायाधीश

न्यायाधीश
प्रकाश शमशेर

इति सम्वत २००९ पौष २५गते रोज ५ शुभम्।

**अभिलेख दर्ता नं.९ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट नं.२४/५८५**

प्रधान न्यायालय डिभीजं बेञ्च
मुद्दा द.नं.५८५

अपिलाट : प्रतिवादी पहुनी थरुनी जि बुटोल परासी तप्पे जवा मौजे जमुवाद जमिहाल महुवारी

विपक्ष : वादी विसुकी थारु
ऐ.ऐ.

मुद्दा : अंश

इजलास
श्री माननीय प्रधान न्यायाधीश हरि प्रसाद प्रधानज्यू
श्री माननीय न्यायाधीश महेन्द्र बहादुर महतज्यू

फैसला

यसमा ०७।१०।११।४ को खड्ग निसाना उपर चित्त बुझेन मुद्दा दोहोराइ पांउ भंने स्मेत व्यहोराको अपिलाटको विंति पत्रमा इनसाफ जाचने स्मेत व्यहोराको ०८।७।६।३ का आदेश वमोजिं मुद्दा डाएर भएकोमा ०८।७।१९ मा निज अपिलाटको वारेस हर्ष वहादुरको तारेख टुटाइ दिएकोले १५ दिं भित्र हाजीर हुन आउनू भनी पछी प्रधान न्यायालयबाट म्याद जारी गरि पठाएको ०९।५।२६ मा अपिलाट आफैले वुझेको देखिएको र म्याद भित्र हाजीर हुन आउनू पर्नेमा आजसम्म हाजिर हुन आएको मिसलवाट नदेखिएकोले खड्ग निसाना उपरको अपिलाटको उजूरी डिसमिस हुन्छ । अपिलाटले मुद्दा दोहोराएकाले इनसाफ खड्ग निसानाको सदर भएमा सुरू डंड प्रधान न्यायालय चौथा फाटवाट नगरेकाले डंड १ डंड

लागनेमा डीसमिस गराउकोले तेसको सेक्रा ५ ले डंड ९।॥१ डंड लागछ निज अपिलाट रुजु नहुंदा असुल गर्नालाई अ.त.दे.मा लगत दिइ मिसिल इलाका अमिनीमा पठाउन अ.त. मिसील फाटमा वुझाइ दिनू।

महेन्द्र बहादुर
न्यायाधीश

हरिप्रसाद
प्रधान न्यायाधीश

इति सम्वत् २००९ साल माघ २ गते रोज ५ सुभम्।

**अभिलेख दर्ता नं.१० वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट नं.१२/५२४**

नेपाल प्रधां न्यायालय डीवीज्यं व्यैञ्ज
दा.नं.५२४

मुद्दा वंन्धकी जगानी षन्याई पाउँ

अपीलाट वादी : पूर्णा बाहादुर पुं मगर वागलुं पर्वत् भुजीलामा चौर
लाल सीं पुं मगर ऐ.ऐ.-१
गर्भे पुं मगर ऐ.ऐ.-१

वीपक्ष्य : नर बाहादुर वुढा मगर वागलुङ पर्वत् मौ भुजी दोगाडी -१
आसे वुढा मगर ऐ.ऐ.-१
म क वीरे वुढा मगर ऐ.ऐ.-१
मन्देउ कुमाइ मत वाला ऐ-१
पाचथर पोवा-१
प्रसाद अडै ऐ.ऐ.-१

इजलास
श्री माननीय प्रधां न्यायाधीश हरि प्रसाद प्रधां एम ए विएल
श्री माननीय न्यायाधीश महेन्द्र बहादुर

फैसला

यु नरबाहादुर वुढामगर स्मेत सगको भोग वंन्धकी जगा नीषन्याई पाउँ भन्ने मुद्दामा प्रधां न्यायालये पैला फाटके २००७।१२।१३ मा मलाई हराई गरेको फैसलामा चीत्त वुझेन ईन्साफ जाँची पाउँ भनी आफना हकमा स्मेत पूर्णा वाहादुर पुं मगरले दीयको नीवेदन पत्रमा भयका आदेस् वमोजिं

आफना हकमा स्मेत पूर्णा वाहानुरले दीयको २००९।७।१ गतेको तारेष गुजारेको थमा ल्यायको र अर्जी षवर गरेको स्मेत मीसीलवाट नदेषीयकाले स्मेत अ.वं.२२६ नं वमोजी् यो ऊजुरी डीस्मीस् गरी डीस्मीस् गरायेमा ऊजुरवालाहरूलाई ईन्साफ सदर भयमा हा.का.११ नं. ले सुरु दण्डको दसौदको अवं २२८ नं ले लाग्ने सैक्रा ५ ले रु।१ लाल सिं पुं मगरके सुरु दंण्ड रू।५० को दसोद रु।५ को कैक्रा ५ ले रु।१ गर्भे पुं मगरके सुरु दंण्ड रु १। को दसौद रू।१० को सैक्रा ५ ले रु।१ यक पैसाका दर्ले जनही दंण्ड गर्नु जनइ वमोजिं देवानी तहसीलमा लगत् दीयी मीसील उक्त मीसिल फाटमा वुझाई दीनु।

| | |
|---|---|
| महेन्द्र बहादुर | हरिप्रसाद |
| न्यायाधीश | प्रधां न्यायाधीश |

इति सम्वत् २००९ साल माघ २ गते रोज ५ सुभं।

**अभिलेख दर्ता नं.११ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट नं.१५/७१३**

नेपाल प्रधां न्यायालय डीवीज्यं व्यैञ्ज
दा.नं.७१३

मुद्दा जगा धं माल

अपीलाट प्रतेवादी : गोषुल साह हलुवाई प्र. को मौ कुर्था गुरमिया-१
महावीर साहु हलुवाई ऐ-१
हरि साहु हलुवाई ऐ-१
नथुनी साहु हलुवाई ऐ-१
दशरथ साहु ऐ ऐ-१
शिव शंकर साहु ऐ-१
राम असिस साहु ऐ-१

वीपक्ष्य : चनीया जोगीनी प्र को मौजा कुर्था-

इजलास
श्री माननीय प्रधां न्यायाधीश हरि प्रसाद प्रधां एम ए विएल
श्री माननीय न्यायाधीश महेन्द्रबाहादुर......

फैसला

वादी चनिया जोगिनी सगको जगा धंमाल मुद्दामा कायं मुकायं प्रधां न्यायाधीश मे.क. वल्लभ सम्शेर जंङ्ग वाहादुर राणाले ०८।२।१५।३ मा फैसला गरेको इन्साफमा चित्त वुझेन भंन्ये गोषुल साहु हलुवाई स्मेतको निवेदन पत्रमा भयका आदेश वमोजिं आफ्नो हकमा स्मेत तारेष लिने राम असिस साहु हलुवाईले लियको २००९।७।१० गतेको तारेषमा हाजिर नभै

गुजारेको अर्जि षवर गरेको र थामी ल्यायको स्मेत मिसिलवाट नदेखियकाले अ.व.२२६ नं वमोजिं यो ऊजुरी डिसमिस गरी दिनु डिसमिस गराये वापत उजुरवालाहरूलाई अ.वं.२२८ नं ले शुरु दंण्डको इन्साफ सदर भयमा हा.का ११ नं ले हुने दशौंको सैक्रा ५ का दरले दंण्ड लाग्ने हुदा गोषुल साहु हलुवाईले शुरु दंण्ड कं रु५ को दशौद कं रु ॥ को सैक्रा ५ कं रु ५।३ यक पैसा तिं दान प्रभु साह हलुवाई दशरथ साहु हलुवाई माहावीर साहु हलुवाई हरि साहु हलुवाई नकुनी साहु हलुवाई शिवशंकर साहु हलुवाई राम असिस साहु हलुवाई स्मेत ज्वां ७ के शुरु दंण्ड भयको नदेखियकाले इन्साफ सदर भयमा तजविजी कं रु १ यक रूपैयाका दरले दंण्ड लागनेमा तेस्को सैक्रा ५ ले जनही कं रु ३॥।२ तीन पैसा दुई दामका दर्ले दंण्ड गर्नु सनद वमोजिं लगत दि मिसिल अन्त मिसिल फाटमा वुझाई दिनु।

न्यायाधीश प्रधां न्यायाधीश

इति सम्वत् २००९ साल माघ २ गते रोज ५ शुभं।

**अभिलेख दर्ता नं.१२ वर्ष २००९**
**संवत् २००९ को दे/१८/८२६**

नेपाल प्रधां न्यायालय डि वी ज्यें व्यां ञ्च
द.नं.८२६

मुद्दा – लिखत गराई पाउँ

अपीलाट वादी : लाल वीहारी कन्ठ कायस्त जी.स.प्र.अ.षेश्राहा

विपक्ष : धनराज तेली जी.स.प्र.अ.सी.मौ.षेश्रा-१
नागा साहु तेली ऐ.ऐ.-१ रघुवर राउत ग्वार ऐ.-१

ईजलास
श्रीमान नीय न्यायाधीश हरी प्रसाद प्रधां एम.ए.वी.एल.
श्रीमान नीय न्याया धीश महेन्द्र बहादुर महत छेत्री

फैसला

धनराज् तेली समेत सगको लेषत गराई पाउँ भंन्ने मुद्दामा सदर मामीला नीकसारी बक्यौता दोश्रा बाट लियाको ०६।४।२१ गतेको दोश्रा पटकको तारेख भुलपरी गुज्रेकाले १५ दीं भीत्रै हुलाक द्वारा विंन्ती पत्र हालदा थामीने तोक भयपछी ००६।५।१० गते डीस मीस गरी दीयकाले स्व डीस मीस जगाई पाउ भनी वींन्ती पत्र दीदा प्रमांङ्गी बमोजिम कारवाइ चलेकोमा आषीरी डीस मीस भएको मुनासीव गरी ०७।७।२८ गते स्वही अडा बाट पर्चा गरेको हुदा इन्साफ पाइन स्व डीस मीस जगाई इन्साफ पाउ भनि लाल विहारी कन्ठ कायस्थको निवेदन पत्र मा भयका आदेस बमोजिं लाल विहारीको वा सीवनारायण ग्वारले लीयको ०९।७।७ गतेको तारेख गुजारेको र थमाई ल्योयको समेत मीसील बाट न देषी यकाले अ.बं.२२६

नं बमोजिं यो उँजुरी डीस् मीस् गरी दिनु डीस् मीस् गराये बापत उँजुर वाला लाल वीहारी कन्ठ कायस्तको सुरू दंण्ड कं.रू.५ को इन्साफ सदर भयमा हा.का.११ नं. ले हुने दंण्ड कं.रू.॥ को अ.बं. २२८ नं. ले तेस्को पनि सैक्रा ५ कं.रू.९।३ यक पैसा तीं दाम दंण्ड गर्नु सदन बमोजिम लगत दी मीसील अ.व.मीसील फाटमा बुझाई दिनु।

| | |
|---|---|
| महेन्द्र बहादुर | हरि प्रसाद |
| न्यायाधीस् | प्रधां न्याया धीश |

इतिसम्वत २००९ साल माघ २ गते रोज ५ सुभं।

**अभिलेख दर्ता नं.१३ वर्ष २००९**
**१४/९३१**

प्रधां न्यालये डी वी ज्यं वेन्च
मुद्दा नम्वर ९३१

अपिलाट श्री लाल सीवाकोटी पूर्व २ नं सुंषानी चौधरा..१

विपक्षी सु .कृष्ण लाल सीवाकोटी पूर्व २ नं सुषानी चौधरा..१

मुद्दा :- जग्गा वाली लुटपिट

इजलास
श्री माननीय प्रधां न्यायाधीश हरी प्रसाद ज्यू
श्री माननीय न्यायाधीश महेन्द्र वाहादुर ज्यू

फैसला

सुवेदार कृष्णलाल सीवाकोटी संगको जग्गा वाली लुटपिट मुद्दामा प्रधां न्यालये बक्यौता फाटले २००७ साल मार्ग ६ गते हराई फैसला गरेमा चीत्त वुझेन ईन्साफ जाचो पाँउ भन्ने श्रीलाल सीवाकोटीले दीयको निवेदन मत्रमा मधेका आदेश वमोजिं मीसील झीकाउँदा आन्दोलनमा परी मीसील जलीसकेको भन्ने ईलाका अदालतका जवाफ वाट देषीयकाले आदेश वमोजिं इलाका अदालत मारफत दुवै थर झगडीया झिकाई मीसील षडा गरी आयको मीसलमा सु कृष्णलाल को वा रत्न प्रसादले र श्री लाल सीवाकोटी ले लिएको २००९ साल मार्ग ५ गते को तारेष दुवै थरले गुजारेको थमाइ ल्याएको समेत मिसिलवाट नदेषीयकाले समेत अ.वं.२२६नं वमोजिं यो उजुरी डीस मीस गरी दिनु डिस मीस गरी दिनु डिसमीस गरायमा उजुरवाला श्रीलाल सीवाकोटीके इन्साफ सदर भयमा

सुरू दैराड रु २/१३ को हा.का ११नं ले दसौद रु।२२ पैसा दराड हुनेमा अ.वं २२८ नं ले तेसका पनि सैक्रा ५ ले।१।२ यक पैसा दुई दाम दण्ड हुन्छ सनद वमोजिं अदालत तहसीलमा लगत दी मीसील अ त मीसील फाटमा वुझाई दिनु।

हरी प्रसाद
प्रधान न्यायाधीश

महेन्द्र वहादुर
न्यायाधीश

इतिसम्वत २००९साल माघ २ गते रोज ५ शुभम्।

**अभिलेख दर्ता नं.१४ वर्ष २००९**

प्रधां न्यायालय डिभिजं बेन्च
मुद्दा नं ७१३

अपिलाट – दशरथ चौलागायी जैसि पूर्व १नं सिं पां थुं सिन्धु मौजे झाक्रिगाउँ खाल्डे.....................................................................१

विपक्ष – सुर्जेमांन डंगोल साँखु चलाखु टोल .................................१
भक्तमान डंगोल ऐ.ऐ...................................................................१
बुधेतामाङ्ग पूर्व १ नं सि.पा.ई थुं सिन्धु मौजे झाक्री गाँउ ..................१
हर्खे तामाङ्ग ऐ.ऐ.......................................................................१
सानु कामी सिंतमाङ् ऐ.ऐ............................................................१

मुद्दा :- लेंदें करकाप

श्रीमाननिय प्रधां न्यायाधिस हरीप्रसाद प्रधां एम .ए. बि. एल.
श्री माननिय न्यायाधिस गजेन्द्रबहादुर मल्ल क्षेत्री

फैसला

प्रतेवादी वुधे सानु कामि सिङ् हर्खे तमाङस्मेतले २००२ साल मार्ग ३ गते रु ६८+६८/ को ३ कित्ता र ऐं ६ गते रु ९९+९९ / को ३ कित्ता स्मेत सुर्जेमान डंगोलको न्हेडिक थैली तिरी खानु भनी मलाई गड्गे टार खेतको जम्मा ६ कित्ताराजीनामा लेखि दीयकोले ०३ साल मार्ग ८ गतेका दिन जिज असामी वुधेका घरमा न्हेडीक थैली मो रु ३००। म संग वुझिली निज सुर्जेमानस्मेत भै दरपिठ भनी ६ थां कागजमा सहिछाप गराई ९ जनाले समाती अरु नलेखेको कागजमास्मेत वलजफत करकाप संग सहिछाप गराइ लिये –सो कागज वदरगरी फट्टा दिलाईपाँउ भन्ने दसरथ

चौलागायीको ०३/४/२०/५ को वादी रहेछ।

यो वादीले सूर्जेमानको न्हेडीक तिरी मोरु २००। पछी थप दी रीत पुर्वक राजिष्टेसं पास गराई लीने भनि सो नभय संम लाई घरायेसको लिखत कित्ता कित्तामा हाम्रो सहिछाप गराई ली सो वमोजीं नगरे मो रु २००।– मा दावा गर्ने छैन भनी भर्पाइस्मेत गरी दीयेकोमा पछी म्याद नाघेको साहु तिर्न पर्दैन तीमी हरुको रु२००।– मौज्दात भयेमा दी पार गराउँला भनी वेदांमा जगा खाने वेईमानी कुरा गरेकाले साहु सूर्जेमानसंग थप रुपैया ली राजीनामा पास गरी दीएकाले वादीको रुपैञा बुझायेको र करकापसंग कागज गरायेकोस्मेत कौनै कुरा होइन भन्ने वुधे सानु कामी सिं ,हर्खे तमाङ्स्मेतको ०३/६/७/२ को प्रतेवादी रहेछ।

वादीसंग मोरु ३००। बुझि लीएको छैन करकाप जाल झुक्यां पारी कागज गरायेको पनि होईन अघीको वंधकि माथी थपली मो रु ४८३/५० मा सो गङ्गे.टार खेत वुधे तमाङ्ले म सुर्जेमां का नाउँमा राजिनामा गरी ०३ साल जेष्ठ ३० गते रजिष्टेसं पाससमेत गरी दियेकोले भोगेको छु वादीले पेस गरेका लीखत निज र असामी मीली गरेका नकरा हुन भन्ने सुर्जेमां भक्त मां अम्वर मां डंगोलस्मेतले ०३/६/७ /२ को प्रतिउँत्तर रहेछ।

न्हेडिक तिरेको र फट्टा नदी करकाप कागज गरायो भन्ने स्मेत वादीको उँजुर झुट्टा बुधेले र प्र.यौटा जगा वादी प्रतेवादी हरुलाई दोहरा पारी लें दें गरेको ठहर्छ भन्ने ०३/१२/२०/४ को सिन्धुपाल्चोक अदालतको फैसला रहेछ।

न्हेडिक तिरेको फट्टा दिलाई पाँउ भन्ने तर्फ वादीको उँजुर झुट्ट ठहराई सुरुले छिनेको इन्साफ मनासीव सुर्जे मां को राजीनामा सदर नहुने र ०२/८/६ मा वादीले गरी दियेको भनेको लिखत करकाप ठहर्छ भन्ने ०५/१२/२९/२ को अपील तेस्रा फाँटको फैसला रहेछ।

रुपैया वुझायेको ठहरदैन भनी छिनेको अपीलको इन्साफ मनासीव वादीको ६ थां राजिनामा र प्र वुधेले पेस गरेको भरपाई हरु जालसाजी खडा गरेको र सुर्जेमांले वुधेसंग पास गराई लियेको राजिनामा सदर ठहर्छ भन्ने ०७/३/१९/२ को प्रधां न्यायालय चौथा फाँटको फैसला

रहेछ ईन्साफ जाची पाउ भन्ने दसरथ चौलागायीको निवेदनमा मिसिल झिकी इन्साफ जाचि अैं सवाल वमोजिम गर्नु भन्ने इन्साफ जाची पाँउ भन्ने श्री का.मु. न्याधीसको ०७/११/२८को आदेस रहेछ।

न्यालयवाट मेरा नाउँमा आयेको जनार्उ म्याद झगडीयाले विच विचमा तामेल गराई म्याद गुज्रेकोले थामीपाँउ भन्ने दसरथको निवेदनमा यो वीन्तीपत्र मिसिल सामेल राखी कस्को नाममा म्याद तामेल भएको रहेछ इन्लाई समेत वुझि मुद्दा जाहेर हुदा येस्को वेहोरा स्मेतजाहेर गर्नु भन्ने ०९/१/२ मा आदेस भै वेंचबाट वुझ्दा न्हेडिक तिरेको फट्टा दीलाइ पाँउ भन्नेमाः झुट्टा उंजुर ठहराई अमिनले गरेको फैसला उपर उंजुवाला दसरथले अपील नगरी चीत बुझाई वसेको नाले सोही वारदातमा जवर जस्ति करकाप कागज गरे भन्ने उंजुर पनि फजुलै देखियको ४ दिंको फरक २ मीतीमा जगाको राजीनामा ६ छ वटा गरेको त्यो पनि घरायसी पास स्मेत नभयको र लिखत बमोजिमको रुपैञा लीनु दीनु भैसकेको स्मेत नदेखीनाले सच्चा वेवहार भन्न ठहराउन मनासिव नपरी सो लीखत हरु जाल साजी र पास भयेको सुर्जे मानको लीखत सदर ठहराई प्रधां न्यायालय चौथा फाँट ले गरेको ईन्साफ मनासीव ठहर्छ ।

इन्साफ दोहरायेमा दसरथ चौलागायी जैसी के हा.का ११ नं का ऐ वमोजिं षुरु दण्ड रु २६ को दसौद मो रु २/६० दण्ड हुन्छ रुजु हुदा अैं बमोजिं तहसिलमा लगत दी मीसिल मीसिल फाँटमा बुझाई दिनु।

| | |
|---|---|
| महेन्द्रबहादुर | हरिप्रसाद |
| न्यायाधिस | प्रधां न्यायाधिस |

इति सम्वत २००९ साल माघ २ गते रोज ५ सुभं।

**अभिलेख दर्ता नं.१५ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट नं.२२/९५८**

नेपाल प्रधां न्यायालय डीविज्यैं वैञ्च
दा.नं.९५८

मुदा जगा

अपीलाट प्रतेवादी : स्वना मन्दर ग्वार इलाका हनुमां नगर अमीनी प्र. पक्री मौ फर्से -१

वीपक्ष्य : व चा मझरौट् ग्वार ई.हनुमान नगर अमीनी प्र. पक्री मौ. फर्से

ईजलास्
श्री माननीय प्रधां न्यायाधीश हरी प्रसाद प्रधां एम ए वि एल
श्री माननीय न्यायाधीश महीन्द्र वाहादुर

फैसला

व चा मझरौट् ग्वार सगको जगा मुदा प्रधां न्यायालये चौथा फाटले ०८।१।२५।३ मा गरेको फेसलामा चीत्त वुझेन ईन्साफ जाची पाऊ भनी स्वा नामन्द र ग्यारको हकमा भदोरलाल देव वैस्येले दीयका नीवेदन् पत्रमा भयका आदेस् वमोजिं तारेषमा रहेको वा भदोरलाल देव वैस्येलाई जनाऊको म्यादमा हाजीर हुन आऊने गरी तारेष टुटायेकोमा दीयको १५ दीने जनाऊको म्याद नीज भदोरलालले २००५।१।२६ मा बुझेको तामेलीवाट देषीयको हाजीर हुन आयेको मीसीलवाट नदेषीयकाले स्मेत अ.वं.२२६ नं. वमोजीं यो ऊजुरी डायर रहन सक्तैन डीस्मीश् गरी दीनु डीस्मीस् गराये वापत् सुरु दंण्ड कं रु५ को ईन्साफ सदर भयेमा हा.का.

११ नं ले हुने दसौद कं रु ।। को अ वं २२८ नं ले तेस्को पनी सैक्रा ५ ले कं रु १।३ यक पैसा तीं दां दंण्ड गर्नु सदन वमोजीं लगत् दी मीसील ऊक्त मीसील फाटमा वुझाई दीनु ।

न्यायाधीश प्रधां न्यायाधीश

ईती सम्वत् २००९ साल् माघ २ गते रोज ५ सुभम् ।

**अभिलेख दर्ता नं.१६ वर्ष २००९**

प्रधान न्यायालय डिभीजं बेञ्च
दा.नं.

अपिलाट:- वादि त्वाँगे तामाङ् ची.इ. अमजीं गाऊ

विपक्ष प्रतिवादि सन्तबहादूर तामाङ
कृष्ने कामी ऐ.ऐ.

मुदा : वन काट्यो भंने

इजलास
श्रीमाननीय प्रधान न्यायाधीश हरिप्रसाद प्रधान एम.ए. बि.एल
श्रीमाननीय न्यायाधीश प्रदिप्तमान्यवर नेपालतारा ले.ज. प्रकाशशम्सेर जङ्गबहादूर राणा

फैसला

मेरो मे. बन्दीभित्रको जगा मिची सरकारले लगाएको १० जातको रुख काटि प्रतिवादीहरुले बेचने गरेकोले सजाए गरिपाऊं भन्ने ब्यहोराको वादिले दिएको हौं मा आफ्नो हक भोगको जगा भए मौकैमा निस्सा प्रमाणसाथ मालमा उजूर गरि ऐनसवालबमोजिं नालेस गरी हकबेहक गराइ लिनूपर्ने हुनाले सोहि कुरा सुनाइदिइ १० जातभीत्रको लकडी काट्यो भंने हकमा जो गर्नूपर्ने ऐन सवाल सनदबमोजिं गर्नू गर्न लाउनू भंने ०५।३।२६।६ को चिठि जाहेरी निक्सारीको प्रमांगीबमोजिं प्रतिवादि २ जनाले साल सल्लासमेत १०x१३ जातभीत्रको २x३ फुटे १५x१६ रुख काटि बेचेकाले सजाय गरिपाऊँ भंने वादि बयान रहेछ।

हामीहरुले रुख काटेका छैनौं रिसइबी परेबाट झुट्टा उजूर गरेको

हो भंने दुवै जना प्रतिवादीहरुको बयान रहेछ।

पहिले प्रतिवादिहरुले जिकिर नगरेको कुरा बाटोकाजमा आएको ब्यारेकले काटेको भनी सरजमिंहरुले झुट्टा मूचुल्का गरेकाले प्रतिवादिहरुले नै रुख काटेकोले बीगो र डंड गरी मो रु. ६१४। का दर्ले लागने ठहर्छ भंने चीसापानी अदालतको ०६।३।३ को फैस्ला रहेछ।

सरजमिंको लेखाइबाट प्रतीवादिहरुले रुख काटेको नदेखिएको। प्रतिवादीहरुले रुख काटेको सबुद पनी वादिले केहि दिन नसकेकोले प्रतिवादिहरुले रुख काटेको ठहर्दैन सुरुले गल्ती इनसाफ गरेको ठहर्छ भंने अपिल दोश्रा फाट्को ०६।१२।१७ को फैस्ला रहेछ।

अपिल दोश्रा फाट्को इनसाफ मनासिब भंने प्रधान न्यायालय चौथा फाट्को ०७।५।१६।६ को फैस्ला रहेछ।

प्रधान न्यायालय चौथा फाट्को इनसाफमा चित्त बुझेन मूदा दोहोराइ पाऊं भनी अपिलाटले दिएको बिंतिपत्रमा ०७ सालमा छिनीएको रहेछ भने साबिक सदर मामिला निक्सारीबाट यो मूदाको मिसिल झिकि इन्साफ जाँची ऐनसवालबमोजिं गर्नू भंने ०८।७।६।३ को आदेश रहेछ।

अपिलाट त्वागे तामाङ्लाई राखि मिसिल हेरी बुझ्दा अरु नै रिसइबीबाट झुट्टा उजूर गरेको भंने प्रतिवादीको जिकिर भएको। सरजमिं बुझिंदा रुख काटिएको ठुटाहरु देखिएकोमा प्रतिवादिहरुले काटेको हैन बाटोकाजमा आएका व्यारेकले काटेको हो भनी किटानीसाथ लेखिदिएकोस्मेतबाट प्रधान न्यायालय चौथा फाटले गरेको इनसाफ मनासिब ठहर्छ।

मुदा दोहोराएको वादि त्वागे तामाङ्लाई सुरु डंड मोरु ६१।४० को हा.क. ११ नम्बरको ऐनबमोजिं सैक्रा १० ले मोरु ६।१४ डंड लागनेमा वादिले आफ्नो कुनै फाएदाको निमित्त उजूर गरेको नभै सरकारको जङ्गल नोक्सान भयो भनी उजूर गरेकोले अब डंड गर्नूपर्दैन।

प्रकाशशम्सेर हरिप्रसाद
न्यायाधीश प्रधान न्यायाधीश

इती सम्वत २००९ साल माघ १० गते रोज ६ सुभम्।

**अभिलेख दर्ता नं.१७ वर्ष २००९**
**२००९सालको ५३८ /४३५**

नेपाल प्रधां न्याया लय डी वी ज्यं व्येन्च
दा.न. ४३५

मुद्दा जग्गा दर्ता वदर गरी पाँउ

अपी.लाट प्रतेवादी गणेश वहादुर पंडित छेत्री
का.ई. गोकर्ण पंडोल

विपक्षी श्री वहादुर थापा छेत्री ..१
का.ई.गोकर्ण पंडोल

इजलास
श्रीमान नीय प्र.धां न्याया धीश हरी प्रसाद प्रधां एम .ऐ. वी.एल .
श्री मान नीय न्याया धीश प्रदीप्त मान्यवर नेपाल तारा ले.ज.प्रकास
समशेर जंङ्ग वहादुर राणा .........

फैसला

वादी श्री वहादुर थापा क्षेत्री सगको जग्गा दर्ता वदर गरी पाउ भंन्ये मुद्दामा प्र धां न्यायालय दोश्रावाट ०७/१/१९ गते हराई दीय ईन्साफ जाच गरी पाँउ भनी प्र गणेस वहादुर पंडीत छेत्रीले चढायेको वींन्ती पत्र मा भएका प्रमांङ्गी वमोजीं स्व. मुद्दाको मीसील झीकाइ हेर्दा गोकर्ण अमाल मा साल १ को सेर्मा रु।५६ तीरी भोगी आयको काठ माडौं सर्वे ६६ नं.मौजाबाट नापी भएको कीत्ता नं .६४८को रोपनी ७॥ को जगा गणेश बहादुरले दर्ता गरायको वदर गरी मेरो नाउमा दर्ता गरी पाँउ भंन्ये समेत श्रीबहादुर थापा छेत्रीको वादी वयां रहेछ।

९४/११/५ मा रजीटेसं पास गरी लीयका राजीनामा मध्य को गोकर्ण अमाल मा साल १ को सेर्मा तीरो रु १।२८ लागे मध्यको मेरा हक को संडोल भंन्ये पाषो जग्गा हुनाले सर्वे डोर वाट भोग समेत वुझी मेरो नाउमा दर्ता गरी दियको हो भंन्ये समेत गणेश बहादुरको प्रतिवादी वयां रहेछ। काठ मांण्डौ सर्वे मामीला फाटले वादी दावी झुठा ठहराई २००४/२/९ मा गरेको इन्साफ सदर गरी अपिल तेस्रा फाट वाट ०५/१२/२६ मा फैसला भएको रहेछ। वादी दावीको जग्गा वादी कै मो रु।५६ तीराको जगा ठहरछ भनी प्रधां न्यायालय दोस्रो फाटवाट ०७।१।२९।५ मा फैसला भएको रहेछ । यो मुद्दामा झिकाई आयेको वादी को वा.वेनु बहादुर थापा छेत्री र प्र.गणेश बहादुर समेत राषि वुझदा गणेश वहादुरले नवल सीं समेत वाट ९४ सालमा राजिनामा गरी लीय मध्य को भनी दर्ता गरेको हाल झगडा परेको ६४८ नं को जग्गा वादीले अघी देषी भोग तीरो गरेको भय ९२ सालको पास भयको द्रिष्ट वंन्धकी तमसुकमा पश्चींको कील्ला लेख्दा वादीले आफनै रैकर जगा साध भनि लेषनु पर्नेमा स्व वमोजीं लेषेको न देषीयको वादीले पेश गरेको ८३ सालको वंन्देणी कागजमा कील्ला लेषता पं नरनाथको वारी को डिल देषी पश्चीं भंन्ये लेखिएको काठमांडौ सर्वे वाट आयको दर्ता उतार र नक्सा वाट झगडा परेको ६४८ नं.को जग्गा पं नरनाथको ६४२/६३९ को कीता देषी पूर्व परेको देखिएकाले समेत झगडा परेको ६४८ नं को जग्गा वादीको हक भन्न नभै गणेश वहादुर ले लीयका राजिनामाको कील्ला भीत्र पनी पर्न नआएको भय पनी घर धुरी भएको ६५२ नं का साधकै प्रती गणेश बाहादुरकै सन्धी सर्पन को जगा देषीयकाले स्व.जग्गा निजैले पाउने भै सर्वे वाट नापी दर्ता भै सकेकोले अव फेरी नञा दर्ता गर्न नपर्ने भै स्व जगा प्रतेवादी गणेश वहादुरको हक कायम गरी वादी दावी झुट्टा ठहरायको काठमांडौ सर्वे मामीला फाटको इन्साफ सपर गरेको अपिल तेस्राको इन्साफ मुनासीव छ । प्रधां न्यायालय दोस्रा फाटले छीनेको ईन्साफ गल्ती देषीनाले तपसीलमा लगत दी मीसील अत मीसील फाटमा वुझाईदीनु ।

तपसिल

वादी श्रीवहादुर थापा छेत्री के का.स.मा.मो फाटका २००४/२/९ का फैसलाले गर्ने गरेको दण्ड रु १। र सो अडा उपर अपील गर्दा अपील तेस्राको ०५/१२/२६ का फैसलाले गर्ने गरेको दसौद दंण्ड रु १० समेत जम्मा दण्ड रु १/१० प्रधांन न्यायालय दोस्रा का ०७/१/२९/५ का फैसलाले रु ।१० सलामी कटी गरी वाकी रु १।– फेर्ता गर्ने गरेको मा सलामी नलाग्ने र दंण्ड लाग्ने भयकाले स्व मोहोरू १।– फेर्ता दिनु पर्देन प्रधांन न्यायालय दोस्राले सो को लगत काटी दिनु भनी अ.त.दे मा लगत दिनु। प्रतेवादी गणेश बहादुरके का.स.मा.मी फाटका ०४/२/९ का फैसलाले लीने गरेको जीताउरी रु १।नलाग्ने रु –।२४ दंण्ड लागने भनी प्रधांन न्यायालय दोस्रा फाँट बाट ७/१/२९ मा फैसला गरेको मा दंण्ड न लागने जीताउरी मात्रलाग्ने भएकाले स. जीताउरी १।– यक रुपैया फेर्ता गर्नु पर्देन प्रधां न्यायालये दोस्रो फांटले गरेको दण्ड रु ।२४ को लागत काटी दिनु ऐ.ऐ.काठमाण्डौ सर्वेका ६६ नं मौजाबाट नापी भयाको कित्ता नं ६४८ को ठहर रोपनी ७/५/॥ सात रोपनी ५ आना दुई पैसा को रैकर पाषो जगाको प्र.गणेश वहादुरका नाउमा भयेको दर्ता वदर गररी वादी श्री वहादुरका नाउमा दर्ता गरी दिन काठमाडौं सर्वे लाई पुर्जी गरी दीने भनी प्रधां न्यायालय दोस्रा फांटकाः ०७/१/२९/५ का फैसला मा लेषीयकोमा स्व जगाको दर्ता प्रतिवादी गणेश वहादुरकै नाउमा कायं. हुने भयकाले प्रधां न्यायालयेको पुर्जी वमोजिं गर्नु पर्देन भनी काठमाडौं सर्वेलाई पुर्जी गरी दिन प्रधां न्यायालय दोस्राका ०७/१/२९/१ का फैसलाले गल्ती इन्साफ गरेको भनी देहायेका अडाका देहायेका मानिस लाई गर्ने गरेको देहाय वमोजिंको जरीवाना नलाग्ने हुदा असुल भय फेर्ता नभये वेहोरा जनाइलगत काटी दिनु ....

का स मामीला फाटका मेक तीर्थ वहादुर मल्ल के ।७५ डि कुल प्रसाद श्रेष्ट के।१५ वी ज म रधोग ...।१०
अतेश्राका वि लक्ष्मण रमण ...।८०
वि गणेश प्रसाई के।२०

अतींमा प्रधां न्यायालय दोस्रा का मी.सु.भैरव राज पन्त पाध्याय -१अ सु
सेर संषर -१ वीगो पारी १
मेम्वर गुरू रेवती नाथ -१मी सु तीर्थ मा -१ ऐ. वस्ने प लेष जं थापा -१
समेत लाई जरीवाना गर्नु पर्दैन।

प्रकाश शमसेर
न्यायाधीश

हरि प्रसाद
प्रधां न्यायाधीश

**अभिलेख दर्ता नं.१८ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट न्.५७८/१५७**

नेपाल प्रधान न्यायालय डिभीजन बेन्च
डा.नं.१५७

मुद्दा : गर्न नहुने जग्गा बाली फुकुवा

बुद्धिबहादुर मल्ल वि. ऋद्धि बहादुर मल्ल

इजलास
श्री माननीय प्रधान न्यायाधीश हरी प्रसाद प्रधान एम.ए.वि.एल
श्री माननीय न्यायाधीश भैरब राज पन्तोपाध्या

आदेश

यसमा का.ई बतिस पुतली बस्ने बुद्धि बहादुर मल्लको र रिद्धि बहादुर मल्ल समेतको अंस मुद्दामा रोक्का रहेको जगाबाली बेहिसाब सँग फुकुवा दिए भन्ने मुद्दामा सप्तरी गोस्वाराका बडा हाकिम समेतका नाममा बुद्धि बहादुरले प्रधान न्यायालय श्रेस्ता फाँटमा नालेस दियाको सो लाग्दै नलाग्ने नालेस दर्ता गरेकोले खारेज गराई पाउँ भन्ने निज रिद्धिबहादुरले निबेदनपत्र दियाकोमा तोक नलागीकन यसफाँटमा दाखिल भयाकोले डिभिजन बेञ्चमा पेश गर्नु भन्ने भएका आदेश बमोजिम प्रधान न्यायालय श्रेस्ताफाँट बाट पेश हुँदा पर्चा उपर अपील नगरी नालेस गरेको किनहो नालेस खारेज हुनुनपर्ने कारण छ भनी बुद्धि बहादुरलाई नोटीस पठाई १३ गते जवाफ ल्याईये पछि १६ गते बृहवार डिभिजन बेञ्चमा पेश गर्नु भन्ने डिभिजन बेञ्चको ०९।१०।९ गतेकव आदेश बमोजिम जारी भएका नोटीसका म्याद १३ गते निज बुद्धि बहादुरले लिखित जवाफ यस अड्डामा दाखिल गरेबाट यही माघ १६ गतेको तारेख दिएकोमा नजि हाजिर नभएको

बेहोरा, नजिले पेश गरेको लिखित जवाफ र निजले डाएर गरेको नालेसको बेहोरा समेत प्रधान न्यायालय श्रेस्ता फाँटबाट आजको डिभिजन बेञ्चमा पेश हुँदा यस्मा २००८।५।२९ को सप्तरी गोस्वाराको पर्चा बेहोराबाट बादीलाई छुट्याई दिनुपर्ने जग्गा छुट्याउन नपर्ने गरी पर्चा गरेको देखिनाले त्यस्तो फैसला सरहको पर्चा गरेकवमा हाकिमका नाममा कराउनेको २ नं का ऐन बमोजिम बादीले सो फैसला सरहको पर्चाउपर अपीलै गर्नुपर्ने नगरी झगडीया समेत उपर नालेस गरेको देखियाकोले यो नालेस खारेज गरी दी ऐनले लाग्ने अपील दिनु भनी तारेख गुजारी बसेको बुद्धि बहादुरलाई जनाऊ दिनु।

न्यायाधीश | प्रधान न्यायाधीश

सम्बत २००९ साल माघ २३ गते रोज ५ शुभम्।

**अभिलेख दर्ता नं.१९ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट नं.३/३२**

प्रधान न्यायालय सिंगल वैञ्च
मु नं.८३/३२

अपीलाट : गणेश लाल स्मेत

रेसपोडेन्ट : गोपाल सीं स्मेत

मुद्दा : जगा पजनी गर्न पाउ

श्रीमाननीय न्यायाधीश भैरवराज पन्त पाध्याका ईजलास

फैसला

मोरो वावु गोपीलालका नाउमा दर्ता भएको सिलौटे रकंको जगा रोपनी २। गोपाल सिंले मोहीमा कमाउन दियेकोमा वाली नवुजाउदा वादी दावी नालेस गर्दा झारा खर्च मोरु ४।५ मात्र पाउने जगा पजनी गर्न नपाउने गरी प्रधां न्यायालये तेश्रा फाटवाट फेसला भयेकोमा मेरो रकंको जगा हुदा अैं वमोजिं आफैले कमाउन पाउने हुदा ६ सालमा गहुं वाली लगाउन जादा हटक गरेकोले जगा पजनी गर्न पाउ भंने गणेश लालको वादी रहेछ।

वादीले दावी गरेको जगा ८० सालमा मेरो नाउमा स्मेत दर्ता भयेकोले वादीले वालीमा नालिस गर्दा झारा खर्च रु ४।५० मात्र पाउने जगा पजनी गर्न नपाउने गरी फैसला भयेकोमा हाल फेरी झुट्टा नालेस गरेकोले जगा पजनी गर्न दिन नपरोस भंने गोपाल  सिंको प्रतेवादी रहेछ।

रकमीले जगा पजनी गर्न पाउने भै वादीको जगामा प्रतेवादीले षिचोला गरेको ठहर्छ भनी शुरु भक्तपुर अदालतले फैसला गरेको रहेछ।

तेस उपर प्रतेवादी गोपाल सिं को अपिल परेवाट शुरुको सदर गरी

अपिल तेश्रा फाट हाकिं असिष्टंटले फैसला गरेको रहेछ।

पजनी गर्न नपाउने भै वादीको दावी नलाग्ने हुदा षारेज गर्ने गरी शुरुको इन्साफ उल्टाई अपिल तेश्राको वि. दुर्गा प्रसादले राये पर्चा गरेको रहेछ।

तेस उपर गणेशलालको र गोपाल सिं स्मेतको अपिल उजुर परी आयेकोमा तल लेखिय वमोजिं ठहर भयो।

उपरोक्त मुद्दामा उजुरवालाहरू राखी निर्णय गरियेमा वादीले दावी गरेको जगा रकंको भै रकमीमा वादी वालाका नाउमा दर्ता भयेको भंने कुरामा प्रतेवादी सावितै भयेको र रकं तिरो पनि वादीले गरी आयेको देषियेकोले जगा पजनीका १६ नं का अैंले जगा वादीकै हक ठहरने र वाहाल भैरहेको अैंले हक ठहरने वादीले जगा कमाउन पाउदैन भंन नहुने खोसन नपाउने लेखत गरी दियेको छ भंन लेखत प्रतिवादी उजुरवालाले नसकेको सो जगा अघि षांनगीको भै अघि षान्गी खारेज भै मालमा जादा वादीकै नाउमा दर्ता भै मालमा स्मेत वादी अपिलाट तर्फवाटै तिरो भरो चलाई आयेको मालवाट दियेको रसिद स्मेतवाट देषियेको हुदा वादीले आफ्नु जगा आफैले कमाउन पाउने ठहराई अपिल तेश्रा फाटको हाकिं असिष्टेंटले छिनेको सदर विचारी दुर्गा प्रसादको राय उल्टी ठहरछ। अरु कुरामा तपसिल वमोजिं गर्नु।

तपसील

भ पु ई भालाछे वेसी टोल वस्ने गोपाल सिं वासुकला के इन्साफ दोहऱ्याये वापत वादीले शुरु भक्तपुर अदालतमा राखेको कोर्ट फी मो रु ८।२७ को हा.का ११ नं ले सैक्रा १० ले मो रु।८३ दंण्ड हुन्छ वारेस हुदा असूल गर्नु भनी तहसिलमा लगत दिनु १

अपिल तेश्राका वि तुलसी प्रसाद पाध्या के माथि इन्साफ षंडमा लेखिया वमोजिं राय पर्चा गल्ती हुदा हा.का. १५ नं ले इन्साफ उल्टिमा रु१। राय वुझायेमा रु१। स्मेत जमा मो रु२। दुई जरिवाना हुन्छ सोही अडामा वाहाल हुदा असुल गर्नु भनी ।-२

न्यायाधीश

ईती संवत २००९ साल माघ २३ गते रोज ३ सुभं।

**अभिलेख दर्ता नं.२० वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट नं.१३/६६२**

नेपाल प्रधां न्यायालय डीवीज्यं ब्यांञ्च
दा.नं.६६२

मुद्दा जगा हटक

अपीलाट प्रतेवादी : टुमलाल अग्रहरी बनीञा धनौरा तप्पे मौजे ठुलो बर्गदवा१

वीपक्ष्य : कंसमती वडाइनी तप्पे धनौरा मौजे तौलीहवा बजार १

ईजलास
श्रीमाननीय प्रधां न्यायाधीस हरीप्रसाद प्रधां एम.ए.वी.एल
श्रीमाननीय न्यायाधीश भैरव राज पन्त उपाध्याय

फैसला

कंसमती वडाईनी संगको जगा हटक गरयौ भंने मुद्दा १ जगा वाली मुद्दा १ तौलीहवा अमीनीमा डायर भएको दर्षास्तमा बस्ता कसंमतीको बीन्ती चढाईमा भएको हुकुं प्रमाङ्गी वमोजिं वि मुद्दाहरू सदर मामीला नीकसारीले जाहेर गर्ने भये पछी सदर मामीला निरुसारीले ०७।३।२० मा मलाई दियका १५ दिने म्यादमा हाजीर हुन नसकाले यक तर्फी वाट ०७।६।२२।१ मा मलाई हराई षड्ग नीसाना फेसला गरेकोले ०७ सालका आन्दोलनका टापमा म्याद गुज्रेको हुदा स्व म्याद थामी दुवै मुद्दामा ईनसाफ पाउ भन्ने टुमलालको नीवेदन पत्रमा दुवै थर झगडीया राखी जाहेर गर्नु भंने आदेस वमोजिं कंसमतीलाई स्मेत झीकायकोमा उजुरवाला टुमलालको वा हसमत मुसलमानले लियको ०९।६।२० को तारेष दोश्रा पटक पारी

गुजारेकाले कंसमतीको वा चन्द्रीका प्रसादको तारेष टुटाई यो उजुरी अ.वं.२२६ नं का अैं बमोजिं डीसमीस गरी दीनु डीसमीस गराय वापत ईन्साफ सदर भयमा हा.का. ११ नं. ले सुरु दंण्ड कं रु.१४५। को दसौद कं.रु १४॥२ का अ.वं.२२८ नं ले सैक्रा ५ ले कं.रु॥३ दण्ड गर्नु बेरुजु हुदा अ त दे मा लगत दी यही वादी कंसमतीको टुमलालको यही झग्गडा परेका जगाको वाली भरी भराउ गरी पाउँ भंने मुदा र जगा चलं चलाई पाउँ भंने मुदा वुटौल अपीलमा डायेर भएकोमा यो ऊजुर डायेर भयपछी टुमलालका दरखास्तवाट यो जगा हटक मुद्दाको टुंगो लागेपछी यस बुटौल अपीलमा परेका र मुद्दाको तै वाट अर्ने भनी वुटौल अपीलले स्व २ मुद्दा मुलतवी राषेको प्रमाणमा आउको मीसीलवाट देषीएकाले स्व मुलतवी रहेका मुद्दामा कंसमती स्मेत ज जस्का नाउमा जनाउ दिनु पर्छ दी मुलतवी जगाई तैकात गरी दिनु भनी यि मुलतवीका मुद्दाहरू र यो जगा हटक र आजैका मीती डीसमीस भयका जगा वाली मुद्दाका अरु मीसील स्मेत वुटौल अपीलमा पठाई दीनु।

न्यायाधीश

प्रधां न्यायाधीश

ईती सम्वत् २००९ साल माघ २४ गते रोज ६ सुभं।

**अभिलेख दर्ता नं.२१ वर्ष २००९**

श्री नेपाल प्रधान न्यायालय डीभीजन बेञ्च
मुद्दा नम्बर ७०८

अपिलाट मैञा अधिकार्नी का.इ महादेउटार

वीपछे नीता वझेनी काई भीसेंथान बस्ने आशालाल श्रेष्ठ का.इ. महादेउटार

मुद्दा चोरी दोहोरो लेंदें

इजलास
श्री माननीय प्रधान न्यायाधीश हरीप्रशाद प्रधान एम.ए. वी एल
श्री माननीय न्यायाधीश महेन्द्र बहादुर महत क्षतृ

फैसला

आशालालले २००१ श्रेष्ठ २६ गते नीजहरुको ४ कीता जगा र पराले घर स्मेत १८०१। मा रजीष्टेसं पास गरी भोगवंधकी दियेको र स्व तमसुक २००२ श्रेष्ठ २६ गते चोरी भै हरायेको ऐ २८ गते हुलिया दियको छु आशालालले नीता वझेनीलाई २००२।२।२६ गते मोरु १९०१।- ली पास गरी दियछ मेरो तमसुक चोरी लगी लगत काटी दोहरा लेंदें गरेको हो दरपिठ भएको स्ही भीडाइ दोहरा लीय दियेमा सजाये गरी तमसुक स्मेत दीलाइ पाउ भंने २००२।७।१६ को बादी रहेछ।

बादीसँगको करकाप मुद्दामा यो नालेस नपर्दै मैले सबै खुलाइ लेखी दियेको हो स्व थाहा पायेको ३५ दिन भीत्र पनी नालेस दीन नसकेको र मैले चोरी गरी कृर्ते दरपिठ खडा गरी लगत कटाइ दोहरा पास गरी दियेको हैन बादी झुटा हो भंने स्मेत २००२।२।८।३ को आशालालको प्रतेवादी रहेछ।

मलाइ रजीष्टेशन पास गरी दियेको करकाप मुद्दाको नालेसमा

लेखीयेको थाहा पाय पछी नालेस दीनु पर्ने दीन नसकेको २००२।२।१५ मा नेडीक तीरी फट्टा ली आउन कपाली तमसुक लेखी मो रु १८०१। लगी तीरी दरपीठ भयेको २००१।२।२६ को तमसुक फट्टा ल्यायेपछी २००२।२।२६ गते रजीष्टेसं अडैमा गै थप रु १०१ ली १९०२ मा पास गराइ लीयेको तमसुक र फट्टा स्मेत हरायो हुलीया दीयेको छु बंधकी कायं गरी पाउ भंने २००२।९।१३ को नीता वझेनीको प्रतेवादी रहेछ।

चोरी गरी दोहरा लेंदें गरेको सबुद वादीले गुजार्न नसकेको हुनाले स्मेत वादीले प्रतेवादीहरु उपर झुट्टै उजुर गरेको ठहर्छ भंने २००३।११।२२ को फौज्दारी अदालतको फैसला रहेछ।

अदालतको इन्साफ मनासीव भंने ०७।२।६ को अपिल पैलाको फैसला रहेछ।

अपिल पैलाको इन्साफ मनासिव भंने ०७।१२।१७ को प्रधान न्यायालय चौथाफाटको फैसला रहेछ।

चोरी दोहरा लेंदें मुद्दा न्यायालयबाट हराइ दियो दोहराइ पाउ भंने मैञा अधीकार्नीको बींतीपत्रमा बेहोरा साचो हो र ०७ साल चैत्रमा छीनीयेको रहेछ भने यो मुद्दाको मिसील झीकी इन्साफ जांची अैन सवाल बमोजीं गर्नु भंने २००८।५।१५ को आदेश रहेछ।

२००२।२।२६ मा रजीष्टेसं पास भै रहेको तमसुक फाइल काठमाडौ पोता रजीष्टेसनबाट झीकाई हेर्नु भंने ९।७।२२ को मालपोत तथा वन वीभागको पत्र रहेछ।

कर्णेलनी लक्ष्मी कुमारी र हुलीयाको सक्कल कीताव स्मेत बुझ्नु भंने २००९।७।२९।६ को आदेश रहेछ।

यो मुद्दामा हामी दुवै थर झगडीयाको घरसारको कुरोमीलेकोले झगडा परेको वंधकी थैली आसालालले नतीरे सम्म स्व झगडा परेको जगा खलै पीछे आधी म मैञा अधिकार्नी भोग चलं गर्ने गरी आधी म नीता बझेनीले भोग चलनं गर्ने फाट्टा अघीको मुद्दा परेको वाली खानु नपायेको हुनाले तल्सीं बुझाउनु पर्ने जो जती वाँकी छ स्व मैञा अंधीकार्नीले तीर्ने बुझाउने र झगडा परेको साल्को आज संमको जो जती वाकी भयेपनी स्व

वालीमा मैले दावा छाडने गरी म नीता बझेनी स्मेतको मंजुर भएकोले देवानी पैलामा मुल्तवी रहेको मुद्दा स्मेतमा दावी छाडने गरी म नीता बझेनीतर्फ र लीखत अर्को गराई पाउ भनी मैले दावी ली नालेस गरेको मुद्दाहरु मुल्तवी रहेको तेस्मा पनी दावा नलीने यो मुद्दा पनी दावा छाडी आधी जगा ली चीत्त बुझाक्ष बस्ने गरी दुवैको मंजुर छ आशालालले १९०१।– रुपैया बुझाउन ल्यायो भने ९५०।५० म मैञा अधीकार्नीले ली जगा आधी छाडने मोरु ९५०।५० म नीता बझेनीले बुझी आफूले भोग गरेको आधी जगा छाडी दीने भयेको हुनाले फैसला वा मिलापत्र जो गर्नु पर्छ गरी पाउ भंने नीता वझेनी र मैञा अधीकार्नीको यौटै वींतीपत्र परेकोमा स्व वींतीपत्रमा हामीले दीयेको हुँ भंने सनाखतको कागज स्मेत लेखी दीयेको र नीता बझेनीलाई पास गरेको लीखतमा घर स्मेत भएको मुद्दा परुंजेल भत्की पाताल भै सकेकोले पछी दावा गर्दीन भंने आशा लालको स्मेत २००९।१०।२४ को दर्खास्त रहेछ।

यो मुद्दा येस डीभीजन बेंचबाट नीताको वा मुक्तीलाल झा र मैञाको वां कृष्ण बहादुर लाई स्मेत राखी बुझदा चोरीको दावी ली मुद्दा चलेको भयेपनी मुद्दाको अवस्थाबाट लुटपिट कायं हुन आउने पनी औ भयेको र यो मुद्दामा पनी जेपवाट तमसुक झिकी लगेको भंने वादी भयेमा प्रतिवादीले कागज लीयेको कुरामा इन्कार नगरी खुसीराजीबाट रुपैञां तीरीफट्टा गराइ लीयेको हुँ भनी सो कागज दवाउने छीपाउने गर्दा दसी फेला परेको नभै प्रतेवादीले स्वही कागज देखाई पास स्मेत गरायेबाट देवानी मुद्दा कायं हुने अवस्था हुन आयेकोमा लेखीये बमोजीं दुवै थरको मंजुरीबाट वींती पत्र परेकोले वादीको दाबीतर्फ अव ठेगाना लगाउने तर्फ वीचार गरी रहन नपरी स्वही बींती पत्रमा लेखीये बमोजीं प्रतेवादी नीता बझेनीले आशालाल सँग २००२ साल जेष्ठ २६ गते मो रु १९०१।- मा रजिष्टेसं पास गराई भोग वंधकी लियेको मध्ये कीतै पीछे आधी जगा मोहरु ९५०।५० नौ सय पचार रुपैञा पचास पैसामा वादी मैञा अधीकार्नीले र थैली मोहरु ९५०।५० नौ सय पचार रुपैञा पचास पैसामा वांकी आधी जगा प्रतेवादी नीता वझेनीले भोग वंधकीबाट भोग चलं गर्न पाउछ।

असामीले रुपैञा बुझाउन ल्यापेमा स्वही बमोजीं आधी आधी

थैली बुझीली  जगा छाडी दीनु भनी दुवै थर लाई सुनाइ दीनु लेखीय बमोजीं हुने भयको वेहोरा नीता बझेनी को तमसुकमा जनाइ राखन काठमाडौ पोता रजीष्टेसंलाई लेखी पठाउनु दोहरायेमा वादी मैञा अधीकार्नीलाई डंड गर्नु पर्दैन मिसील मिसील फाटमा बुझाइ दीनु।

| | |
|---|---|
| महेन्द्र बहादूर | हरिप्रसाद |
| न्यायाधीश | प्रधान नयायाधीश |

इती सम्वत २००९ साल माघ २६ गते रोज १ शुभं।

**अभिलेख दर्ता नं.२२ वर्ष २००९**
**संवत् २००९ कव दे/फौ.पु./रीट न्.५६/१९८**

प्रधान न्यायालय डिभीजं बेञ्च
ईजलास

नन्द प्रसाद धिताल वि. महेन्द्र प्रसाद

मुद्दा – दुख दिए

श्रीमाननीय प्रधान न्यायाधीश हरीप्रसाद प्रधान एम्ए.बीएल् १
श्रीमाननीय न्यायाधीस भैरवराज पन्तपाध्या १

आदेस

एस्मा गजेन्द्र राज्कोर ठाकुर प्रसाद स्मेत्को लीषत् पास गराई पाउभन्ने मुद्दा प्रधान न्यायालय सीङ्गल् वेञ्चमा परेको सो अडा बाट आज २७ गतेको तारेष तोकी दीएको मा नीज गजेन्द्रको वारेस वी महीन्द्रप्रसादले आफु प्रधान् न्यायालय मै भैरहेको हुदा आफु अडामा हाजीरभै वारेस बसेको मुद्दा मा अर्जी गरी झु ल्याई दुखीदीने नीयत् गरेको हुनाले बुझी अैसवाल् बमोजीं गरी पाउ भन्ने प २ नं लुईटेल् उषु वारी वस्ने नन्दप्रसाद धीताल् को दर्कास्त परेकोले नीज वी.महीन्द्र हाजीर भएको हो हैन भनी बुझ्दा हाजीर भएको छ भन्ने जवाफ दीएकोले बोलाउन पठाउदा अडामा नभएको भन्ने नौ नेत्रबाहादुर्को रीपोट परेको हुनाले वी.महीन्द्रलाई आफू अडामा हाजीर भै मुद्दामा अर्जी गरेबाट अडामा हाजीर भई ईजाजत् बेगर बाहीर हीडेमा स्मेत् मुद्दा न चल्ने सबुद ली २४ घण्टा भीत्र आउनु भन्ने म्याद दीएकोमा टायं मा अडामा हाजीर भै सकेपछी सुलु भयेकोले वारेस बसेको मुद्दामा अर्जी पठाई अडामा न्यायाधीस प्रधान न्यायाधीस्को डीवीजं वेञ्चमा जानुभएको असीटेन्ट बेरामी र कं भयेकाले डिठा वीचारीलाई

भनी युनाली औसधालय मागै औसधी षायेको रसीद मसंगै भयेको हुनाले भयेको बेहोरा लेखी जाहेर गरेको छु भन्ने वी.महीन्द्रको रीपोट परेको यो मुद्दामा आफु अडामा हाजीर भै मुद्दामा वेरामी भनी झुट्टा अर्जी पठायाकोले सो अर्जी सदर हुदैन तारेष गुजारेको मानी मुद्दा अैसवाल्वमोजीं गरी सो वेहोरा गजेन्द्रराज् लाई जनाउदीनु प्रधान न्यायालय मापरे कामुद्दामा प्रधान न्यायालयका जागीर दारले अब उप्रान्त वारेसनबसी नहुने आवस्यक परेमा सो कुरा प्रधान न्यायाधीस छेउ पेश गरी आदेस भए अनुसार गर्नु प्रधान न्यायालयका जागीर दारहरू अडामा हाजीर भएपछी काम्वीसेस् ले वा बेरामी भै अडा छोडने टायं नपुग्दै अडा छाडी बाहीर जानु परेमा न्यायाधीस हरुमा १ जना संग अथवा प्रधान् न्यायाधीस्सँग सोधी ईजाजत् लीई मात्र जानु पर्छ सो नलीगएमा गैर कट्टी मात्र हुने हैन कामू अडकाउ गरेमा र अनुसासन् पालन् नगरेकोमास्मेत कार वाई चल्नेछ भनी प्रधान् न्यायालयका जागीर दार हरूलाई उर्दी सुनाईदीनु वी.महीन्द्र प्रसादले कसैसङ्ग नसोधी गएमा यो पटकलाई सो माघ २७ गते छड्के गैर गरी गैर कट्टी असुल् गर्न लेषी पठाई दीनु।

न्यायाधीस | प्रधान न्यायाधीस

ईती सम्वत् २००९ साल् माघ २८ गते रोज ३ सुभम्।

**अभिलेख दर्ता नं.२३ वर्ष २००९**
**दे.नं.३७/९१**

नेपाल प्रधान न्यायालय सिङ्गल बेञ्च
कोर्ट फी अपिल नं.९१

अपिलाट प्र संखनारां श्रेष्ठ का ई हाडीगाउ दथुटोल

विपक्ष-वादी सुर्ज्येमान मानन्धर का ई डिल्लीवजारको हाल ऐ महानकाल

मुद्दा - वाली

श्री माननिय न्यायाधीश महेन्द्र वहादुर महत क्षत्रीको इजलास

फैस्ला

एस्मा गुठी खेत रोपनी १ र सो जगामा वनेको कचि घर १ स्मेत २००३।७।५ गते सो जग्गाको गुठी पालो पर्नेलाई वालि दी सो जगाको पोता तीरी मलाइ सालको धान मुरी ९।२ वुझाउने गरी भोगबन्धक कवुलियत गरी दिएको सो जगाको पोता तिरेको रसीद र वालि स्मेत २००४।०५।०६ साल ३ को नदीएकाले विगो मो रु ३७४। भराई जगा थैलि नबुझाये सम्म पजनी गर्न पाउं भंने वादी सो जगा मैले कमायेको छैन दाजु लाटो सार्की श्रेष्टले कमायको छ सो लीखत हेर्न पाय वयान गर्ने छु भन्ने स्मेत प्रतिवादी निज प्रतिवादीको पेटवोलीवाट बुझेको लाटोले मैले जगा कमायको र गुठी चलायको स्मेत छैन भन्ने वयान वादीवाट पेस भएको रजिष्ट्रेसन पास भएको लिखत सदे हो कवुलियत मैले जानी स्ही छाप गरिदिएको छैन भन्ने संख नारायणको वयान भयेकोमा वुझियेसम्मका प्रमाणवाट वादीलाई प्रतेवादिवाट वाली भराउने र मोहीयाहरु पजनी गर्न पाउने स्मेत ठहराई सुरु देवानी दोश्राले र सो इन्साफ सदर गरी अपिल दोश्रा फाटले फैस्ला

गरे उपर अपिल जिकिर स्मेत हेरी विचार गर्दा सो गुठी जगा मैले कमायेको छैन दाजु लाटाले कमायको छ भन्ने जिकिरलाई लाटो बुझ्दा मैले कमायेको छैन भंने वयां गरेको सो जगाको  कवुलियत भै प्रतिवादीले गरी दि राखेको देखिनाले स्मेत सुरुको इन्साफ सदर गरी अपिल दोश्राले  छिनेको मुनासिब छ दोश्रा अपिलले गरेमा थप सजाय  गर्नलाई कोर्ट फी राखी अपिल गरेकाले केही गर्न नपर्ने हुंदा मिसिल मिसिल फाटमा बुझाईदिनु ।

न्यायाधीश

इति सम्वत् २००९ साल माघ २८ गते रोज ३ शुभं ।

**अभिलेख दर्ता नं.२४ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट नं.३८/५१**

नेपाल प्रधान न्यायालय डिभिजन बेञ्च
कोर्ट फी अपिल नं.५१

अपीलाट वादी : काइ मच्छिन्द्र वहाल बस्ने हर्ष बज्र साक्यभिक्ष्सू -------१
ऐ.ऐ.बस्ने गजरत्न ऐ १ ऐ.ऐ. बस्ने हिरारत्न ऐ ----------------------------१

विपक्ष : प्रतिवादी काइ धर्मथलि पुसल वस्ने एकमर्दन बस्नेत क्षत्री ------१
ऐ.ऐ चोगाउ किसी डोल बस्ने हर्षबहादुर भन्ने हस्तबहादुर नगरकोटी ----१

मुद्दा : जगाबालि

इजलास
श्रीमाननिय प्रधान न्यायाधीश हरि प्रसाद प्रधान एम.ए.विएल
श्रीमाननिय न्यायाधीश महेन्द्र बहादुर महत क्षत्री --१

फैसला

एस्मा हाम्रो गुठी विर्ता रोपनि २ को सरूवा चामल मुरि १। का दर्ले ०४।०५।०६ साल २ को वालि प्र. यक मर्दनले दियन दिलाइ जग्गास्मेत पजनि गरी पाउ भन्ने स्मेत वादी रहेछ।

प्रतिवादी यक मर्दनले तामेल भयको २००७।४।१५।१ को इतलायनामाको म्यादै गुजारी बसेकाले वादीको दाविबमोजिम वालि विगो भराइ जग्गास्मेत पजनि गर्न पाउने ठहराइ सुरू रा.का.देवानी पैला फाटले ०७।७।२७।१ मा फैश्ला गरेको रहेछ।

०४।०५ सालको वालि पालो वाला गुठीयारहरूलाइ बुझाइ ०६ सालदेखीको वालिलाई हर्षवहानुरलाई रजिष्ट्रेसन पास गरी वन्धक दिएको

हुदा वालि वाकी छैन भन्ने स्मेत यकमर्दनको प्रतिवादी सऱ्हको अपिल रहेछ।

०६ सालदेखीको वालिलाइ यकमर्दनसंग मैले भोग वन्धकमा लिएको हुनाले ०६ सालको वालि पालो वाला वादी हर्षवज्रलाइ वुझाइ दिएको छु वालि वाकी छैन भन्नेस्मेत पेत वोलिबाट बुझियको हर्ष वहादुर भन्ने हस्त वहादुरको वयान रहेछ।

वादीहरूलाइ वालि वुझायेको निस्सा सवुद नआएवाट वालि वाकी राखेको ठहर्छ पजनि गर्नेतर्फ यकमर्दनसँग २ सालको वालि वाकी र वन्धकी साहु संग १ सालको वाकी देखीएको वालि वाकीमा वाकी वाला खैजनाका नाउमा नालेस नपरेकाले पजनि गर्न नहुने ठहराई अपिल पैला फाटले २००९।१।९।३ मा फैस्ला गरेको रहेछ।

जग्गा पजनि हुनै पर्ने हो भन्ने अपिल जिकीर भएकाले छलफलमा निकायका प्रतिवादी इकमर्दनको वारेस नीर मर्दन र प्र हर्षवहादुर र अपिलाटहरूको वारेस टलकवहादुरस्मेतलाइ राखी बुझ्दा सो वाकी वालि तिर्न वुझाउन वन्धकी साहु हर्षवहादुर भन्ने हस्तवहादुरस्मेत मञ्जुर भएको र साहुका नाउमा नालेस परेको रहेनछ यो वाकी वालिमा नालेस नपर्दै जग्गा यकमर्दनले हस्त वहानुरलाइ वन्धकी दिसकेपछि यक मर्दनका नाउमा परेका नालेसवाट उजूरै नपरेका साहु हस्तवहानुरको वन्धकी हक भएको जग्गा पजनी गर्न पाउने गर्दा वेरित अन्याय पर्ने हुनाले नालेस परेको वालि भराइदिने गरी सकेको इन्साफ अपिलको मुनासीव। आइन्दा याम टायेममै वालि वुझाइ रसिद लिनु दिनु याम मा नवुझाये अै वमोजिम जग्गा पजनि हुनेछ भनि मोहीलाइ र अपिलाटको वारेस टलक वहानुरलाइ स्मेत सुनाइ दिनु। कोर्ट फीरादवी दोश्रो अपिल गरेको हुदा अपिलाटहरूलाइ केही गर्न नपर्ने हुदा मिसिल मिसील फाटमा वुझाइदिनु।

महेन्द्रबहादुर<br>न्यायाधीश

हरिप्रसाद<br>प्रधान न्यायाधीश

इति सम्बत् २००९ साल फाल्गुन ६ गते रोज ३ शुभं।

**अभिलेख दर्ता नं.२५ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट नं.४०/१०१**

नेपाल प्रधान न्यायालय सिङ्गल बेञ्च
कोर्ट फी अपिल नं.१०१

अपीलाट वादी : प्रतिवादी भक्त बहादुर श्रेष्ठ का.ई.भीम्सेनथान

विपक्ष : वादी मङ्गली गुरूङ्गसेनी ल.पु.इ. थान्कोट इटाखेल

मुद्दा : लिखत बदर

श्रीमाननिय न्यायाधीश भैरवराज पन्तोपाध्यायज्यूको इजलास

फैसला

एस्मा मेरा बाबुको हकको जगा पोइल गएको आमाले वन्धकि दिने भक्त बहादुर लिने गरेकोले सो लिखत बदर गरि साजयें गरि पाउँ भंने स्मेत वादी, वादीकी आमा ठुलीले भोगवन्धक दीयाकोमा वाली नदियाबाट नालेस परी आखीर वाली विगो पाउने भएपछी विगो फाटले चलन पुर्जि दियाबाट मेरो हक भएको वादीको हक नहुदा वादी दावी झुठ्ठा भंने प्रतिवादी भएकोमा बुझीयाका प्रमाण परिवन्धबाट पोइल नजादै लियाको मोरु १७३।३४ सम्म वादीवाट पाउने अरु थैलि कपालि ठहराइ सुरू अड्डा जाच अदालत फाट तथा देवानी पैला फाटले र सो इन्साफ सदर गरी अपिल दोश्राफाटबाट फैस्ला गरे उपर अपिल जिकीर स्मेत हेरी विचार गर्दा वादीकी आमा ठुली गुरुंसेनीको सो जगामा हक दावी नै पुग्न नसकेको देखीएकाले स्मेत सुरु अड्डाहरूले गरेको इन्साफ सदर गरी अपिल दोश्रा फाटवाट छिनेको

मुनासिव छ । दोश्रो अपिल गरेमा सजाये गर्नालाइ कोर्ट फी अपिल हुदा केही गर्न नपर्ने हुनाले प्रमाण स्हीतको मिसील मिसील फाटमा बुझाइ दिनु।

न्यायाधीश

इति सम्वत् २००९ साल फागुं ६ गते रोज ३ शुभम।

**अभिलेख दर्ता नं.२७ वर्ष २००९**

प्रधान न्यायालय डिभिजन बेञ्च
दा.नं.

अपिलाट
वादि लक्ष्मीकान्त चापागाञी तापलेजुं पाचथर नरकोट

विपक्ष
प्रतिवादि रागबहादुर लिम्बुस्मेत
ऐ. ऐ. बमोजिं मालताप

मुद्दा: जगा बाली

श्रीमाननीय प्रधान न्यायाधीश हरिप्रसाद प्रधान एम.ए.बि.एल.
श्रीमाननीय न्यायाधीश महेन्द्रबहादुर महत क्षत्रृ

फैसला

यस्मा मेरा बाबु खडानन्दबाट रु २० थैली खाई प्रतिवादीको बाजे मोतिराज लिम्बुले ५१ सालमा गरि दिएका छिन्ति राजीनामा बमोजिं ५० सालका जाचमा मेरा बाबु खडानन्दका नाममा दर्ता गरी भोग चलन गरि आएकोमा पछि ७४ साल पौष ३ गतेमा म बाट रु १३९ खाई सोहि ५१ सालको राजीनामा सकार गरी यै प्रतिवादीकाबाबुहरु ५ जनाले कागज गरि दिए बमोजिं हाम्रो भोग चलं भएको फुंचे नयाँको सल्ले भन्ने रैकर जगामा ०३ साल कार्तिक १६ गतेका दिं प्रतिवादिहरुले ६०×८० जवान लार्केहरु ल्याई धान कोदो मास स्मेतको वालि लुटि खाएकोले सजाय विगो रु १८१० भराई पाउ वादि रहेछ।

वादिको जगा देखि दखिं तर्फ मेरो कुमालटार भंने नाप भै वादिले

सो जगाको वालि लुटि खाएकोले धनमालमा उजुर गरेको हु वादिले पेस गरेको राजीनामा जालसाजी हो हामिले वादीका जगाको वालि लुटि खाएको छैन भंन्ने प्रतिवादीहरु रहेछन।

प्रतिवादिका वावु वाजेहरुले गरिदिएको ५१ सालको र ७४ सालको राजीनामा बमोजिं ५० सालमा वादिका वावुका नाममा दर्ता भै सकेको र ९५ सालको राजीनामा सो दुवै राजिनामा डोरमा पेस भै पिठमा अड्डाको छाप समेत लागेकोले सो राजीनामाको जगाको वालि प्रतिवादिहरुले लुटेकै ठहर्छ भनि तापलेजुं अमिनीले ०४।१।१८।५ मा फैसला गरेको रहेछ।

५१ सालका राजिनामाबाट हक भएको भन्ने वादिको जिकिर भएकोमा सो भदां अघी ५० सालमै वादिका वावुको नाममा दर्ता भै सकेको र सो राजीनामाको पिठमा पनि ०५० साल जाचको निस्सा छाप लागेको नदेखिएको र ०५१ सालमा राजीनामा गरि लिएको जगा भए सोहि जगामा ०७४ सालमा फेरी १३९ थपि राजीनामा गराई रहनै नपर्ने। ९५ सालको नापि बदर भएको नक्सामा कुलो देखी दखिंको जगा प्रतिवादीको भै वादिले झुठ्ठा उजुर गरेको ठहर्छ भनि धनकुटा अपिलले ७५।५।१८ मा फैसला गरेको रहेछ।

इनसाफ धनकुटा अपिलले छिनेको सदर गरी प्रधान न्यायालय पहिला फाटले ०६।८।२४।६ मा फैसला गरेको रहेछ।

चित्त बुझेन इन्साफ जाँची पाउँ भंन्ने वादि लक्ष्मीकांतको विंतिपत्रमा व्यहोरा साँचो भए यो मुद्दाको झिकि हेरि इनसाफ जाँची ऐन सवाल बमोजिं गर्नु भंने ०८।१ १६ को आदेश रहेछ।

अपिलाट लक्ष्मीकांतलाई राखि बुझ्दा प्रतिवादिको कुमालटार भंने जगा अंत यस ठाउमा छ भनि वादीले नक्सामा देखाउन नसकेको र धेरै सरजमिंले कुलादेखि दाविको जगा प्रतिवादी कै हो भनि लेखि दिएको र ति सरजमिं उपर वादिले उजुर गर्न पनि नसकी चुपलागी बसेका स्मेतबाट पहिला फाटको इनसाफ मनासिव छ।

मुद्दा दोहोराएमा वादि लक्ष्मिकांत चापागाइ सुरु दण्डको रु २६६। हा.का.क. ११ नम्बरको ऐन बमोजिं सैंडा २० ले रु. २६॥।✓ दण्ड हुन्छ

रुजु हुदा असुल गरि मिसील इलाका अमिनी पठाउन् अ.त. मिसिल फाटमा बुझाई दिनू।

महेन्द्रबहादूर
न्यायाधीश

हरिप्रसाद
प्रधान न्यायाधीश

इती सम्वत २००९ साल फालगूण १३ गते रोज ३ सुभम्।

**अभिलेख दर्ता नं.२८ वर्ष २००९**

प्रधान न्यायालय डिभीजन बेञ्च

अपिलाट वादि जगेश्वरा उपाध्यानी प. ३ नम्बर कास्कि मौजे अर्घा

विपक्ष प्रतिवादि वसन्धरी जैसिनी
तारापति बास्तला जैसि
ऐ.ऐ.सरांकोट पोखरा सांगु बालाकृष्ण क्वैशला जैसि
ऐ.ऐ. छाप

मुदा- विक्री बदर

इजलास
श्रीमाननीय प्रधान न्यायाधीश हरिप्रसाद प्रधान एम.ए.वि.एल.
श्रीमाननीय न्यायाधीश महेन्द्रबहादुर महत क्षत्री

फैसला

यस्मा वाहुन काँसिराम पाध्याका ल्याइता स्वास्नी बसुन्धरा र विवाहिता स्वास्नी म भएकोमा वाहुन काँसिराम मरी अंश जेथा वण्डा गर्दा वाहुन काँसिरामका दर्ताको वास्तला थर घर वारि विजमाना ।।५ मध्य .।.।४ को १ किता जगा मलाई र अरु जगा सौता स्मेतका अंसियारलाई भाग लगाई वण्डा गरेकोमा सो मेरा भागको १ किता जगा ९८ साल देखि कागज पत्र केहि नगराई निजै सौता वासन्धरीलाई ठेकमा कमाउन दिई म माइत गएको थीएँ। माइतबाट आई ०६ सालको मकै वालीलाई जगा चलन गर्न जाँदा सो जगा हामिहरुले लिनु दिनु गर्‍यौ तिमिले भोग चलन गर्न पाउदैनौ भनी हटक गरेकोले मेरा भागको जगा प्रतिवादिहरुले लिनु दिनु गरेको भए

बदर गरि सो जगा मेरो हक अंश थामी कसुरदारलाई सजाय गरिपाउँ भंने वादि रहेछ।

वादि र हाम्रो वंडा हुंदा वादिले अंश वापत नगदि ४ खण्डको १ खण्ड मो रु २५०।- लिई भरपाई गरि दिएकोले जगामा वादिको हक नभै हाम्रो हक हुंदा बालकृष्ण समेतलाई राजीनामा गरि दिएका हौं । वादिको दावी झुट्टा हो भन्ने वसन्धरा समेत तिनै जना प्रतिवादि रहेछ।

रितपूर्वक अंश वण्डा भएका सबुद वादी प्रतिवादी दुवै तर्फबाट पेश हुन नआएकोले झगडा परेको जगा मध्य ४ खण्डको १ खण्ड जगा वादिका भागमा पर्ने हुँदा सो ४ खण्डको १ खण्डलाई प्रतिवादिले विक्री गरेको बदर गरि दिने। वाँकी ३ भाग जगा प्रतिवादि वसन्धरी स्मेतको भाग हुदा विक्री गरेको सदर गर्ने गरी श्री ३ स.न. पो.अ. ले ०६।९।३०।४ मा फैसला गरेको रहेछ।

इनसाफ श्री ई स न.पो .अ.ले छिनेको मनासिव गरि अपिल पहिला फाटले ०६।१२।३०।४ मा फैसला गरेको रहेछ।

प्रतिवादिका भागको स्मेत अंश गरिपाऊँ भनि वादिको उजुर गरेका वखत ऐन बमोजिं अंश हुने हुँदा हाल उजुर परे जतिमा अपिल पहिला फाँटको इनसाफ मनासिव गरि प्रतिवादिका अपिलको ०७।८।२७।३ मा र वादिका अपिलको ०७।११।२४ मा प्रधान न्यायालय पहिला फाँटले फैसला गरेको रहेछ।

इनसाफ जाँची पाऊँ भंने स्मेत वादिका विंतिपत्रमा इनसाफ जाँची ऐन सवाल बमोजिं गरिदिनू भंने आदेश भएको रहेछ।

अपिलाटको वा. अनिरुद्रलाई राखि बुझ्दा अरु जगामा वादिले उजुर नपरि ।.।४ चारमाना विज जाने पाखामा मात्र वादिको उजुर परेको र रितपूर्वक वंडा भएको जगा नहुँदा झगडा परेका जगामा वादिको भाग ४ खण्डमा १ खण्ड वादिले पाइ सकेको। अरु जगामा पनि भाग लागनु पर्ने भन्ने समेत वादिको जीकिरलाई रितपूर्वक वादिले अर्को नालेस गरेका वखत ठहरे बमोजिं हुने हुदा इनसाफ प्रधान न्यायालय पहिला फांटले छिनेको

मनासिव छ। मुदा दोहोराएमा अपिलाट जा गेस्वरालाई सुरु ९९।५० को सैक्रा।१० ले मोरु।५ पांच पैसा डंड हुन्छ। वारेस हुंदा असुल गर्न अ.त.दे. मा लगत दिने।

| | |
|---|---|
| महेन्द्र बहादूर | हरिप्रसाद |
| न्यायाधीश | प्रधान न्यायाधीश |

ईति सम्वत २००९ साल फालगुण १३ गते रोज ३ सुभम्।

**अभिलेख दर्ता नं.२९ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट न्.२/८९५**

नेपाल प्रधां न्यालये डीभीजं वेन्च
मु.नं.८९५

अपीलाट प्रतेवादी : मोरं वीराट नगर वस्ने वीजै प्रसाद
ऐ. वस्ने सुजे मां मीञा सकर मीया भालु मिञा अकलु
ऐ. अजीज माषुर मीञा हाजी मकनी मीञा जागदेव मीञा स्मेत

विपक्ष वादी : मोरं वीराट नगर वजार वस्ने जेठु वंसी मीयाईनी

मुदा जगा चलं चलाई पाउ भंने

इजलास
श्री माननीय प्रधां न्यायाधीस हरी प्रसाद प्रधां एम ऐ वीयल
श्री माननीय न्यायाधीस महेन्द्र वहादुर महत छेत्री

फैसला

यसमा प्रतेवादी वीजै प्रसाद लाई भारामा दीयेको जगा वीगाहा ।।।२।२ तेस्मा रहेको घर स्मेत नीज वीजै प्रसादले आफ्नो नाउमा दर्ता गरेकोमा मुदा परी ४ सालमा न्यालये वाट जीतेकोमा चलं गर्न जादा वीजै प्रसादले साहेव मीञा स्मेतका १९ जनालाई घर वनाउन लगाई वस्न दीयेकोले सो घर वदर गरी सो घर जगाको सालको रु७५ ले भाडामा दीयेको भाडा वाकी रु ५०० स्मेत भराई चलं चलाई पाउ भंने जेठु वंसी मीञाईनीको वादी रहेछ।

वादी मेरो जेठी आमा नीजको छोरा सीयालाल हुदा वावुको घर

जगा लिद्यां हुदा नीज सीवलालको नाउवाट सकार गरनु लगाई वनायेकोमा एकलौटी पाउला भनी झुटा उजुर गरेको हो भंने वीजै प्रसादको प्रतेवादी रहेछ। वादीले दावी गरेको जगा भन्दा वढी भयेको जगामा हामी सुकुंवासी हुदा वीजै प्रसादलाई कढा १ को रु ५ का दर्ले तीरो तीर्ने गरी हामीले जगा ली घर वास गरी वसेको छु तीरो वुझाउनामा मंजुर छौ घरवास थामी पाउ भंने साहेव मित्र्यास्मेतको प्रतेवादी रहेछ।

वुझिये सम्मका प्रमाणवाट प्रतेवादी साहेव मीञा स्मेतका १९ जना रैतीले कठ्ठा १ को ५ रु का दर्ले वादीलाई तिरो वुझाई वस्न पाउने ठहराई सुरु वीराटनगर अमीनीले फैसला गरेको रहेछ।

प्रतेवादीहरू भोग लागने हुदा घर जगावाट उठाई दीने र घर जगाको भारा वीगो रु २२५ वीजै प्रसादवाट वादीलाई दीने स्मेत ठहराई सुरुको इन्साफ केही उल्टी गरी मोरं वीराटनगर अपीलले फैसला गरेको रहेछ।

प्रतेवादीको अपील परी आएको मुदा तारेषमा रहेको वादीको वारेस सीवधारी प्रतेवादीको वारेस स्मेतको साहेव मिञा समेतलाई राषी वुझ्दा साहेव मियास्मेतका प्रतेवादीहरले कठ्ठा १ को कं रु५ का दर्ले तीरो तिर्ने गरी अघीको भोग दर्ता वाला वीजै प्रसादवाट ली घर वनाई वसेको देषीनाले उठाई दीदा मर्का पर्न जाने हुदा वीजै प्रसादलाई वुझाये सरह तीरो यो वादीलाई तीरी वस्न पाउने गरेको ईन्साफ वीराटनगर अमीनीको मुनासीव झगडा परेको घर वीजै प्रसादले चलं गरेको अघी परी छीनीयेको प्रधां न्यालये चौथा फाटले गरेको ४ साल फागुं २९ गतेको फैसलाको नकल वाट देखीयेको वादीले घरको भाडा दावी गर्दा हचुवा कीसींवाट दावी कं रु ५०० भराई पाउ भनी लेषेकोले वाली झगडाका २० नं का अैं वमोजिम वर्ष १ को कं रु ७५ का दर्ले नालेस परेका अघील्ला साल तक वर्ष ३ को घर भाडा वीगो कं रु २२५ दुई सये पचीस रुपैञा वादीले प्रतेवादी वीजै प्रसादवाट भरी पाउछ अव उप्रान्त पांढा सं मा तीरो वुझाई आफुले वुझायाको तीराको रसीद लीन भनी प्रतेवादीहरूलाई र वुझेका

तीरोको रसीद दीन भनी वादी स्मेत दुवै घर लाई सुनाई दिनु अरु कुरामा तपसील वमोजीं गर्नु।

तपसील

वादी जेठु वंसी मीञाईनीके घरवाट उठाई पाउ भने वापत सजाय गर्नु पर्छ की भंनालाई वीराट नगर अमीनीले सजान्ने दीयेको अपीलले सो लगत कटा गरेको नै देखीयेकोले हाल केही गर्नु पर्दैन।

प्रतेवादी देहायेका मानीसहरूके वीराटनगर अपीलका ६।११।१३ का फैसलाले गर्ने गरेको जमा दंढ कं रु ५ नलाग्ने हुदा असुल भये फीर्ता नभये वेहोरा जनाई लगत काढी दीनु भनी वीराटनगर अपीललाई पुर्जी गर्न तहसीलमा लगत दीनु।

<u>वीराटनगर वजार वस्ने</u>

| | |
|---|---|
| साहेव मीञा -१ | नुर धुनीया मीञा -१ |
| सुलेमां ऐ. -१ | रसुल ऐ. -१ |
| सदीक ऐ. -१ | जवहुज ऐ. -१ |
| हवीव ऐ. -१ | आलं ऐ. -१ |
| आजीं ऐ. -१ | भालो मिञा -१ |
| सफीक ऐ. -१ | अवदुल ऐ. -१ |
| हाजी मिञा -१ | सवुर ऐ. -१ |
| आजीज ऐ. -१ | जीमल मिञां -१ |
| तकदीर ऐ. -१ | महमद ऐ. ज्यो |

वादीको घर जगाको मोल वीगो रु ४३४ को सैक्रा १० ले कं रु ४३।३ ली प्रतेवादी वीजै प्रसाद वाट चलं चलाई दिने भनी वीराटनगर अपीलका फैसलामा लेषीयाकोले सो वमोजिं चलं चलाई दीनु भनी मीसील अपीलमा पठाई दीनू।

उस वषत वीराटनगर अमीनीका देहायेका मानीसहरूके मोरं वीराटनगर अपीलका ६।१२।१३ का फैसलाले गर्ने गरेको दामासाही जरीवाना कं रु १ येक नलाग्ने हुदा असुल भये फिर्ता नभये वेहोरा जनाई

लगत काटी दीनु भनी अपीललाई पुर्जी गर्न तहसीलमा लगत दीनु।

उस वषतको ले फाट हाल सुव्वा कृष्ण प्रसाद --------------------१

ष षगेन्द्र लाल -------------------------------------------------------------१

वी. येज्ञ वहादुर ---------------------------------------------------------१

मोरं वीराटनगर अपीलका देहायका मानीसहरूके उल्टीमा केही गर्नु पर्दैन

सुब्बा वेनु वहादुर -------------------------------------------------------१

ष राम वहादुर -------------------------------------------------------------१

वादीले प्रतिवादी वीजै प्रसाद वाट पाउने वीगोको लगत अपीलका फैसला वाट कसी सकेकोले लगत दीनु पर्दैन।

न्यायाधीस प्रधां न्यायाधीस

इती संवत २००९ साल फागुं १३ गते रोज ३ सुभं।

**अभिलेख दर्ता नं.३० वर्ष २००९**

नेपाल प्रधान न्यायालय डिभीजन बेञ्च
मुद्दा नं ४७५

अपीलाट् प्रतेवादी मानसुंदर श्रेष्ट प. १. नं धाई थर्पु गुठी

वीपक्ष लालबाहादुर आलेमगर प.१. नं धाई सामीटार

मुद्दा: बंधकी थैली नीखनाई पाऊँ

ईजलास
श्रीमाननीय प्रधान् न्यायाधीस हरीप्रसाद प्रधां एम्.ए.बि.एल्
श्रीमाननीय न्यायाधीस भैरवराज पंत उपाध्याय

फैसला

यसमा अन्यायवाला सग मो रु २६६। कर्जा ली मेरा हकको कटुंजे वारवीसे कोढेई भंने षेत मुरी।४ को छीना १ मसुना।५३ मध्ये खेत्।३।१० छीना १ समेत ९३ सालमा वंधकी दी घरसारमा लेषत गरी दियाको रुपैया बुझाउन जादा बुझि नलीयेकाले मालमा धरौट राषेकोमा राजीनामा गरी लीयाको भनी प्रतेवादीले मालमा वयां गरेबाट नालेस गर्न भनी सुनायेकोले नालेस गर्न आयको छु वंधकी थैली बुझाई पाऊँ भंने समेत लाललबहादुर मगरको वादी रहेछ।

वंधकी लियेको होइन ९३ सालदेषी पटकपटक राजीनामा गरी ली मेरा नाउ दर्ता समेत गरी तीरो भरो भोग गरी आयेको छु थैली कुझ्न नपर्ने भंने समेत् मान सुंन्दर श्रेष्ठको प्रतेवादी रहेछ।

राजीनामा जानी गरी दियाको छैन वंधकी भनी कागजमा लेषीयाका

मानीस समेत् भै झुक्याइ गरायेका हुन् भंने समेत लाल बहादुरको वयां रहेछ। राजीनामा गरी दीयाको हो झुक्याई गरायेको होइन भंने मान सुंन्दर श्रेष्ठको वयां रहेछ।

हामीहरुले झुक्याई गरायको होइन सदेसाचो बेबहारको कागज हो भंने कालुरानाको वयां रहेछ।

वंधकी भनी कागज गरि दीयाका डँ सो कागज कागजमा लेषियाका मानीसले झुक्याई गारायका हुन् सदे होइन भंने वादीको साछी सम्मेरबाहादुरको वकपत्र रहेछ। राजीनामा गरी आये भनी राजीनामा मलाई देषायको थीयो झुक्याई गरायेको होइन भंने प्रतिवादीको साछी उमाकांतको वकपत्र रहेछ।

सो बमोजीं झुक्यायको होइन भन्ने प्रतिवादीको साछी केदारनाथको बकपत्र रहेछ।

वादी दावीको जगा प्रतेवादीले राजीनामा गराई तिरोभरो दर्ता समेत् गरी भोगी आयाको देषियेकाले वंधकी लीयेको ठहर्दैन वादीले झुट्टै उजुर गरेको ठहर्छ भंने धादीं अदालतको फैसला रहेछ।

सुरु धादीं अदालतबाट हराई छीनेमा चीत्त बुझेन भंने वादी लालबहादुरको अपिल रहेछ।

भोग वंधकीमा भोग गरेको देषीन आयेकोले प्रतिवादी मान सुन्दरले थैली बुझी जगा छाडीदीनुपर्ने ठहर्छ भंने अपिल पैलाको फैसला रहेछ। अपिल पैलाबाट गरेको इन्साफमा चीत्त बुझेन भंने प्रतेवादी मान सुन्दरको अपिल रहेछ।

अपिल पैलाको ईन्साफ सदर गरी प्रधान न्यायालय पैलाफाटको फैसला रहेछ।

ईन्साफ जानी पाउ भंने मान सुन्दर श्रेष्ठका नीवेदं पत्रमा मीसील झीकी ईन्साफ गरी अै सवाल बमोजिं गर्नु भंने का.मु.प्र. न्यायाधीसको आदेश रहेछ सो प्रतेवादीबाट दाषील भयाको राजीनामाको ल्याप्चे सही कुनै नबुझिने कुनै लालबहादुरको ल्याप्चे सहीमा मीलदैन भनी माष्टर दुर्गा प्रसादले लेषी दीयाको देषीनाले समेत इंसाफ प्रधान न्यायालय पैला

फाटले अपिलको सदर गरी छीनेको मुनासिव ठहर्छ सो इन्साफमा मान सुन्दर के प्रधान न्यायालय पैला फाटबाट गरेको डंड मोरु १। को हा.क ११ नं. ले सैकडा १० ले मोरु।१० दस पैसा डंड हुंछ रुजु हुदा असुल गर्नु भनी तहसीलमा लगत दी मीसील मीसील फाटमा बुझाई दीनु।

भैरवराज पंत
न्यायाधीस

हरिप्रसाद
प्रधान न्यायाधीस

ईती सम्वत् २००९ साल फागुण १५ गते रोज शुभम्।

**अभिलेख दर्ता नं.३१ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट नं.४९२/८२**

प्रधां न्यायालय सिङ्गल बेञ्च
अ.नं.४१४ (४९२/८२)

मुदा जगा

अपिलाट वादी : कमालाकांत रजौरे दाङ् बिर्ता रजौरा

विपक्षी प्रतेवादी : चेताकुमारी रजौरेनी दाङ मौजे भवानीञापुर इन्द्राकुमारी भुमाकुमारी पं कीस्नमाणी जि. हरीलालस्मेत

ईजलास
श्रीमाननिय न्यायाधीस प्रदिप्तमान्यवर नेपालतारा ले.ज. प्रकाससम्सेर जङ्गबहादुर राणा

फैसला

येस्मा मुलपुर्खा निलकंठ रजौरेको छोरा जेठा रघुवर कांछा उमाकांत भै जेठा रघुवरको छोरा म भएको र कांछा ऊमाकांतकि व्राह्मणि अंन्याय वाली चेताकुमारी हुँनाले मेरा ३ पुस्ताकी कांछी आमा पर्ने चेताकुमरीवाट प्र.ईन्द्रा कुमारी भुमा कुमारी भन्ने २ छोरी पैदा भै ७७x७८ सालक केमा हो निज चेताकुमारीका षसं परलोक भै विधुवा भयाकी चेताकुमारीको हक हुन गयेको लोगनेको अंस पुर्खाको आरजं जगा विगहा १०३।३॥३ मा रजौराको जगा वीगहा १५ को मोल रु१२२० लि मलाई ८९ साल वैसाष १८ गते कं रु२१०० ली सुक्रवारको जगा विगहा ४० मित्रलाल पुस्कर राज स्मेतलाई स्वही ८९ साल जेष्ठ १ गतेमा फाछ्र्यौं गरी दियाकी भै आधीदेषि वेसी आफु खुसि गरी ऊठाई सकेकि र आधी देषि घटी जगाबाट निज चेतालाई षान

लाऊन दी पुन्य तिर्थ वर्त गर्न स्मेत पुगने सुक्रवारको जगा विगहा ४०९२ दी विर्ता राक्सा चवरको जगा विगहा ८।१॥१३ निजले ऊठाऊन र आफु षुस गर्न तपाई वाचंजेल आयेस्ता सम्म भोग गर्न पाऊने स्व वांकी रहेको जगा मेरा सेषपछी तिमि भतिजा कै हक हुने हुँदा सुक्री विक्री केहि गर्ने छैन भनी धर्म गरेकी वाट अघीको व्यवहार तर्फ चुप लागी वसी हेरक कुराबाट हेरविचार गरी राषेको म ३ पुस्ताको हकदार भतिजालाई वास्तै नगरी अन्याय वाला चेताको छोरी ज्वाई किस्नमणि र भाई हरीलाल स्मेतको पक्ष मोलाहीजामा गै श्रव वांकी रहेको आफु षुस गर्न नपाउने जगा असल चाही आफनी छोरीलाई दिने अन्याय वाला चेता र जगा दान गर्ने अन्याय वाली इन्द्राकुमारी भुमा कुमारी दिलाऊने जि. हरीलाल इन्द्र कुमारीको षसं किस्नमनि स्मेतले पुर्खाका आरजंको वाकि राषको जग्गा विगहा ४८९३॥३ मध्ये सुक्रवारकव जगा विगहा २५९.१। जेठी छोरी इन्द्रा कुमारीलाई र जगा विगहा १५९.॥३ कान्छी छोरी भुमा कुमारीलाई विक्रीको भरपाही लिनु दिनु गरी रजिष्टेसं पास गरायेका र रक्सा चवरको रही पाषो ८।१॥३ मात्र वाकी राषी अरु ज्मै विक्री गरेको येही मर्ग ४ गते थापायेकोले नालेस गर्न आयको छु माथी लेषीये वमोजिं आफु षुसि गर्न नपाऊने जगा विगहा ४०९।२ फार्स्या लिने दीने दिलाऊनेलाई वुझी श्वगरे गरायेको फार्स्या वदर गरी लेषीयेको जगा ऊठाऊन र आफुषुसी गर्न नपाउने गरी पाऊ भन्नेस्मेत व्यहोराको वादी कमलाकांतको फेराद

म वृद्ध अवस्ता भयेकी मेरो हेरचाह गर्ने एका घरमा र भींद भएका ३ पुस्ता भीत्रको हकदारस्मेत नभएका म भीत्र वाहीर घश्रीपश्री गर्नुपर्ने गोडाको जष मिले दां तिर्थ वर्त तिथी श्राद्धस्मेत इत्यादी व्यवहार गर्दा लागेको री फरछयाउन स्मेतको कार्ज्यवाट धनी षान सावगास नपुगी विक्री गरेको अघी धेरै जमिंको थोरै मोल्मा फिरादीले र निजको संधि मित्रलाल स्मेतले लिएको हाल ऊसै माफिक लिऊला भंने भैरहेको मालको मोल नपुगी मैले नदी आठा श्रह्न मोल दी वावुको जमिं हामी लिंछौ भनी जगा विगहा २५९। को रु ३१५३४ ईन्द्रा कुमारीले र जगा विगहा १५९॥। को कं रु१९१२६ भुमाकुमारीले मलाई गनी गनाउ गरी दियाको वुझी लि मेरो

३ पुस्ताको हकदार नहुँदा सेषपछी हक हुने छोरीलाई फाछे गरी दियाकी हु फार्सेको वाहाना गरी छोरीलाई दियाको होईन रुपैञा नली विक्री गरेको भया थैली नली जाली कां गरे भंने उजुर दिन सकनु पर्ने नसकेको अघि विक्री गरेको वाहेक विक्री गर्ने छैन भनि धर्म गरेको भया लिषत गराई नली मुषको विस्वासमा रहेको भंने वेप्रतित लेषेको र वादी लेषा वमोजिं पुस्ता वारी मं कल्पीत अजमायस गरेको हो मुल पुरषा रामेश्वरको २ स्वास्नी मध्ये जेठी मनि कर्निका निलकंठ निजको छोरा रघुवर नीज रघुवरको छोरा यो कमला कांत रामेश्वरका कांछी व्राह्मणि तर्फका रुपा १ भीकु १ स्मेत २ भाई भै निज भिकुका छोरा मेरा षर्स ऊमाकांत हुनाले वेमात्री तर्फको पनी ३ पुस्ता वाहीरको फिरादीले लेषिये मुताविक पुर्खा पुस्ता लोप गरी वनावटी लेषाई वाट ३ पुस्ता भित्रको हु भनी मुदा लगाई लालचावाट आफुले यो परेव ऊजुर गरी छलछवावाट स्मेत यस्तै फरेव ऊजुर गरेको हो भंने चेता र हामी इन्द्र कुमारी भुमा कुमारी दुवै वैनी छोरी वाहेक अरु छोरा छोरी र एका घर भींद भएका ३ पुस्ता भीत्रका हकदार स्मेत नभयेको श्रीफ आमा चेताको व्यहोरामा लेषियाका परीवंदवाट विक्री गर्ने अवस्था परी आएकोले अरुले दिने आठा श्रहको मोल हामी दिंछौ भनी घर सारमा गनी वुझाई फार्से पास गरी लियाको हौ पार्सेको वाहाना गरी फेराद दावी वमोजिं गरेको होईन भंने प्र.इन्द्रकुमारी भुमा कुमारीको र म किस्नमणिको व्राह्मणी इन्दराकुमारी सासु चेता साली भुमा भयेका साहका व्यहोरामा लेषिये वमोजिं व्यवहार हुँदा म स्मेत रोहवरमा वसी भयको तेस पछी यो वादी म संग आई टाढाको भएपनि तपाईको सासुको हकदार हु मलाई विचार राषी दिनु पर्छ भंथे ३ पुस्ता वाहीरका हकदार हुँदा मैले प्रयोजं नगरेको स्मेत रीसवाट म स्मेतका उपर जुंठा उजुर गरेको हो झुठा फरेव वाट पुरसत गरी साचो व्यवहारवाट लिये दियेको सदर थामी पाऊ भन्ने स्मेत व्यहोराको प्र.कृष्णमणि स्मेतको यौटै प्रतेऊतर परेको

प्र.हरीलालले प्रतेऊतरै नदी म्याद गुजारेको येस मुद्दामा वुझिये सम्मका प्रमाण परीवंदबाट वादी ३ पुस्ता भीत्रकै हकदार देषिन आउको र हेरचाह गरेको स्मेत देषिनाले वादी दावी वमोजिं षुस गरन नपाउने जमिं

विकाना गरेको देषिनाले श्व विकाना वदर हुँने ठहराई ०६।५।२६ मा सुरू राज्य फलावां अदालतले फैसला गरे उपर प्रतेवादीको अपिल परेमा ईनै वादी प्रतेवादी स्मेत उपरमा छलाछवाको पनी येसै कुरामा दुडुवा पाहाड अमिनीमा मुदा परी कारवाई भै रहेको मिसिलवाट देषीन आयेको र लिनु दिनु गरेको जगा दां राज्य भीत्रको नदेषिई रैकर तर्फको देषिन आयेको र वादीले जुं कुरा वदर गरी पाऊ भनी फेराद गरेको हो श्वही लिनु दिनु गरी कां गरेको पनी राज्य ईलाका न भै दां देउखुरी मल्मा गरे भएको ईलाका पनी राज्यको नभै रैकर तर्फको देषिन आयेकोल यो मुदा अ.वं.४९ नं को १ दफा देहायका दाफाले राज्यवाट हेरी छीन्ने मुदा नदेषिई जगा भएको र कां भएको प्रतेवादी रहेको ............. पाहाड अमिनी वाटै हेरी किनारा गर्न पर्ने देषियेको वादी छला छवाको ऊजुर परी अमिनीमा दायर भएको देषिन आयेको र यौटै कुरामा ईनै मानीस उपर कुनैको ऊजुर राज्यमा र कुनैको रैकर तर्फको अमिनीवाट हेरी छींदा सरकारको आम्दानी हानी नोक्सानी हुन आउने भयेकोले यो ढुडुवा पाहाड अमिनीवाटै हेरी छीनी कीनारा गर्नु पर्ने राज्यले हेरी छीनेको देषीनाले राज्यले छीनेको सदर मांन नभै वदर हुने हुदा ईसाफ तर्फ निरोपण गरी रहन नपर्ने अपिलट अवस्ता पुगे पछी वादी प्रतेवादीलाई तारेषमा राषी अैंसवाल वमोजिं सुरू फैसला किनारा गर्नु भनी मिसिल दुडुवा पाहाड अमिनीमा पठाई दिने ठहराई ०६।१२।१७।५ मा पाल्पा अपिलवाट फैसला गरे उपर चित्त वुझेन भन्ने वादी कमलाकांतको अपिल परी आई मिसिल पठाई दीनु भनी पाल्पा अपिललाई लेषि पठाएकोमा स्व मिसिल सुरु कारवाई गर्न २००७।८।१ मा ढुडुवा पाहाड अमिनी चलां भै गयेको भनी जवाफ दियेकोले अमिनीलाई लेषी पठाउंदा ०७।९।१४ गते नेपाली कांग्रेसले यो अमिनी कवजा गर्दा मिसिल कागज पत्र सवै आंदोलंमा परी जलाई दियेको भन्ने व्यहोराको जवाफ दियेवाट मिसिल षडा गर्ना निमित्त प्र.चेताकुमारीलाई स्मेत झीकाई निज चेता कुमारीको वा पं किस्नमणिले र अपिलटको वा राममणी स्मेतले मिसिलको नकल दाषेल गरेकाले प्रधां न्यायलय पैल्हा फाटवाट मिसिल षडा गरेको येस मुदामा तारेषमा रहेको अपिलटको वा राममणिलाई

र प्र चेताको वा पं. किस्नमणिस्मेतलाई राषी छलफल गरी ईंसाफ तर्फ निर्णय पाल्पा अपिलका फैसला वमोजिं सुरू कारवाई गर्न मिसिल ढुड्डुवा पाहाड अमिनीमा पठाई दिनु पर्छ की भन्नालाई वादी छवा र प्रतेवादी भै अपिलट कमलाकांत भएको हक मेटाई जगा विक्री गऱ्यो भंने मुदामा सुरु अमिनी उपर यै अपिलटको अपिल परी आयेको श्व मुदावाट यो अपिलट ४ पुस्ताको ठहराई सुरु ढुड्डुवा पाहाड अमिनीले छीनेको ईंसाफ सदर भै आजैका मितिमा छीनियेकाले येस मुदाबाट केही कारवाई गरी रहन नपर्ने देषीयकोले येस मुदावाट अपिल्का फैसलामा लेषिया वमोजिंको निर्णय गरी रहन नपर्ने हुँदा त्पसिलमा लेषियेका कलंमा त्पसिल्मै लेषिये वमोजिं गरी तहसिलमा लगत दिनु ।

तपसिल

देहायेमा लेषियाका मानिसके सुरु राज्य फलवां अदालतका २००६।५।२६।१ का फैसलाले गर्ने गरेको देहाये वमोजिंको डंड नलागने हुदा असुल भया फिर्ता र नभया व्यहोरा जनाई लगत काटी दिनु भनी राज्य फलवां अदालतलाई पुर्जि गर्न तहसिलमा लगत दीनु -१

दां विर्ता ऊतर भेलाही वस्ने पं. किस्नमणि अचारजके मोरु २५। पचीस रुपैयाको कलं -१

राज्य दां वैजपुर वस्ने जि. हरीलाल रेगमिके मोरु २५। पचीसको कलं -१

दां जिल्ला भवानीत्रापुर वस्ने भुमा कुमारी ठकुर्निके मोरु १२।५० वार रुपैया पचास पैसाको कलं -१

ऐ ऐ वस्ने चेता कुमारी रजौरेनीके मोरु १२।५० वार रुपैया पचास पैसाको कलं -१

दां विर्ता ऊतर भेलाही वस्ने इन्द्राकुमारी आचारजेनीके मोरु १२।५० वार रुपैया पचास पैसा कलं -१

न्यायाधिश

ईति सम्वत २००९ साल फागुण २१ गते रोज ४ शुभं ।

**अभिलेख दर्ता नं.३२ वर्ष २००९**

प्रधान न्यायालय सिङ्गल बेञ्च
अ नं

अपिलाट प्रतेवादि कमलाकान्त रजौरे दाङ् बिर्ता रगौरा

विपक्ष वादि छनाकुमारी रगौरेनि दाङ सूक्रवार

मुदा: हक मेटाई जगा बिक्री गरे भन्ने

ईजलास
श्रीमाननिय न्यायाधिस प्रदिप्तमान्यवर नेपालतारा ले.ज. प्रकशशम्सेर जङ्गबहादुर राणा

फैसला

येस्मा मुलपुर्खा रामेश्वर रजौरेका २ स्वास्निमा जेठीतर्फका छोरा निलकंठ जेठा कांछीतर्फका माईला रुपा कांछा भीकुस्मेत ३ भाईमध्ये निलकंठका छोरा रघुवर निज रघुका छोरा कमलाकांत माईला रुपाका जेठि व्राह्माणीतर्फका होतारां निज होताराँको छोरा चीरंजिविको व्राह्मणि यो छला कांछा भीकुका छोरा चेताका षसं ऊमाकांत रजौरे हुदा निज ऊमाकांतका कमलाकांत बेमात्रीतर्फका ४ पुस्ताका र छलाको षसं चीरंजिवि स्वमात्रीतर्फका ४ पुस्ताका भतिजा पर्ने हुदा निज ऊमाकांतको ब्राह्माणी ई चेताका ४ पुस्ताका भतिजा कमलाकांत र ४ पुस्ताकै भतिजा चिरंजिविको ब्राह्मणि भतिजे बुहारी नाताका ४ पुस्ताका र दाजु रुपाका छोरा होताराम निजको छोरा तारादीपको स्वास्नि मरी भाई भिकुको छोरा मेरा षसंका भाई ऊमाकांतको स्वास्नि निज चेता मेरो ३ पुस्ताको देउरानी नाताकी भै निज चेताका अंन्ययवाली ईन्द्राकुमारी भुमाकुमारी २ छोरी

जन्मेपछि ७६।७७ सालमा के हो निज देवर ऊमाकांत परलोक भयेपछी निज्को अंस चेताका हकमा आएको दां बिर्ता रजौरा र राक्से चवर ऐ सुक्रवारको स्मेत गरी ज्मा १०३।३॥३ जग्गाको आयेस्ताले षान र दां पुन्य गरी बचत पनि हुने हकदारले हेरचाह गर्न पर्ने षसं छंजेल षसेर सेषपछी मैले पनि गरी राषेकोमा निज चेताले श्रव जगामध्ये रजौराको १५ बिगाहा कमलाकांतलाई र सुक्रवारको ४० बिघा मित्रलाल पुस्कर‍राजलाई ८९ सालमा फार्से गरेकीमा आधिसम्म मैले आफुषुस गर्न पाउनेमा केहि बढी फार्से गरेकी छु तापनी अब बाकीले षान लाउन दांपुन्य गर्ने हुनाले श्रव बाकी आफुषुसि बिक्री गर्ने छैन मेरा सेषपछी तिम्रै हक हुनेछ भनेकीले श्व व्यवहार तर्फ चित्त बुझाई षसंस्मेतले हेरचाह गरी बसेका नीज चेताका सेषपछी मेरो हक हुने कमलाकांत छलाकुमारी मभंदा टाढा ३ पुस्ता बाहेकका र मभंदा नजीकका हकदार अरु नभएको  निज चेताले आफूषुसी गर्न नपाऊने जगा विगाह ४०ऽ२ आफनी छोरी ईन्द्राकुमारी भुमाकुमारीलाई येही जेष्ट १८ गते फार्से गरी राजीष्टेसं पास गरेको येही मार्ग २७ गते था पायेकोले नालेस गर्न आयको छु म हकदारका मंजुरीवेगर गर्न नहुने फार्से गरी दिनेलिने स्व कांमा सल्लाह दिने अंन्यायवालालाई बुझी फार्से बदर गरी निज चेताले आफुषुसी गर्न नपाऊने आयस्ताले बाचुंजेल जिविका गर्ने सेष पछि मेरो हक हुने गरी पाऊ भन्ने वादी छवाको फेराद।

चेतकुमारीले छोरी ईन्द्र भुमालाई बिक्री गरेको भांबाट म हकदारको हक मेटाई मभंदा टाढाको हकदार कमलाकांतको रायबाट विर्ता जगा फार्से गरी लियेदीयेमा मैले दीयाको ऊजुर दायेरै छ दाबिवमोजिं चेताको नजीकको हकदार फेरादी र अरुस्मेत कोही छैन मेरो फेराद दाबिबमोजिं ३ पुस्ताको हकदार म हुनाले वादीको ऊजुर झुटा हो भंनेस्मेत ब्यहोराको प्र छलाकुमारीको र रामेश्वरका २ ब्राह्मणीमध्ये जेठितर्फका छोरा निलकंठ जेठा तर्फका छोरा रुपा माहीला कांछा भिकुका ३ भाई भै निलकंठका छोरा रघुवर माईला रुपाका छोरा होतारां कांछा भिकुका छोरा मेरा षसं ऊमाकांत हुनाले तारादीप हमाल लेषिये देषि बाहेक ४ पुस्ता  वाहिरको हुदा निजको स्वास्नि ३ ही पुस्ताभित्रको भै मेरो हेरचाह गरी आयको हकदार होईन

मुलपुर्खा रामेश्वरका जेठितर्फका छोरा निलकंठका छोरा रघुवरका छोरा कमलाकांत वेमात्रीतर्फको र निज रामेश्वरका कांछीतर्फका छोरा रुपा र निजको छोरा होतारामका छोरा चीरंजिविको व्राह्मणी छला श्र्वमात्रीतर्फको ३ पुस्ता बाहीरको र मेरो हेरचाह गरी नआयेका कमलाकांतले राज्य फलवां अदालतमा र छलाले यसै अमिनिमा यसै विषयमा पुस्ता पिढी लोप अजमायस गरी झुटा ऊजुर गरेकोमा येथार्थ ब्यहोराको प्रतेवादी दियेकै हुदा निज छला कमलाकांतका सल्लामतबाट यो झुटा ऊजुर गरायेका हुं ३ पुस्ताका हकदार हेरचाह गर्ने कोही नभयेको श्रीफ म एकली बुढी घुडादेषी मुनी गोडा नभयेकी छोरी ईन्द्रकुमारी भुमाकुमारीलाई पालंपोसं बिहा दां षान लाउन तिर्थव्रत दां पुन्य गर्दा रजौराको विघा १५ कमलाकांतलाई र सुक्रवारको विघा ४० मित्रलाल स्मेतलाई ८९ साल्मा बिक्री गरेकि र तेसपछी लेषियेबमोजिंकै कां कारबाई धानि षान नसकी बिक्री गर्ने भयेमा लेषियेबमोजिं हकदार नहुदा मेरो सेषपछी छोरीकै हक हुनेमा अरुले दिने श्रह मोल दिन्छौ भनी छोरीहरुले भनेकाले निज छोरीहरुलाई गरी दियेका फाछर्याबमोजिं मोल लि फार्छे गरेको हु ३ पुस्ताका भींन भयेका हकदार भये पनी हेरचार नगरी आयेकामा म ऊमेर अवस्ता पुगेकिले दसौदसम्म बाकी राषि आफु षुस गर्न पाउनेमा ८॥ बिघा बाकी नै हुनाले वादीको ऊजुर नपुगने भापनि ३ पुस्ता बाहीरका हुनाले ऊजुर पुग्न नसकनेमा ५×६ कोस फरक २ अडामा एकै विषयको मुदा लगाई केहि पाऊला भंने नियतबाट कमलाकांतका ऊजुरीतर्फ दियाका प्रतेवादीवमोजिं निजले जगा लिन पाईन भंने रीसले झुटा ऊजुर गरायेकोले झुटा ऊजुरबाट सफाई गरी छोरीबाट मोल लि गरेको फार्से सदर गरी पाउ भंने प्र. चेताकुमारी हामि ईन्द्राकुमारी भुमाकुमारीले माथी लेषीयेबमोजिं ३ पुस्ताभीत्रको कोही नभै हामिले हेरचाह गरी आयको सेषपछी हामिले ब्यहोर्न पाऊने आफ्नो हक कुरामा आमाको व्यवहारले बिक्री गर्नुपर्दा बाबुको आरजं लिने मंसाय भै रिं कर्जा पेवास्मेतबाट फार्से गराई लियेको हु भंनेस्मेत ईन्द्राकुमारी जेठितर्फ भुमाकुमारीको र मुलपुर्खा मेरा बुढाबाजे रामेश्वर निजकि २ ब्राह्मणी जेठितर्फको मेरा बाजे निलकंठ कांछा भीषा कांछीतर्फ माहिला रुपास्मेत ३ भाईमा जेठा हाम्रा

बाजे निलकंठका जेठा छोरा मेरा बाबु रघुवर माहिला छेत्रपानी कांछा चेताको षसं ऊमाकांतस्मेत ३ भाई र कांछा बाजे भीका कालगतीले मरी अपुतालि परेको र माहीला बाजे रुपातर्फ रुपाकि २ स्वास्निमा जेठि बाहुनितर्फ जेठा होताराम१ पद्मनाभ१ स्मेत २ भाई कांछी ठकुर्नितर्फ वादीको लोगने तारादिप हमालस्मेत ३ भाईमा होतारामको छोरा छलाको लोगने चीरंजीवी जेठा र माहीला गुरुप्रसाद कांछा अम्बरराजस्मेत ३ भाई भयेकोले वादी छावा र छलास्मेत मभंदा चेताकुमारीसंग १ पुस्ता टाढा र म नगीच हकदार हुदा निज कांछी आमा चेताकुमारीको हरेक व्यवहारमा मैले नै हेरविचार गरी आयेको र निज चेताले अधि छोरीको विवाह गर्दा र हाल दां पुन्य गर्नुपऱ्यो मेरा छोरा नभये तापनी तिमि जेठाजुतर्फको छोराहरुबाट पित्रीलगायेत मेरोस्मेत काजक्रीया हुने हुदा बांकी हकतिरै राषि केहि जगा विकाना गर्छु नजिकका हकदार हौ तिमि लिने भये लेऊ नलिये अनेत्र बिक्री गर्छु भनेकिले ८९ साल्मा जगा विगाहा १५ मैले र ४० बिगहा भिमलाल पुस्करराजलाई विकाना गरीदियेपछी अधि छोरीको विवाह गर्दा लागेको षर्च र छोरीहरुलाई दिने रुपैयास्मेत पुगेको र अब जगा बिक्री गर्नुपर्ने आवस्यकै नपरेको आधीभंदा बडी जगा अधि विकाना गरीसकेपछी बाकी जगामा मेरो मंजुरीबेगर छोरीलाई षुवाऊनाको मुरादबाट विकानाको भां पारी निज चेताले आफना छोरीहरुलाई फार्स्या गरी दी कंसल ८।१॥३ विघा बाकी राषेकिले विधुवा अंसधंका अँले आफुषुस गर्न पाऊने भंदा बढी हकवालाका मंजुरीबेगर फार्स्या गरेकाले था पाई राज्य फलवांन्मा मेरो ऊजुर परेकोले श्व था पाई कचा हुने भो भंने चलाषीले पुस्ता फरक पारी यो वादी छवाकुमारी र छलालाईस्मेत ऊठाई छुट्टा छुटै नालेस गरायेका मात्र हुं मभंदा नगीचका छवा र छला भये मलाई फार्छला गरीदीदा नजिकका हकदार भनी नलेषनुपर्ने श्र्व लेषेकोबाट स्मेत म नगीचको देषियेकोमा बिलकुल झुटा कुरा अजमाई पुस्ता फरक पारी झुटा ऊजुर गरेका मात्र हुं भंनेस्मेत ब्यहोराको प्र. कमलाकांतस्मेतको छुटाछुटै प्रतेऊतर परी साछीस्मेत वुझीयाको यस मुदामा वुझीयेसम्मका प्रमाण परीबंदबाट छला कमलाकांतहरु टाढा ४ पुस्ताका र नजिक ३ पुस्ताभीत्रको वादी छवा ठहरे तापनी निज छवा

पनि मरीसकेकी ऊ श्रहका नजिकका हकदार कोही नहुनाले किने बेचेको सदर ठहर्छ भनी सुरु दुडुवा पाहाड अमिनका हाकिं तहरिर मेंबरले र अघि कमलाकांतस्मेतलाई चेताले फार्से गरीदीदा नजिकको हकदार भनी लेषेको देषिन आयेको र निज चेताको हेरचाह गरेकोस्मेत मिसिलबाट देषियेको प्र. कमलाकांतका साछीले पनी नजिक हकदार पुस्ता पिढीबाटस्मेत ३ पुस्ताभित्रैको हुँ भनी बकेका हुनालेस्मेत नजिक हकदार कमलाकांत नै देषिन आयाकोस्मेत हुनाले सुक्रीबिक्री गर्न पाउने जति अघि नै बिक्री गरीसकेकोले हाल इन्द्रकुमारी भुमा कुमारीलाई बिक्री गरेको सदर नहुनेस्मेत हुनाले चेताको नगीचको हकदार कमलाकांत नै ठहर्छ भनी फाटवाला वि. बलरामको रायपर्चा भयेकोमा मैले दियाको राज्य अदालतमा परेको मुदामा पाल्पा अपिलऊपर प्रधां न्यायालयमा अपिल दिनुपर्ने छला छवाले दियाको मुदामा दुडुवा पाहाड अमिनी ऊपर बुटौल अपिलमा अपिल दिनुपर्ने वाहा गै अपिल दिनालाई १८० कोस टाढाका रैतिले नेपाल बुटौल २ तर्फ तारेषमा डुल्नुपर्ने आषीर यौटे कुराको मुद्दा भै ३ मिसिल नजोडी मुद्दाको टुंगो नलागने र ३ मिसिल भया पनी तिनवटै मुदा एकै पटक एकै अडाबाट छीनुपर्ने यौटै कुरा हुनाले अमिनीऊपरको अपिल पनी न्यायालयबाट वा जिल्लाको सटा अपिलबाट अपिल लि हेरीदिनु भन्ने प्रमांगी पाऊ भनी अपिलाट कमलाकांतले दियाको बिंतिपत्रमा येस्मा ब्यहोरा साचो भया मुदा यौटै भै दुईतिर नालेस परी कारवाई भयाको रहेछ भने स्वसमेत बुझी ठहरेबमोजिं गरीदिनु भन्ने श्रीमिनिष्टर कम्याण्डर इनचिफबाट भयाका प्रमांगी बमोजिं निज अपिलाट कमलाकांतको अपिल प्रधां न्यायालय श्रेस्ता फाटमा दर्ता भै बाडफाड हुदा प्रधां न्यायालय दोश्रा फाटमा परी श्व अडाबाट पैल्हा फाटमा सरी आयाको येस मुदामा अपिलाटको अपिल जिकिरस्मेत हेरी तारेषमा रहेको अपिलाटको वा राममणिलाई स्मेत राषि छलफल गरी निर्णय गर्दा सुरु दुडुवा पाहाड अमिनीका फाटवाला वि बलरामका रायपर्चा ऊपर प्र चेताकुमारी ईन्द्राकुमारी भुमाकुमारीस्मेतको अपिल परेकोमा इंसाफ हाकिं तहरीरको मुनासिब फाटवाला विचारीको रायपर्चा गल्ती ठहराई बुटौल अपिलबाट ०७।८।१५ मा फैसला भयाको

देषियाको र चेताकुमारी मेरो ३ पुस्ताभीत्रको हकवाला हुँ भंन्ने कुराको पका सबुद अपिलाटले दाषेल पेस गर्न नसकेको र प्रतेवादी छला र वादी छवाका लेषाईस्मेतबाट यो अपिलाट ४ पुस्ताकै देषिन आयेको र यो अपिलाटले प्र चेतास्मेत ऊपर राज्ये अदालतमा दियाको नालेसमा आफु ३ पुस्ताभीत्र पर्नेगरी मुलपुर्खा निलकंठ भनी लेषेको र येस मुदाको प्रतेऊतरमा मुलपुर्खा रामेश्वर भनी प्रतेउतरमा लेषेकोबाट ४ पुस्ताको भंन्ने अपिलाटकै लेषाईबाट देषीन आयाकोलेस्मेत ४ पुस्ताको ठहराई छिनेको इंसाफ दुडुवा पाहाड अमिनीका हाकिं तहरीर मेंबरको मुनासिब छ इंसाफ पारी छीन्ने हाकिंउपर अपिल गरेवबापत अपिलाट कमलाकांतके सुरु डंड कंरु १० को पैल्हा अपिल हुदा हा.का. १० नं ले सैक्रा १० ले कंरु १ एक दंड हुन्छ वारेस हुदा अैं बमोजिं असुल गर्नु भनि तहसिलमा लगत दिनु।

प्रकाशशम्सेर
न्यायाधिश

ईति सम्वत २००९ साल फागुण २१ गते रोज ४ सु।

**अभिलेख दर्ता नं.३३ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट न्.४९१/८४**

प्रधां न्यायालय सिङ्गल वेञ्च
अ.नं......

मुद्दा हक मेटाई जगा विक्री गर्‍यो भंने

अपीलाट प्रतेवादी : कमला कांत रजौरे दां विर्ता रजौरा

विपक्ष वादी : छना कुमारी रजौरे निउ दां सुक्रवारे

इजलास
श्री माननिय न्यायाधीश प्रदिप्त मान्यवर नेपाल तारा ले.ज. प्रकासशम्सेर जङ्गबाहादुर राणा

फैसला

येस्मा रामेश्वर का जेठो मनि कर्निका कांछी देव कला २ व्राह्मणि भै जेठी तर्फका जेठा निलकंठ र कांछी तर्फका माहीला रूपा कांछा भीकु स्मेत ३ भाई मध्ये हाम्रा पुर्दा माईला रुपाका जेठी व्राह्मणि र कांछी ठकुर्नि २ स्वास्नि भै जेठी व्राह्मणि तर्फका जेठा छोरा राम कांछा ऊमाकांत २ भाई र कांछी ठकुर्नि तर्फका तारादीप माईला समेत ३ माईला होतारामका छोरा चीरंजीवि की व्राह्मणि म कांछा ऊमाकांत कि व्राह्मणी प्र चेताकुमारी हुनाले मेरो वसंका कांछा वावुको व्राह्मणी निज प्र. चेता कुमारी हुनाले मेरो ३ पुस्ता भीत्रकी सासु नाताको नीज चेताका ईन्द्रा कुमारी भुमा कुमारी अंन्याय वाली २ छोरी जंमे पछी ७६x७७ साल के हो नीज चेताका षसं परलोक भै विधुवा भया पछी चेता कुमारीको हकमा हुन गयेको लोगनेको

अंश पुर्खाको आरजं दां विर्ता रजौराको विघहा १५ राकसे चवरको विघा ८।१॥३ ऐ. सुक्रवारको विघा ८०९२ स्मेत जगा विघा १०३।३॥३ विर्ता जगाले धान लाउन निर्थ वर्त दां पुन्य गर्न समेत पुगी वचत हुने हकवालालले गर्न पर्ने हेर विचार व्यवहार षसं र म स्मेतले र षसं परलोक भयेपछी मेरा छोरा स्मेत वाट मैले हेर विचार गरी ईजत साथ राषेकै र ३ पुस्ता भीत्रको म हकदार छदै रजौराको विघा १५ पन्द्र कमलाकांतलाई र सुक्रवारको विघा ४० भित्र लाल पुस्कर राजलाई ८९ सालमा नीज चेताले आधी भन्दा वेसी आफु खुसी फरमाजेस गरी उठाई सकेको भै वाकी जगाबाट खान लाउँन ईजतनुसार दां पुन्य गर्न सम्ते आयेस्ताले पुगी आऐको सुक्रवारको ४०९२ इराक्से राकसे चवरको ८।१॥३ स्मेतको वाचंजेल आयेस्ता सम्म भोग गरी जिविका गर्न पाउने मेरा सेषपछी निजी हकदारकै हक हुनेछ सुक्री विक्री कुनै गर्ने छैन भनी धर्म कर्म समेत गरेवाट आधी भन्दा वढी फार्से गरे तर्फ चुप लागी हेर वीचार गरी राषेको ३ पुस्ताको हकदारको वास्तै नराषी नीज चेताको सेष पछी मेरो हक हुने जगा वीघा ४८९३॥३ मध्ये कंसल राक्से चवरको ८।१॥३ मात्र वाकी राषी जगा विघा ४०९२ प्र कमला कांत का रायवाट निज चेता कुमारीले आफनी छोरी इन्द्रा कुमारी मुमालाई विक्रीको परी व्रतं अजन्याई फार्से षडा गरी ०५।२।१८ दां देउषुरी मालमा पास समेत गराई लिनु दिनु गरे भंने प्रमां षंड साछीवाट ०५।८।२९ गते था पाई नालेस गर्न आयाकी छु लेषीये वमोजिं आधी भंदा वढी अघावै आफु षुसी गरी सकेको समेतवाट आफु षुसी गर्न नपाउने जगा वीघा ४०९२ फार्से दीने लीने समेतलाई सजाय गरी लेषीएको जगा विघा ४८।३॥३ निज चेताका सेष सम्म निजले आयस्ता चलं भोग गरी जीवीका चलाई सेष पछी नजीक म हकदारको हक हुने गरी ईन्द्रा कुमारी भुमा कुमारीलाई गरेको फार्से वदर गरी पाउँ भन्ने समेत व्यहोराको वादी धना कुमारीको फेराद मुल पुर्खा रामेश्वर निजको २ व्राह्मणी जेठी तर्पको मेरो वाजे निलकंठ-१ कांछा मीषा-१ कांछी तर्फका माहीला रुपा-१ समेत ३ भाईमा जेठा हाम्रो वाजे निलकंठका जेठा छोरा मेरा वावु रघुवर माहीला छत्रेपाती-१ कांछा

चेताका वंस मेरा कांछा वावु उमाकांत-१ समेत ३ भाई र कांछा वाजे मीषा कालगतीले मरी अपुताली परेको र माहीला वाजे रुपा तर्फ २ स्वास्निमा जेठी वाहुनीतर्फ वादी कलाका ससुरा जेठा होताराम पमनाथ समेत २ भाई कांछी ठकुर्नि तर्फ तारादीप हमालसमेत ३ भाईमा जेठा होतारामको छोरा वादीको लोगने चिरंजीवि निजका भाई माहीला गुरु प्रसाद कांछा अमरराज स्मेत ३ भाई भयेकोले वादी छला र छवा समेत म भंदा चेता कुमारी संग १ पुस्ता टाढाका र म नगीचको हकदार भयेकोले वादी दावी वमीजिम अघि विक्री भयेको जगामा म नजीक हकदार भनी फार्सेमा साछी समेत राषेको र अैले स्व वादी दावी वमोजिमको निज चेताले छोरोहरूलाई फार्से गरी दियेको विघा ४०७२ समेतमा मैले म नगिच हकदार छदै जगा विक्री गर्न पाउने होइन भनी राज्य फलवां अदालतमा मेरो उजुर दायर भयेको सो कुरा था पाई यो वादीलाई उठाई झुटा नालेस गरायेको हुं निज छतार छवा समेत म भंदा टाढाका हकदार भयेकोले झुटा फरेव वाट फुरसत पाउँ भंने समेत व्यहोराको प्र. कमलाकांतको र मुल पुर्खा रामेश्वरका जेठी तर्फका निलकंठ कांछीतर्फका रुपा पीका समेत ३ भाई मध्ये रुपाको छोरा होताराम निजको छोरा चीरंजीवी निजको व्राह्मणी वादी छला र मीषाको छोरा उँमाको व्राह्मणी म चेता हुनाले फेरादी छला ३ पुस्ता वाहीरकी हुनाले वादीका लेष वमोजिंको अघि जगा विक्री गर्दा वाकी जगा तिमी नजिक हकदार भयेकोले तिमिले षानु भनी धर्म कर्म गरेको समेत होइन मेरो ३ पुस्ता भित्रको नगिज हकदार होइन नभयेकोले मेरो सेष पछि निजै छोरीहरूको हक हुने र आमा चेताको ३ पुस्ता भित्रको कोही नभयेकोले आमाको सेष पछी वादीको दावी वमोजिंको जगा हाम्रै हक हुने हुनाले हामीहरूको लिनु दिनु गरेको फार्से सदर गरी झुटा दावी वाट फुरसत गरी पाउ भंने प्र चेता इन्द्रा कुमारी भुमा कुमारी समेतको प्रतेवादी भयेको येस मुदामा वुझीये सम्मबाट वादी छवाले दीयेको येसै विसयको हक मेटाई जगा विक्री गरे भंने मुदामा प्र. कमलाकांत छवा ४ पुस्ता वाहिरको हकदार भंने ठहराई प्र. चेता इन्द्रा कुमारी भुमा कुमारीको गरे गरायेको फार्से सदरै राषने ठहराई आजै कीनारा फैसला भयेको हुनाले

येस मुदामा कारवाई गर्नु नपर्ने षारेज गरी दिने ठहराई ०७।३।१५ मा सुरु ढुडुवा पाहाड अमिनीका हाकिं तहरिर मेंवरले छवाको र कमला कांतको हक मेटाई सुक्री विक्रि गरे भंने मुदामा चेताका रेष देष समेत गरेको नजिक हकदार कमला कांत ठहरी आजै पर्चा सम्ते भै सकेकोले येस मुदाबाट कारवाई केही गरी रहनु नपर्ने ठहराई फाटवाला वीचारी वलरामको राय पर्चा भयेकोमा मैले दीयाको राज्य अदालतमा परेको मुदामा पाल्पा अपिल उपर प्रधां न्यायालयमा अपिल दिनु पर्ने छला छवाले दियाको मुदामा ढुडुवा पाहाड अमिनी उपर वुटौल अपिलमा अपिल दिनु पर्ने वाहा गै अपिल दिनलाई १८० कोस टाढाका रैतिले नेपाल वुटौल २ तर्फ तारेषमा पुग्नु पर्ने आषीर यौटै कुराको मुदा मै ३ मिसिल नजोडी मुदाको टुंगो नलागने र ३ मिसिल भयापनि ३ वटै मुदा येकै अडाबाट येकै पटक छींनु पर्ने यौटै कुराको हुनाले अमिनी उपरको अपिल पनी न्यायालयबाट वा जिल्लाको सटा सदर अपिलवाट अपिल लि हेरी दिनु भंने प्रमांगी पाउँ भनि अपिलाट कमलाकांतले दियाको विंती पत्रमा येस्मा व्यहोरा साचो भया मुदा यौटै मै दुई तिर नालेस परी कारवाही भयाको रहेछ भने स्व समेत वुझी ठहरे वमोजिम गरी दिनु भन्ने श्री मिनिवर याराद कम्यांडर इन चिफ वाट भयाको प्रमाङ्गि वमोजिम निज अपिलाट कमलाकान्तको अपिल प्रधां न्यायालय श्रेस्ता फांटमा दर्ता भै वाड फांड हुंदा प्रधां न्यायालय दोश्रा फाटमा परी मिसिल पसाई दिनु स्व अडावाट सुरु ढुडुवा पाहाड अमिनीलाई लेषि पठाउदा मिसिल काग्रेसको आंदोलंमा परी जलाई दियेको भनि जवाफ दियाको देषियाको मिसिल न्यायालय दोश्रो फाट वाट पैल्हा फाटमा सरी आई अपिलाटको वारेसले स्व मिसिलको भयेसम्मको नकल यै हो भनी दाषेल गरेको नकल वाट मिसिल षडा भयेको येस मुदामा तारेषमा रहेको अपिलाटको वा राममणिलाई समेत राषि छलफल गरी निर्णय गर्दा सुरुवाट वादी छला लाई ३ पुस्ताको हकदार ठहरायेमा निजले अपिलै नगरी चित्त वुझाई वसेकी र वादी छवाले दियाको हक मेटाई जगा विक्री गरे भन्ने मुदा वाट यो अपिलाट ४ पुस्ताकै ठहरी आजैका मितिमा छीनीयाकोले समेत यस मुदा तर्फ केहि गर्न नपर्ने ठहराई छानेको ईंसाफ ढुडुवा पाहाड

अमिनिको हाकिं तहरीर मेंवरको मुनासिव ६ फाटवाला विचारीको राय पर्चा गल्ती ठहर्छ गल्ती राय पर्चा गरेमा वि. वलरापाध्यायके हा का १५ नं ले कं रु १ र थप कं रु १ स्मेत ज्मा कं रु २ दुई जरीवाना र ईसाफ पारी छीन्ने हामिं उपर अपिल गरे वापत अपिलट कमलाकांत रजौरेके सुरुवाट दंड नगरेकोले हा का १० नं. ले कं रु १ एक दंड हुछ वारेस हुदा असुल गर्नु भनि तहसिलमा लगत दीनु।

न्यायाधीस

इती संवत २००९ साल फागुण २१ गते रोज ४ शुभं।

**अभिलेख दर्ता नं.३५ वर्ष २००९**

नेपाल प्रधान न्यालय डी .भी. जं वेञ्च
मुद्धा नं ६६९

अपिलाठ : सा.ङा. रिंजे तामाङ् पु नं १ सि पां ई.थंपाल चोक मौजे भोटे १ नांलां गाँउ ..............................................................१

विपक्ष - चतुरमान तमां पु.नं सिं पा.ई थुंपालचोक मौजे भोटे नांलागाउँ---१
लाल बहादुर तमां ---------------------------------------------------------१
जषमां तमां --------------------------------------------------------------१

मुद्दा जग्गा

ईजलास
श्री माननीय प्रधान न्यायाधीश हरीप्रसाद प्रधां एम.ए. वि एल.
श्री माननीय न्याधीश प्रदीप्त मान्यवर नेपाल तारा ले.ज.प्रकाश समशेर ज.व.रा.

फैसला

यसमा मिसिल झिकी हेरी प्रधां न्यायाधीशमा जाहेर गर्नु भन्ने ०५/५/१३/४ का आदेश मुताविक दायर यस मुद्दामा अपिलाट निज साङा रिं जे तामांले तोकिएको ०९/८/१५ गतेको तारीखमा हाजीर नभै गुजारी वसेकाले अ.व.२२६नं कांले यो उजुरी दायर रहन नसक्ने हुदा डीसमीस गरीदिनु।

निज साङा रिं जें तामाङ के इन्साफ मनासिव ठहरे हा.का.का. नाँउमा कराउने का ११ नं ले सुरु दण्ड मो.रु २। को सयकडा १० ले मोरु।२० हुनेमा डीसमीस गरायेवापत अ.वं २२८ नंत्यसको सयकडा ५

ले मो.रु ।१ येक पैसा  दण्ड हुन्छ । अैं बमोजिं तहशिलमा जानकारी दी मीसील मीसील फाँटमा वुझाई दिनु ।

प्रकाशसम्सेर                                        हरिप्रसाद
न्यायाधीश                                          प्रधांन्यायाधीश

इति सम्वत २००९ साल फागुण २६  गते रोज शुभम् ।

**अभिलेख दर्ता नं.३६ वर्ष २००९**
**२००९ सालको दे.न. ११ मि.न.**

श्री प्रधान न्यायालय डिभिजन बेञ्च
दा.नं.०७२

अपिलाट :- दिलबहादूर हमाल रामबहादुर हमाल पं. ४ नं पैञ्यू घूंसुं

विपक्ष :- लक्ष्मीपति काफले जैसी १
नन्दलाल ऐं ऐं १
अनंत लाल ऐ.ऐ १
भूवानन्द ऐ ऐ १
गौरिधर ऐ ऐ १
जि.भं नरभूपाल ऐं ऐं १
ऐ ऐ देउराली काफले घर वोटबारी

मुद्दा - बन्धकी जलसाजी

इजलास
श्रीमाननीय प्रधानन्यायाधीश हरिप्रसाद प्रधान एम.ए बि.एल
श्रीमाननीय न्यायाधीश महेन्द्रबहादुर महत क्षत्री

फैसला

यसमा हाम्रा जिजुवाजे पृथुदासका नाममा दर्ता भएको माटो मुरी।९४ को चिलुवा फाट भन्ने जगा मध्य माटो मुरी ।७४ प्र.भुवानन्दको वावु कुलानन्द लाई ५५ सालको वालि देखि भोग वन्धकीमा दिएकोमा हाल वावु वाजेहरु मरि हामीहरुले थैली बुझाउन जाँदा ७२ सालमा खानीवाट मालमा द्रता हुन जांदा र र ३ महलेमा स्मेत हाम्रा नाममा द्रता भै सकेको

थैली वुझ्दैनौं भनि ज्वाफ दिएकाले सो द्रता वदर गरि हाम्रो हक सदर गरि पाउँ भंने वादि हरु रहेछन।

वादिका दाविको जगा अघीनै वादिका वावु वाजेहरु वाट राजीनामा गरि लिई हाम्रा भाइ भाइ मा वण्डा लगाइ द्रर्ता गराइ खाएका छौ भोग बन्धक मा दिएको छैन भंने स्मेत प्रतिवादि हरु रहेछन।

३ महले हुँदा र सो भन्दा अघिनै स्मेत वादिका दाविको जगा प्रतिवादि हरुका नाममा दर्ता भएको देखिएकोमा उजुर गर्ने म्याद वर्ष भित्र वादिले उजुर नगरि म्याद नाघि सकेपछि मात्र उजुर गरेको देखिएको खारेज गर्ने गरी स्याङ्जा अदालत को ०६/७/२८/१ मा फैसला गरेको रहेछ।

सुरुकै इन्साफ सदरगरी पालपा अपिलले ७/७/२९/३ मा फैसला गरेको रहेछ।

वादिका दाविको ।७४ मुरी वाहेक ।२० खेतको २००२ साल देखिको तिरो भरो गरेको रसिद छ भनि वहिपार अपिल जिकिरमा स्मेत लेखेकाले सो ।२० मुरी तर्फ आफ्नो सवुद प्रमाण दिइ उजुर वाजुर जो गर्नु पर्छ गर्नु भनी वादीलाई सुनाई दिने। अव इन्साफ मालमा अपिलको मुनासिव ठहराई प्रधान न्यायालय दोस्रा फाटले ०८/१/९/१ मा फैसला गरेको रहेछ।

चित्त वुझेन इनसाफ जाची पाउँ भंने अपिलाट विंति पत्रमा वेहोरा साँचो हो र ०८ सालमा छिनिएको रहेछ भने यो मुद्दाको मिसिल झिकि इन्साफ जाँची ऐन सवाल वमोजिं गर्नु भनि ०८/६/९/३ मा आदेश भएको रहेछ।

तारेखमा रहेको वा.स्मेत को अपिलाट दिल बहादुर लाई राखी बुझ्दा म्याद भित्र उजुर गर्न नसक्ने पक्का सवुद वादिले केहि दिन नसकेको र बन्धकीमा खान दिएको भनेकोमा पनी त्यसको सबूद प्रमाण छ भंनेले ............. सकेको स्मेत वाट इनसाफ प्रधान न्यालय दोस्रा फाटको मुनासिव छ। मुद्दा दोहोराएमा अपिल वाट दिल वहादुर हमाल राम वहादुर हमाल के सुरु दण्ड मो रु.१। को हा.क.११ नम्वर का ऐन बमोजिम सैक्दा

१० ले मोरु।१० दण्ड हुन्छ, दिल वहादुर रुजु हुँदा निजलाई दामासाहिले लागेको दण्ड मो रु ।५ पाँच पैसा असुल गर्ने राम बहादुरको वारेस हुदा निजलाई दामासाहिले लागेको दण्ड मो रु ५ पैसा असुल गर्न अ.त.देमा लगत दिइ मिसिल इलाका अदालतमा पठाउन अ.त. मिसिल फाटमा बुझाइदिनू।

महेन्द्रबहादूर महत
न्यायाधीश

हरिप्रसाद प्रधान
प्रधान न्यायाधीश

इती सम्वत् २००९ साल फालगुण २७ गते रोज ३ सुभम्।

**अभिलेख दर्ता नं.३७ वर्ष २००९**

नेपाल प्रधान न्यायालय दिभीजन बेञ्च
मुदा नं ५७१

उजुरवाला प्रतेवादी का नरदेवि बस्ने सौभाग्यश्वरी वझेनी

विपक्ष वादी का.मरुहीतीतोल बस्ने वीस्नुदेव झा

मुदा गुठी धर्म लोप गरे भंन्ने

ईजलास
श्रीमाननीय प्रधान न्यायाधीस हरिप्रसाद प्रधान एम्.ए. बी. एल.
श्रीमाननीय न्यायाधीस भैरवराज पन्त पाध्या

फैसला

सु. कुलानन्द झाको ४ छोरामा काजी हीरालालस्मेत ३ जना मुगलानमा बसेको मेरो बाजे लेफटें भैरवलाल नेपाल नरदेबीको घर समेत स्याहारी बसेकाले वाजेका सेखपछी बाबु भगबतलाल झाले सो गुठी घर वन्धक राखी धर्मलोप गरे भन्ने सत्यराजसमेतले उजुर गरेकोमा सो कुरा ठहरी फैसला भयको सो घर सत्यराजले हर्षरत्नलाई २००४।८।१७ मा रु. १२०१ मा वंधकी दी बाँकी अरु श्रीसंपती सौभाग्श्वरिलाई वक्सगरी लेखि दियको सत्यराज २००४ साल फागुणमा मरेको मदेसमा मैले थापाई आउदा वंधकी वक्सपत्र दियको कुरा थाभएको जुं गुठी घर स्मेत बन्धकी दींदा मेरा बाबुले धर्मलोप गरेको ठहरे सो घर सत्यराजले वंधकी दीयकोले वन्धकी दीयको र वकस पत्र लेखी दियको बदर गरी सावीकबमोजिं गुठी चलाई खान सो घरस्मेत मलाई दीलाईपाउँ भन्नेस्मेत वादीको वींती पत्र वयां रहेछ।

दाजु सत्यराजका स्वास्नी छोराछोरी र ३ पुष्ता भीत्रको हकवालास्मेत कोहि नहुँदा २००४।९।७ मा रजिष्टसं पास गरी सेसपछीको वक्स पत्र गरी दियकोले हेरविचार स्याहारसम्भार गरी आयको २००४।१२।३।२ मा परलोक भयकोले नीजको काज किर्या र देवताको नीत्य पर्व पुजास्मेत मैले गरी गराई बाँकीरहेको श्रीसम्पती गैर मैले षाई आयेको छु वादीले दावी गरेको घर वादीका पुर्खा अघी नै अंस भै छुटि सकेकोले वादीस्मेत कसैको हकलाग्ने हैन वंधकी दियको मलाई थाछैन भंन्यस्मेत प्रतिवादी वयां रहेछ।

भीत्रपट्टी खन्डको १ नाले २ तले घर भगवतलालको बाबु भैरवलालले बंधक राषी धर्मलोप गरे भंन्य नालेस परेको र बाहीर सदकको झगडा परे बाहेकको पसल भयको उत्तरपट्टीको घर मेरा सोवासी घर भनी वींती पत्र दीयको स्मेत देषीयको गुठीको सो उत्तर मोहडाको घर पनि हो भन्य केही सबुद दीननसकेकाले उत्तर मोहोडाको घर बाहेक उत्त पटिको पुर्व दाखिंनालको १ नाले घर गुठी ठहर्छ सो घर बंधकीलीयको सदर नहुँदा बदर हुन्छ भनी सुनाई दिने सेस वाँकी वन्दागरी खान पाइन्छ बक्सपत्र बदर गरी पाऊँ भन्ने हक्मा यो घरको कुरै नलेखि समुच लेखी दीयको आफ्नु हकपुग्ने भनी लेखी दिनुलिनु पाउने नै हुदा वकसपत्र बदर गरी पाऊँ भन्ने दावी पुग्दैन भन्ने स्मेत राजधानी काठमाण्डौ देवानी अदालत पैलाको फैसला रहेछ।

हाम्रा पुर्खाले राखेको अंसमास्मेत हाम्रै भागमा परेको घर मध्ये १ कोठा वाकी राखी अरुमा ३०।४० वर्षको भगवतलालको बाबुलाई वस्न दिइको सो घर सुरा वीर्ता भनी वीक्री गर्न पाइने हैन भन्ने स्मेत सत्यराजले नालेस गरेकोमा सो घर मध्ये ऊत्तरलङमात्र गुठी पर्व दछिण लङ्को मेरो सुवा घर हुदा वंधकी दियको अंन्य भगवतलालको प्रतेवादी भयकोमा सो घर गुठी नै ठहरी फैसला भयको भन्य देखियको वीर्ता भन्ने सवुद बक्स पाऊने प्रतेवादीले केही गुजार्न नसकेकोले उत्तर मोहोडाको घर वीर्ता भनी सुरु देवानी अदालतले गल्टी गरेको ठहर्छ गुठी घर बनाई बस्ने सत्यराजले गरी दीयको बक्सपत्र हुदा गुठीका ४ नं बमोजिं सेस वन्दा गरी खानपाउछ

भनी दुवै ठर झगडीयालाई र गुठी घर हुँदा वंधकी लीयको सदर हुन्दैन भनी हर्ष र लाई सुनाई दिने भनी अपिल तेस्रा फाटले २००७।८।१९ मा फैसला गरेको रहेछ।

अपिल तेस्रा फाटले ठहराई छिनेको मनसिव गरी २००८।१।२७ मा प्रधान न्यायालय चौथा फाँटले फैसला गरेको रहेछ।

सौभाग्यश्वरीले दीयका वींतीपत्र भयका आदेशबमोजिं उजुरवाला सौभाग्यसोरीको वारेस ब्रहमनाथ झा र झिकाई आयको झगडीया विस्नुदेव झाको वारेस श्री नारायण झालाई राखी बुझ्दा ६१ सालमा देवानी अदालत कोटिलिङ्बाट भयको फैसला हेर्दा भित्र पट्टी १ नाले ३ तले घर भगवतलालले बन्धकी राखी धर्मलोप गरेमा नालेस गरेको छु झगडा परे बाहेकको सडकपट्टीको पसल बनायको भत्काईदिय भन्नेस्मेत घरपसल भत्कायो भनी सत्येराजले भगवतलाल उपर नालेस गरेकोमा सो घर पसलस्मेतमा धर्मलोपमा उजुर परेको छ भंने प्रतेवादी भगवतलालको लेखाई नभै वाहीरको घर गुठी हो मैले वन्धक राखेको घर मेरो सोवासी हूँ भंन्ने जिकिर भयकोले सो बाहिरको घर सत्यराजले मेरो सो वासी घर भनी वीन्तीपत्र दियको पनी सो फैसलाबाट देखिन आयको ऊतर मोहडाको वाहिरको घर पनी गुठीको नै भय गुठीघरलाई मेरो सोवासी भनी वीन्तीपत्र चढायपछी मुदा परि झगरिया भै रहेको यो वादीको वावु भगवतलालले उजुर नगरी चुपलागि बस्दै नवस्ने उजुर गरी सो वाहिरको घरस्मेत गुठी कायं गरायको छ भंन र सो घर गुठी नै हो भंन अरु कुनै सबुद दीन नसकेको र सो भगवतलालको प्रतेवादीमा जो कंगाल हुन्छ ऊस्ले सो गुठी घरमा बस्ने भत्केबीग्रेमा सबैको सलाले बनाऊन पर्नेमा नीजले बनायकोले भत्कायको भंन पनि लेखियको तेस्तो सबैको सलाले बनाउनु पर्नेमा सला वेगर आफुखुसि आफू यकलौटी गरी बनायको भत्कायेको भय भत्काउन नहुने भत्कायेको ठहराई वीगो भराई दीनेगरी फैसला गरेको उपर अपिल गरी सो फैसला बदर गराउन सक्नुपर्नेमा भत्काउन नहुने भत्कायको ठहराई सजाय गरेकोमा चित बुझाई बसेको देखिनालेस्मते वाहीर उत्तर मोहडाको घर गुठी भन्ने कुरा दुवै देखिनाले ईन्साफ सुरु देवानी अदालत फैला फाटले ठहराई

छिनेको मनासीव अपिल तेश्रा प्रधान न्यायालय चौथा फाटले गल्टी गरेको ठहर्छ तल लेखिय बमोजिं गर्न अदालत तहसिलमा लगत दिनु।

रा.का. देवानी अदालत पैला फाटका २००६।९।२९ का फैसलाले वादीबाट राखेको कोर्ट फी मध्ये वीर्ता ठहरेको घरतर्फको कोर्टफीं ३० रुपैञा जफत गर्ने गरेकोमा अपिल तेश्राका फैसलाले प्रतिवादी सौभाग्गश्वरीबाट भराई दिने गरेकाले प्रधान न्यायालय श्रेष्टा फाट मार्फत २००७।११।८ मा अ.त विगो फाटमा ढरौट राषेको मोरु ३०। तीस रुपैञा बादी विस्नुदेवले भरी नपाउने हुदा अैन सवालको रीत पुऱ्याई फीर्ता दीनु भनी अ.त. वीगो फाटमा लगत दीने -------------------------------------------------------१

केही उल्टीमा देहायका अडाका देहायका मानीसके केही गर्ने पर्दैन -१

प्रधान न्यायलय चौथा फाटका या

मी.सु. ईन्द्रलाल अमात्य डी. विस्नु प्रसाद पाध्या

वी. रामबहादुर जोसी

अपिल तेश्राफाटको सु देवीप्रसाद उपाध्या

ख देवराज जोसी उपाध्या वी. रघुनाथ उपाध्या

देवानी अदालत पैलाफाटका देहायका मानिसके अपित तेश्रा फाटका फैसलाले केही उल्टीमा गर्ने गरेको जरिवाना नलाग्ने हुँदा असुल भयको फिर्ता नभयको वेहोरा जनाई लगतकाटी दिनु भनी अ.त.देवानी फाटमा लगत दिने -----

ना.सु. हेरम्वराज गुरुघराना पण्डित ज्यूके गरेको रु।६०

अ.डी प्रेंलाल श्रेष्ठके गर्ने गरेको रु।२५

व. मनहर्ष भडारी के गर्ने गरेको रु।१५

भैरवराज पंत
न्यायाधीस

हरिप्रसाद
प्रधान न्यायाधीस

इति सुम्वत् २००९ साल फागुण २८ गते रोज ४।

**अभिलेख दर्ता नं.३८ वर्ष २००९**
**रिट नं २११/१०४३**

नेपाल प्रधान न्यालय डिभिजन वेन्च
मुद्दा नं १०४३

जील्ला प्रगेना महुतरि मौजे सकरी वस्ने सुगावती मैथली बाम्ननी

विपक्ष : ऐ.ऐ.वस्ने मोहन झा स्मेत

मुद्दा - लीलां वेहीसाव

ईजलास
श्री माननीय न्यायाधीस हरि प्रसाद प्रधान एम .ए वी.एल
श्री माननीय न्यायाधीस भैरव राज पन्त पाध्या

आदेश
यसमा सुगावतिले चढायको नीवेदन पत्रमा श्री ५ महाराजधिराज बाट भएका आदेश बमोजिं ईन्साफ जाची दीनु होला भन्ने राजेवेवस्ता बाट लेखि आई दायर भएको यो मुद्दा २००६ सालमा खड्ग नीसाना भै छीनीएको भन्ने वीन्तीपत्र लेखाई वाट देखिएको २००६ सालमा छोनीयको मुद्दा प्रधान न्यालय वाट दोहाई हेर्ने गरी नै आयको हुनाले सो बेहोरा श्री ५ माहाराजधिराज का हजुरमा जाहेर गर्न राजे वेवास्थालाई लेखि पठाई मुद्दा दोहोरिन नसक्ने भयको वेहोरा उजुरवालालाई सुनाई तारेख तुलाई मीसील समेत तामेलीमा राषन जलेश्वर अमिनीमा पठाइ दीनु।

न्यायाधीश प्रधान न्यायाधीश
इति सम्वत् २००९ साल फागुण २८ गते रोज।

**अभिलेख दर्ता नं.३९ वर्ष २००९**

नेपाल पधांन्यायालय डिबिजन बेन्च
सा १२४

वादी - पूर्व ३नं इ. जिल्लै चिसंखु मौजे चौरासि भिडरीबोटे जेमीरे माथिल्लो बतासे बस्ने औलीमाया जमिदार्नी

प्रतेवादी - पुर्व ३ नं इ जिल्लै चिसंखु मौजे चौरासी माथिल्लो विना बस्ने अत्रमान जमीं १
ऐ. का एकाघर संगका छोरा नरवाहादुर जमीं..........१

मुद्दा : रामजित मरेको ज्यान्

इजलास
श्री माननीय प्रधांन्यायाधिस हरिप्रसाद प्रधां एम. ए .वि .एल
श्री माननीय न्यायाधिस प्रदिप्त मान्नेवर नेपाल तारा ले.ज. प्रकास सम्सेर जङ्गबहादुर राणा

फैसला

यसमा घास खोस्टाको निहु वाट झगडा उठी प्रतेवादी हरुले लोग्ने रामजितलाई कुटी मारे भन्ने औलीमायाको उजुरी बयां रहेछ।

घास खोस्टा माग्न जादा छोरा नरवाहादुरलाई वादीको लोग्ने रामजितले र वादीसमेत भै कुटी रहेको देखी मैले कुटेको छु भन्ने अत्रमानको मलाई कुटिरहेको देखी वावु अत्रमानले रामजीतलाइ कुटेको र त्यै चोटवाट मरेको हो मैले कुटेको होइन भंने नरवाहादुरको प्रत्येवादी वयां रहेछ।

वुझिएसम्मका प्रमाणवाट नरवाहादुर लाई ६ महिना देखि ३ वर्ष सम्म तजविज वाट सजाय हुने र अत्रमान लाई दामल गर्दा अमल खाई

भोजको दिं मा आफन्त दाज्यू भाई मा झगडा हुन गै रामजीत मर्न गएकोले मर्का पर्ने भनी भोजपुर न्यायालयवाट २००८साल जेष्ठ २९ गते रोज ३ मा जाहेरी फैसला गरेको रहेछ।

नर वहादुरलाई ३ वर्ष कैद गर्ने अरु मनासिव ठहराई ०९ साल पौस ४ गते प्रधां न्यायालय दोस्रा फाटवाट जाहेरी फैसला गरेको रहेछ।साधक द्वारा पेश हुन आएको यो मुद्दा बुझ्दा सर्जमिन कसैले पनी र नर वाहादुरले कुटेको र निजका कुटाई को चोटबाट मरेको भंन नसकेका नरवाहादुरको रामजीत संग झगडा भै रहेको ठाँउमा अत्रमान आई रामजीतलाई कुटेको भनी सर्जमिनले लेखिदिएका बाट समेत नर वाहादुरको कसुर नदेखिएको हुँदा अव अरु सजाय गर्नु पर्दैन जेलखानाबाट छाडी दिनु भनी जनाउ दिनु अत्र मानका हकमा ज्यानै मार्न पर्ने किसिमको रिस इवि नदेखिएको दाज्यू भाईमा अकस्मात झगडा उठी कुटपिट भै त्यै चोट वाट रामजीत मर्न गएको देखिएकोले निजका हकमा अंश सर्वश्व गरी थुनियका मितिले कैद बर्ष ६ छ गर्नु भनी मिसिल धंकुटा अपिलमा पठाई दिनु।

| | |
|---|---|
| प्रकाशशम्सेर | हरिप्रसाद |
| न्यायाधीस | प्रधां न्यायाधिस |

इति संवत २००९ साल फाल्गुन २९ गते रोज ५ सुभं।

**अभिलेख दर्ता नं.४० वर्ष २००९**
**रिट नं.२१२/११५०**

नेपाल प्रधान न्यायालय सींगल बेञ्च

भरत शम्शेर ज.व.रा. बिरुद्ध गृह विभाग

ईजलास
श्रीमाननीय न्यायाधीस हरिप्रसाद प्रधान एमए वी एल

आदेश

यस्मा २००९ साल पौष २९ गते भरत सम्सेर जङ्ग बहादुर राणालाई पोखराबाट गीरफतार गरी माघ २९ गते काठमाडौं पठाय वीधानको धारा १८ मा लेखियको स्वतन्त्रवाट वहालाई वंचित गरीयको छ पोखराको वडा हाकींमले गैर कानुनी तवरले आफु ईच्छा अनुसार वचावको वहाना गरी थुनुवामा राषेको गैर कानुनी कारवाई हो भन्ने स्मेत जगदिस सम्सेर जङ्ग बहादुर राणाको २००९।११।२६ को नीवेदन पत्र पेस भै नीज भरत सम्सेर जङ्ग बहादुर राणालाई कैले देखि के वेहोरावाट कुन अैं सवालले थुनामा राषेको हो तेस्मा काहावाट के कारवाई भएको छ नीजलाई अैंले छाडन हुने नहुने के हो यथार्थ खुलाई ली २००९ साल फागुण ३० गते सो वीसय छलफल गर्न तपाई सोयं आउनु वा एटर्नी जनरललाई पठाईदीनु होला भंने आदेस बमोजिं नीवेदन पत्र नकल स्मेत पठाई गृह विभागलाई लेखि पठाएकोमा आज एटर्नी जनरल आई भरत सम्सेर थुनावाट छुटि सक्नु भयो भन्नु भएकाले सो नीवेदन पत्रवाट अव केही कारवाई गर्न नपर्ने हुंदा तामेलीमा राषीदिनु ।

प्रधान न्यायाधीस

ईती सम्वत् २००९ साल फागुण ३० गते रोज ६ ।

**अभिलेख दर्ता नं.४१ वर्ष २००९**

नेपाल प्रधान न्यायलय सिङ्गल बेञ्च
ठा नं २५४

अपिलाट वादी काई कालिमाती बस्ने ख. मोहनमान श्रेष्ट

विपक्ष प्रतिवादी काई चिकंमुगल् बस्ने हिरामान महरजं एक१

मुद्दा लेन्देन हर्जाना

श्रीमाननिय न्यायाधीश प्रदिप्त मानेवर नेपालतारा ले.ज. प्रकाशशम्सेर जङ्गबहादुर राणाको ईजलास

फैस्ला

यस्मा ०३ सालको जेष्ट मसान्त सम्ममा २ लाख ईट तयार गरुला नगरे हर्जाना बुझाउला भनि कमीसन मोरु २५। कट्टी गरी रु ४९७।५० को कागज हिरालाई दि४० हजार ईट बनाइ अरु ईट तयार गर्न रुपैया पेस्की मागेमा ईट लिने मैया साहेवबाट रुपैया नआएकोले अैले दिन सक्तिन सरसापती ली काम गर भनेकोले २२००। सापती गरी बुझाउन जादा नबुझी दिएका कारणबाट बिक्री गर्दा सैक्रा १२ ले नोक्सान पर्न गै जम्मा मो रु३०० नोक्सान परेको सो कटाई देउ भंदा आलटाल गरी आषिर मेरा नाउमा नालेस गरी मैले रु ५२२।५० बुझाउनु पर्ने भनी फैसला भै मेरो नोक्सानी भएको रु ३०० को हीसाबै नभएकाले सो ३००। भराई सजाये गरी पाउ भन्ने समेत वादी रहेछ।

वादीका लेखाइ बमोजिम नोक्सानी परेको बुझाउछु भनेको पनि होइन। ईटका हकमा कस्को मञ्जुरीबाट बिक्रि गरेको हो। मेरो मञ्जुरी वेगरको हुदा रुपैया बुझाउनु पर्ने होइन भंने समेत प्रतिउत्तर पत्र रहेछ।

बुझीए सम्मका प्रमाण परिवन्त्धबाट वादीको दावी झुट्टा ठहराई सुरु दोश्रा फाटले र सो सदर गरी अपिल पैला फाटले ०८।९।१३ मा फैसला गरेको रहेछ।

यस्मुद्दामा अपिलाटको जिकीरसमेत हेरी अपीलाटलाइ राखी जाच्दा प्रतिवादीले ईट बुझी नलिएबाट नोक्सानी भराई पाउने लिखत सबुद केही दिन नसकेकोले समेत हर्जना दिलाई पाउ भन्ने अपील जीकीर मुनासिव नदेषीदा सुरु अदालतको इन्साफ सदर गरी अपिल फाटले छिनेको मुनासीव छ।

इन्साफ हऱ्यायेमा अपीलाटके सुरु दंड कोर्ट फी मो रु १५। पन्द्र रुपैयाको हाकफमका नाउमा कराउनेका ११ नं. ले तेस्को सैक्रा १० ले मो रु १।५० कोर्ट फी वापत थप दंड हुन्छ। रुजु हुदा असुल गरी अ.त. दे. फाटमा लगत दी मीसील फाटमा बुझाई दिनु।

प्रकासशम्सेर
न्यायाधीश

इति सम्वत् २००९ साल चैत्र ४ गते रोज ३ शुभं।

**अभिलेख दर्ता नं.४२ वर्ष २००९**

नेपाल प्रधान न्यायालय सिंगल बेञ्च
अनं २४

अपीलाट वीरमां तामां पु. १ नं. मंगलटार

विपक्ष सी. मेघबहादुर

मुदा पुरानो मोहर निकासी

श्रीमाननीय न्यायाधीश महेन्द्रबहादुर महत छेत्रीका ईजलास

फैसला

२००८ साल आश्वीं ३१ गते पुरानो मोहर २३२९।५० रुवाको भारीमा हाली लान लागेकाले पक्राउ गरी दाषेल गरेको छु भनि ८।६।३१ को मेघबहादुरको जाहेरी उजुरी र नेपालबाट नीकासी गर्न पुरानो मोहर लगेको हुँ भनि वीरमांको वयाँ नीकासी गर्न भनी नलगेको भये नम्बर पुरानोस्मेत हुन पर्ने तेसो नभै त्यै पुरानो मोहर देषीनाले नीकासीकालागि लगेको ठहरनाले ईस्तीहार बमोजिं जफत गर्ने र जाहेरवालालाई ईस्तीहार बमोजिं कमीसन दीने कोतवालीले फैसला गरेको सदर गरी ८।१२।२९ मा अपील पैलाले फैसला गरेकोमा चीत वुझेन भन्ने वीरमां को अपील परी निज वीरमांस्मेत राषी विचार गर्दा रागाँ ल्याई वेपारगरी ल्यायेको रुपैया भये नञा पुरानोस्मेत छ्यासमीस हुनु पर्ने सो नभै २३२९।५० पुरानो मोहर देषीयेकाले र पैले कागज गर्दा निज अपीलाटले मोगलां नीकासी गर्न ल्यायेको हो भनी सावीती भै कागज गरेको देषिनाले र अरु सुरु अपीलका फैसलामा लेषीया बुँदा प्रमांस्मेतबाट ईनसाफ अपील पैलाको मनासिव छ

ईनसाफ पारी छीन्ने हाकिं उपर अपील गरे बापत वीरमां के सुरु दंड मो रु २३२।९ को दोश्रो अपील हुदा हा. का. १० नं ले बिसौद थप दंड मो रु ११।६५ एघार रुपैया पैसठ्ठी पैसा दंड हुन्छ रुजु हुदा अ.त. फौमा लगत दी मिसील मिसील फाटमा पठाई दीनु।

महेन्द्रबहादूर महत
न्यायाधीश

इति सम्वत् २००९ साल चैत ५ गते रोज सुभम्।

**अभिलेख दर्ता नं.४३ वर्ष २००९**
**सम्वत २००९ सालको नं १३८१**

प्रधान न्यालय सिङ्गल वेन्च
अपिल नं १३८१

अपिलाट : वावुराम भट्टको मुद्दा सकार गर्ने निमाराम भट्ट पिउठान भित्रिकोट मौजे पुंडेखोला

विपक्ष : वावुराम गोतामे ....१
रोप बहादुर क्षेत्री समेत २ जना ऐ-ऐ वस्ने

मुद्दा :- तालुकी

इजलास
श्री माननिय न्यायाधीश प्रदिप्त मानन्धर नेपाल तारा ले.ज प्रकाश शमशेर जङ्गवहादुर राणा

यसमा दोश्रा पटकको तारेख निमारामले थामीसकेको देखिएका र पछि जुन पटकको तारेख भए पनि यामी दिनु भंने आदेश अनुसार तारेखमा रहेको निज निमारामको वारेस भरतमणी शर्माले ०९/११/२५ को मितिको तारेख गुजारेको देखिएकोले डीसमीस गरिदिनु डीसमीस गरायेवापत शुरूवाट डंड जरिमाना केहि नगरेकाले तजविजी रू १ डंड हुनेमा डिसमीस भएकाले सै का ५ ले रू ५ पैसा डंड हुन्छ। बेरुजु हुदा असुल गर्नु भनी अत दे फाटमा लगत दीने।

इति सम्वत २००९ साल चैत्र ७ गते रोज ६ शुभम्।

**अभिलेख दर्ता नं.४४ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट नं.१४२/१६९**

नेपाल प्रधान न्यायालय सिंगल बेञ्च
अ.नं.
मुद्दा : जगा जालसाजी

अपीलाट : का.प.इ.ना.ला.लागं टोल बस्ने पुन्द्रमान श्रेष्ट

विपक्ष : का.प.इ नाला ग्स टोल बस्ने हरिदार श्रेष्ठ
ऐ.ऐ.लागं टोल बस्ने कुलबहादुर श्रेष्ठ
ऐ.ऐ. बस्ने पुर्ण बहादुर श्रेष्ठ
ऐ.ऐ.बस्ने तुलसीमान श्रेष्ठ
ऐ.ऐ. बस्ने चन्द्रमान श्रेष्ठ
भ.पु.इ. नाला

इजलास
श्री माननीय न्यायाधीश प्रदिप्त मान्यवर नेपाल तारा ले.ज
प्रकाश सम्सेर जङ्ग बहादुर राणा

फैसला

यसमा अपीलाट पुन्द्रमानले ०९ साल माघ २६ गतेको दोश्रा पटकको तारेख गुजारेको थाम्ने म्याद नाघी सकेको यो अपिल अ.वं.२२६ नं. ले डायर हुन नसकी डीसमीस हुने हुनाले नीज अपिलाट पुन्द्रमानको सुरू दंड मो.रू.२।– को दोश्रा अपिल हुदा हा.का.१० नं. ले सैक्रा ५ ले मो.रू.।१० दस पैसा डंड हुने मुद्दा डीसमीसमा राषेकाले अ.वं.२२८ नं. ले तेसको सैक्रा ५ ले मो.रू.।१ येक पैसा डंड हुन्छ वेरूजु हुदा असुल गर्न तहसिल्मा लगत दी शुरूमा पठाउनु मीसील तसील फाँटमा बुझाइदिनु।

इति सम्वत २००९ साल चैत्र १६ गते रोज १ शुभम्।

**अभिलेख दर्ता नं.४५ वर्ष २००९**
**संवत् २००९ को दे/फौ.पु./रीट नं.७८०/७५२**

प्रधान न्यायालय दोश्रा फाटका हाकिं मी. सु. भैरवराज पन्तोपाध्यायले गरेको फैसला

मुद्दा लिखत पास

चेत प्रसाद

टीका देवी

यस्मा का.ई. मुडेषु फेदी वस्ने चेत प्रसाद फूयाल संगको लेषत पास कृते मुदामा अपील दोश्रा फाटले गरेको इंसाफमा चीत बुझेन भंने ल पु दहचोक ल्याफलुं फेदी वस्ने टिका देवी थापा गा. उनीको रां स्ने वावुरां थापा क्षेत्रीको ८४ नं. को अपील परी आयेकोमा २००२।८।२ मो रु १००१। ली टुडे षेत मुरि ।१६ भोग वंधकी लेखी दिएको म्यादमा पास गरी नदीयेकोले सजाय गरी नासा गरी पाउ भंने चेत प्रसादको वादी सोही मितीमा निजका भाई गंगा प्रसादले राजीनां गरी दीयेको जग्गा हुंदा मैले हक दिएको छैन भंने टीका देवीको प्रतेवादी भयकोमा जेठाजु वावुरांले लेषेको लेषतमा लोगनेको स्ही छाप नपरेको भये पनी माथर दुर्गा प्रसादलाई सो लेषतको ल्यापचे जचाउदा मीलछ भनी लेषी दियेकोले सो लेषत वादीका दावी बमोजिं पास गरी दिनु पर्ने ठहरछ.. प्र. टीका देवीले लेषत जालसाजी कृते भंने समेत सजाये गर्ने गरी देवानी अदालत पैलाले छीनेको मनासीव गरी २००५।५।२२ मा अपील दोश्राले फैसला गरेको यो मुद्दामाअपीलाटको वारेस अम्वर राज र चेत प्रसादको वारेस दधिलाल समेत राषी अखत्यारी जनाउ वमोजिं बुझ्दा यो पास गरी पाउँ भनि दावी गरेको लेषतमा भयेको

ल्यापचे सहीछाप भीडाउन कारणी प्रतेवादी टीका देवीलाई झिकाई र निज टिका देवी भनेकी येंही हो वा को हुन भनी सनाषत गर्ना लगाई भिडेमा दी. चेत प्रसाद स्मेतलाई झिकाई सनाषत गरी निजहरूको रोहवरमा टीका देवीको ल्यापचे स्ही छाप गराई ली निजको ल्यापचे स्ही वादीले दावी गरेको तंसुकमा लागेको स्हीछाप संग भीडाउदा मिलन नआयेकाले सो लेषत पास गरी पाउँ भंने वादी यो तमसुकको पुग्न नसकने हुंदा पास गर्ने गरेको सुरु अपीलको ईन्साफ गलती ठहरन आएकोले सुरु अपीललाई र मील्ने ल्याप्चे स्ही आधि जगा भन्दा मिलाउनी लेषीदीनेमा मा र दुर्गा प्रसाद स्मेतलाई जरीवाना गर्ने र तपसील वमोजिं गर्ने।

तपसिल

प्र. टीका देवी के देवानी पैलाका २००४।४।१० का फैसला र नं. १७ जनेका देहायमा लागने गरेको डंड मो रु जम्मा १२६।३७ हाललाई उल्टी भै नलाग्ने डंड असुल भये फेर्ता र नभये व्यहोरा जनाई लगत कसी दीनु भनी अत दोश्रामा लगत दीनु -१

वावुरांके ऐ मीतीका पैला फैसला र पं लगतले लाग्ने गरेको डंड मो रु ५। हाल नलाग्ने हुदा असुल भवे फेर्ता र नभवे लगत कसी दीनु भनी ऐ ऐ -२

प्र. दीका देवीले कोर्ट फी र नक्कल दस्तुर समेत जम्मा मो रु ५।६ र उक्त वीगो फाटमा २००४।५।६ मा धरौट राखेको देषीनाले सोही धरौटीवाट चेत प्रसादलाई भराई दिने अ.दो. का २००५।५।२२ का फैसला वमोजिं गर्ने ऐ. मार्ग २८ गते लगत दियेकोमा हाललाई उक्त उल्टी डंड भराई दिन नपर्ने हुनाले अपील दोश्राको लगत काटी दी सो धरौटी मोरु ५।६२ अैं सवालको रीत पुऱ्याई टीका देवी लाई फेर्ता दीनु भनी अ त वीगो फाटमा लगत दीने –३

टीका देवीलाई अ.दो. का २००५।५।२२ का फैसलाले गर्ने गरेको डंड मो रु १२।६४ वावुरां फैसलाले लागेको डंड मो रु।५० स्मेत नलाग्ने हुदा अैं सवालको रीत पुर्याई फेर्ता दीनु भनी अ.त. देवानी फाटमा लगत

दीनु ----४

वादी चेत प्रसादके मो रु १००१। को लेषत कृर्ते गरेमा कां भै नसकेको हुदा कृर्ते कागजका ७ नं. अैं ले लागेको आधी दंड मो रु ५००।५० लाग्छ वारेस हुदा अैं बमोजीम गर्नु भनी अ.त. देवानी फाटमा लगत दीने ------५

का.ई मुदीसु फेदी वस्ने षडानंद फूयालके कृर्ते लेषतमा साक्षी वसेकोले कां भै नसकेको हुदा कृर्ते कागजका १६ नं अैं ले मो रु ५। दंड लाग्छ रुजु नहुदा अैं वमोजिं गर्नु भनी ऐ.ऐ.--६

वावुरांके निजलाई सजाय गर्न पर्छ की भन्नालाई सो लेषतको सै छाप लेषत मेरो होइन भंने दी नकारी अपील गरेको स्मेत देखीनाले केही गर्न नपर्ने ----७

अम्वर राजको निजको षो लेषमा लेसीयको सही छाप नपरेकोले केही गर्न नपर्ने -----८

वादी चेत प्रसादवाट प्र. दस्तुर मो रु १। र अपील दस्तुर मो रु ।७५ स्मेत भराई पाउ भनी प्र. टीकादेवीको अैं का म्यादमा दरषास्त पर्न आयेमा अैं बमोजिंको पुर्याई कोर्ट फी अैं सवाल बमोजिं भराई दीनु भनी अत देवानी फाटमा लगत दीनु --------------९

देहायका अडाका मानीसहरूके गलती ईन्साफ गरेमा हा का ११ नं अैं ले तजवीजी मो रु जम्मा २ दुई जरीवाना लाग्छ देहाय वमोजिं लीनु भनी अ त दे मा लगत दीनु ------१०

यै ये का हाकिं ना.सु. हेरम्व राज गुरु घराना पंडीत ज्यू का ई डीबजारके ।६०

ऐ.का अडी जै लाल श्रेष्ठ ल पु सो के मो रु ।३०

ऐ. का वी कृर्तिराज नेवारी प. ३ नं.त. धौ मोह रु के ।१०

अडी का ना सु संत वहादुर प्रधान का ई फौज के ।५०

आ. न. प्राणनाथ पाध्या का ई के ।३०

वि. मनहर्क भडारी के ।२०

दरवार कूलका माथवर दुर्गा प्रसादके नमील्नेमा भये स्ही जचाउदा अघि मील्छ भनी लेषत गरे वापत मो रु १। एक जरीवाना हुन्छ दोश्रामा लेखेको हुदा असुल गर्न भनी ऐ. मा लगत दीने -------११
मिसिल मिसील फाटमा बुझाई दीने ------------१२

ईति सम्वत् २००९ साल चैत्र १८ गते रोज ५ सुभं।

**अभिलेख दर्ता नं.४६ वर्ष २००९**
**संवत् २००९ को दे.फौ.पु. ६/१०४३**

नेपाल प्रधं न्यायालय डिविजन् बेञ्च
अ.नं. १०४३

अपिलाट पत्येवादी भ. पु.इ. लाकुलार्छ टोल बस्ने आसाबहादुर हाछेथु

विपक्ष वादी भ.पु. तौमढी बस्ने कृष्णप्रसाद चित्रकारी

मुद्दा : चोरी

इजलास
श्री माननिय प्रधं न्यायाधिस हरिप्रसाद प्रधां एम.ए. बि. एल.
श्री माननीय न्यायाधिस भगवतीप्रसाद सिं बि.यस.सि. बि.एल.

फैसला

यस्मा आसाबहादुरले चं दं खोरी बंधक राख्न ल्यायेकोमा कान्छा महंत भंने गोविंद हरीलाई देखाउदा कहा राख्छ चेवा गर्नु भनेकोले चेवा गरी वृगेडियर कहा जाहेर गरी आसा बहादुरको घर खानतलासि गर्दा भैरवनाथको ६ थां माल निस्केकोमा मलाई समेत थुनामा राखे भंने कृष्णा प्रसादको उजुरी वयां रहेछ।

मैले चोरी गरेको र चं.ढ. खोरि बंधकी राख्न गएको समेत होइन वादी झुठ्ठा हो भंने आसाबहादुर प्रत्येवादी वयां रहेछ।

भैरवनाथको गहना चोरी भएकोमा चोर पत्ता लाग्यो भनी कृष्णप्रसादले जाहेर गरेकोमा वृगेडियरबाट हामीहरुलाईसमेत आसाबहादुरको घर खानतलासी गर्न पठायबाट आसा बहादुरको घर खानतलासी गर्दा भैरवनाथको माल आसाबहादुरको घर भरें मुनीबाट

निस्केको हो कस्ले चोरेको हो हामीलाई थाहा छैन हामिहरुको जिम्माको माल भएपनि यति चोरी भो भंन सकेनौ भंने भैरवनाथका पुजारी मुल नाइके वुनारान् सुवालसमेत ६ ज्वां को वयान रहेछ।

कृष्णप्रसाद आसाबहादुर दुवैलाई चोर ठहराई भक्तपुर वृगेडियरले फैसला गरेकोमा कृष्णप्रसाद मात्र चोर ठहर्छ भनी भक्तपुर अदालतबाट रायपर्चा गरेको रहेछ।

आसाबहादुरको अपिलपरी श्री माननिय न्यायाधिस भैरवराजका इजलासमा पेश हुदा छलफललाई झिकीएक मानिसहरु राखी श्री माननिय न्यायाधिस प्रकाससम्सेरका इजलासमा पेस हुदा डिविजन बेञ्चमा राखी दिनु भंने आदेस दिनु भएबाट नाईके वुनारान्समेत भैरबका नाईके ज्वां ४८ सदर जेलबाट झिकाई आएको कृष्णसादालाई अपिलाट आसाबहादुरलाई राखी बुझ्दा।

बुझियका साछी सर्जमिनहरुलेसमेत नियद खराब देखाई लेखेको ति साछी उपर उजुर गर्न नसकेको हुनालेसमेत भक्तपुर अदालतले कृष्णप्रसादलाई मात्र चोर ठहराई राय पर्चा गरेको मनासिब र वृगेडियर मे.ज. ध्रुबसम्सेरले आसाबहदुरसमेतलाई चोर ठहरायेको गल्ती ठहर्छ केही गल्ती इन्साफ गरेमा मे. ज. ध्रुवसम्सेरलाई केही गर्नु पर्दैन अरु तपसिल्मा लेखीयको कुरामा तपसिल बमोजींगरी मिसिल मिसिल फाटमा बुझाई दिनु।

तपसिल

कृष्णाप्रसाद चित्रकारीके बिगो रु.८०१।२ आठ सय यक रुपैया दुई पैसाको भैरवनाथको गहना चोरी गरेको ठहरेकोले अबाटो हुदा चोरीका १६।१८ नं ले मोरु१२०१।५३ बार सय यक रुपैया त्रिपन्न पैसा दंड हुन्छ डंड कुमारीसँगको घटीबढी कर्णी मुद्दामा सदर जेलमा कैद परेको हुदा अैबमोजीं गर्नु भनी तहसिलमा लगत दिनु --------------------------------१


कृष्णप्रसादले चोरी गरेको मोरु ८०१।२ मध्दे विगो रु. २९।९७ पैसाको गहना वरामद भएको वृगडियर अफिसमा देखिएकोले स्व माल नाइकेहरु जिम्मा लगाई दिन र विगो रु ७७१।५ सात सय एकहत्तर रुपैया


पाच पैसा अैबमोजीं गरी कृष्णप्रसादबाट भर्ना रखाई दिनु भनी श्री ५ सरकार गुठी लगत फांटलाई जनाउ दिनु भनी लगत दिनु ------------------------२

भक्तपुर व्रिवगेडियरका २००८ साल श्रावण १५ गतेका फैसलामा लेखियको दंड सजाय हाल नलागने भएको र स्व फैसला बमोजिं तहसिलमा लगत भएकोसमेत मिसिलबाट नदेखियकोले स्व फैसलाको लगत दिनु पर्दैन ------------------------------------------------------------------३

| | |
|---|---|
| भगवतीप्रसाद सिंह | हरिप्रसाद |
| न्यायाधिस | प्रधां न्यायाधिस |

इति संवत् २००९ साल चैत्र १४ गते रोज ६ शुभम्।


अङ्क १०४३
अपिलाट
विपक्ष. वादी
फैसला



**द्रष्टव्य : माथि देखाइएको तस्विर अभिलेख दर्ता नं.४६ वर्ष २००९ / संवत् २००९ को दे.फौ.पु. ६/१०४३ बाट उतार गरी राखिएको हो।**

**अभिलेख दर्ता नं.४७ वर्ष २००९**

नेपाल प्रधान न्यायालय डीवीजन बेञ्च
अनं. ३०३

अपीलाट प्रतेवादी सत्यमान महरजन

वीपक्ष वादी सर्कार

मुद्दा व्लेकबाट नुन बीक्री गरे

इजलास
श्रीमाननीय प्रधान न्यायाधीश हरीप्रशाद प्रधान एमए बीएल
श्रीमाननीय न्यायाधिश महेन्द्र बहादुर महत छेत्री

फैसला

यस्मा सुव्वा मोहनमान नगेन्द्रमान सेरचनले शावरबाट ल्यायेका कोटाको नून चीशापानी मा वीक्री गर्ने डीलर भै ४ साल भाद्र १ गते देखि मीती मीतीमा गरी १३५७० मन नुन लीयेको ४ साल फालगुण ९ गते देखी २२ गते सम्म वडा हाकिम समेत वसी मन ५९९१ विक्री भै वाकी नुन वीक्री गर्न साछी पाउ भनी ५।३।५ गते फीस दिदा पनि साछी पाइन र कंटोल रेटमा ५।९।१५ देखि माघ १५ गते सम्म शरहदीया रैती महाजन लाई आफुखुस मन ६३६३॥ वीक्री भै वाकि पगली नोकसानी परेको मन १२ सये समेत व्लेक सकीयेकोले जाहेर गरेको छु भन्ने सत्यमानको वीन्ती पत्रमा के भयेको हो सवै खोली ठहराई जाहेर गर्नु भन्ने प्रमाङ्गी रहेछ।

वडा हाकिम आफै वसी शाछी स्मेत राखि वीक्री भै वीक्री साछी पठायेमा सत्यमान फेला परेन भन्ने सुवेदारको रपोट परेकोले पछी पटक पटक म्याद जारी र पक्राउ गर्दा सत्यमान फेला नपरी नुन जाँच गर्दा नीरस

साहुका गोलामा १५२ वोरा देखीयेको वाकी नुन पै ढाटी गरी ल्यायेकै नदेखियेकोले सत्यमानले कोटाको नुन मन ८०७० व्लेकमा वीक्री गरेको ठहर्छ । कवुलीयेतले जर्ती मीनाहा नपाउने हुदा सरजमीनका लेखाई बमोजिम रु २९ दरले हुने कं रु ९३६१२ मा येजेन्टलाई तीरेको वोरा १ को रु ८।१ ले हुने कं रु २६०८८।||.||| कट्टा गर्दा वाकी कं रु ६७५२३ सतसठ्ठी हजार पात सये तेइस रुपैञा तीनानायेक पैसा वीगो सत्यमान शंग असुल गरी कवुलीयेत आडर मीची वीक्री गरेमा नीकासा भये वमोजीम सजाये गर्ने ठहराई ६।५।१७ गते महुतरी सर्लाही गोस्वाराले जाहेर गरेको रहेछ, सो ठहराई जाहेर गरेको इन्साफमा चीत्त वुझेन भन्ने सत्यमानको अपील परेको यो मुदा अपीलाटको वा धर्मरत्न सुवाललाई राषि वुझ्दा ४ साल भाद्र १ गते देखि मीती मीतीमा गरी ५ साल आखाड १६ गते भित्रमा आयेको नुन ५ साल पौख माघमा मात्र सत्यमानले आफु खुस स्मेत वीक्री गरेको हुदा वर्खाको टायम सम्म रहेको नुन पानीले पगली नोकसानी हुने शम्भव हुनाले सो नोकसानी पर्न गयेको १२ सये चानचुन मनमा सजाये गर्नु पर्दैन सो वाहेक अरु साछी नराषी नुन वीक्री गरेकोमा अइनमा सजाये नकीटीयेको र वुझीयेसम्मका सरजमीन वेहोराबाट गोश्वाराको ठहर अनुसार व्लेक गरेको हो भन्ने नदेखियेकोले सत्यमान महरजन जील्लै महुतरी प्रगन्ना खेश्राहा मौजे गोठुकुहा लाई कं रु ५०० पाच सये जरीवाना हुन्छ वारेश हुदा असुल गर्न तहसिलमा लगत दिनु सरजमीनको लेखाई बाट वीक्री भयेकै देखीयेकोले गोश्वाराका फैसला वमोजीमको डण्ड विगो लाग्दैन महुतरी सर्लाही गोश्वाराबाट ६।५।१७ का फैसलाले वीगो कं रु ६७५२३ असुल गरी सर्कारको उर्दी मीची वीक्री गरेमा सत्यमानलाई थप सजाये सर्कारका तजवीजबाट गर्ने गरेको नलाग्ने हुदा लगत काटी दीनु भनी सो गोश्वारालाई लेखी पठाउनु भनी तहसिलमा लगत दीनु।

न्यायाधीस न्यायाधीस

इती सम्वत २००९ साल चैत्र २३ गते रोज १ सुभ्म् ।

**अभिलेख दर्ता नं.४८ वर्ष २००९**

नेपाल प्रधान न्यायालय डिभिजन बेञ्च
दा नम्बर

अपिलाट प्रतिवादि खड्गबहादुर थारुस्मेत
बुटोल तप्पे तिंलकहना मौजे ओदारी

वादी राजाराम थारुस्मेत
ऐ.ऐ. मौजे ठाँटि

मुदाः- कुलो

इजलास
श्रीमाननीय प्रधान न्यायाधीश हरिप्रसाद प्रधान एम.ए. बि.एल
श्रीमाननीय न्यायाधीश भैरवराज पन्तोपाध्याय

फैसला

यसमा चम्कीपुर मौजादेखि पसिंबाट उम्रेको जवैबाट अघीदेखि १ कुलो प्रतिवादीहरुले मैनहरा मौजातर्फ र २ कुलो हामिहरुले ठाँटि मौजातर्फ लैजाने गरिआएकोमा हाल प्रतिवादि जिम्दार खड्गबहादुर थारुले ५०x६० जवान् मानिस ल्याई हाम्रो सो ठाँटी मौजातर्फ लगेको सो कुलादेखि करिब १५ हात जति मूनी यीनै प्रतिवादिहरुले एकलौटि पानी लाने गरेको अर्को जवै भएकोले सोहि जवैमा सो कुलो खसाली लगेकोले निजहरुलाई सजाए गरि हाल प्रतिवादीले जबरजस्ती खनेको कुलो पूरी साबीक कुलो कायें गरि पाऊ भंने वादिको बिंतिपत्र बयान रहेछ।

वादिमा लेखेको जवैंबाट अघीदेखिनै १ कुलो ठाँटितर्फ ल्याई त्यस्का १०×१२ हात जति दखिंतर्फ यौटा मोहडा बनाई पानिको हिसाबमोजिं मैनहरा मैरी ओदारी मौजामा पानि लाने गरीआएकोमा पछी सोहि कुलोमा ४x५ वर्षदेखि सानो मूल फुटि पानी उम्रेकोले सो पानीस्मेत कुलोमा मिलाई हाम्रो माथी लेखिएको ३ मौजामा पानि लाने गरेका छौ नञा कुलो खनी वादिका मौजामा जाने पानी लगेको छैन भन्ने प्रतिवादिको बयान रहेछ।

हाल झगडा परेको कुलोबाट वादिहरुलाई मात्र एकलौटि पानी लान दिएमा वादिहरुलाई पानि बढी भै नदिमा झर्ने हुनाले स्मेत झगडा परेका ठामबाट प्रतिवादिहरुले स्मेत पानि लान पाउने ठहर्छ भनी ०६।११।३।३ मा सुरु सिवराज तौलिहवा गोस्वाराले फैस्ला गरेको रहेछ।

मूल जवैबाट २ कुलो झिकि १ कुलो वादिले आफ्नो मौजामा र प्रतिवादिले १ कुलो आफ्नो मैनहरा मौजामा लगी अर्को पछी मूल फुटेको जवैबाट प्रतिवादिहरुले नै एकलौटि आफ्नै मेरो र मैनहरा ओदारी मौजामा लगेको देखिएको स्मेतबाट हाल झगडा परेको ठामबाट प्रतिवादिहरुले पानी लान पाउँदैन भनी ०७।११।२९ मा प्रधान न्यायालय पहिला फाट्ले फैस्ला गरेको रहेछ।

चित्त बुझेन इनसाफ जाची पाऊं भन्नेस्मेत व्यहोराको प्रतिवादि खड्गबहादुर थारुको बिन्तिपत्रमा मिसिल झिकी इनसाफ जाँची ऐनसवालबमोजिं गर्नू भन्ने ०७।१२।१५।४ को आदेश रहेछ।

०९।४।३०५ मा मुदा पेश हुंदा झगडा परेका ठामबाट हफ्तामा कति दिं वादीलाई र कति दिं प्रतिवादिलाई पानि लान दिने गरे दुवै थरलाई मड्का नपर्ने रहेछ इञ्जीनियर वबरसीएरस्मेत पठाई इञ्जीनीयर वबरसियरको रिपोट र नक्सास्मेत गराउने व्यहोराको आदेश भएको रहेछ।

सरजमिंमा गै जाचदा सो जमिंहरुको नक्सा तयार गरि विवर्णसमेत खोलि रिपोर्टसाथ पेश गर्दैछु नक्साको ए प्वाइन् जहाँ लेखिएको छ त्यहाँ मैनहरा र ठाँटिको मूहान छ त्यसको दक्षिणतर्फ ठाँटिको कुलोको मूनी जहाँ

वि.सी. र डी देखिन्छ त्यहां वदारी मैरी र मैनहरा कुलोको मूहान छ ति मौजाहरुमध्य वदारी ३३४।।१।।।१ मैरी मौजा १६८।।४ मैनहरा मौजा १६९।।।३।।२ र ठाँटि मौजा १८७।।।२ऽ१ स्मेत बिगाहा रहेछ भन्ने कुरा खजहनी मालको श्रेस्ताबाट ज्ञात भएको र पानि बाँडिएको हक्मा ठाँटि मौजालाई ए प्वाइन्टबाट निक्लेको पानी हिस्सा मैनहरा कुलोमा जाँदो रहेछ बाँकि झार्दा जो छ त्यो प्वाइन्ट एल जो नक्सामा दिइन्छ त्यहाँबाट १ हिस्सा पूर्वतर्फ ठाँटिको मौजामा र १ हिस्सा पसिंतर्फ ठाँटिकै तल्लो सिमानामा जान्छ त्यसको झरन पनि दक्षिणतर्फ पर्ने अरु मौजामा जाने रहेछ भन्ने अनुमान गरिन्छ औ. वि. सी. रही जवै मूहानबाट जो कुलो निक्लेको छ पहिले मैनहरा र त्यसपछी तल पर्ने मौजाहरुमा जान्छ। यहाँ यो कुरालाई लेखि दिन जरुरी हुंदा लेखिरहेछु ठाँटि कूलाको वेडुभन्दा नक्साको वि.सी. मूहान ४,३५ फिट् निचा छ त्यस कारण ठाँटिबाट कुलो खोलि डाइरेक्ट वि. मा खसाल्दा ठाँटि मौजालाई धेरै नै नोक्सान हुने देखिन्छ कारण पूर्वतर्फ जो ठाँटिको कुलो गएको छ त्यो ऊचा जमिनलाई इंडिगेट गर्दछ। उँचा हुनाले पानिको विलाष्टी बहुतै कमजोर हुन गै उँचा जमिनमा पानि उक्लन नसक्ने हुंदा जमिन पाटिन मुस्कील देखिन्छ "आई अज बज बेसन" बाट ज्ञान हुन्छ कि ठाँटि मौजाबाट वदारी मौजा १०x१२ फिट् निचा र २ मिलको टाढा  पर्दछ, उत्तरबाट दक्षिणको जमिन जनरल स्लोप हुनाले माथीको सबै पानी सोहि ओदारी मौजामा आउने देखिन्छ वादि प्रतिवादिलाई यति यति दिं पानि बाड्दा मडका नपर्ने हुन आउने हक्मा नक्सामा देखिएको एप्वाइन्टबाट निक्लेको १६ आना पानीमध्य १७० बिगाहा भएको मैनहरा मौजामा आठ आनाभन्दा बढी पानी र १८७ बिगाहा भएको ठाँटि मौजालाई आठ आनाभन्दा पनि घटि पानी बांडिएको देखिन्छ सो पानी ठाँटि मौजाको पूर्व पसिं सिमाना पाटन जाने हुंदा यसबाट विदित हुन्छ की मैनहराको ए प्वाइन्टबाट लिएको पानी पनी केही फाल्तु  भै जाने हहुनाले र यसबाट वी.र सी.डी. निस्केको पानी सो मैनहरा मौजाले भाग पाउने रहेछ जति फाल्तु पानी छ सो सबै तल पर्ने

मौजाहरुले पाउँदछन होला पानि नबाडदा दुवै थरलाई मड्का नपरोस भन्ने उक्त आदेशमुताविक माथी ए. बाट निक्लेको पानी मध्य ठाँटि श्रीफ ...।। मात्र ८ बाँकि थु मैनहराको कुलो ठाँटिकै कुलामा प्वाइन्ट एलदेखि पन्ध्र फुट् पूर्व पाध्या फाल प्रोनाड् गरेमा कसैलाई पनि मर्का नपर्ने देखिनाले भएको ब्यहोरा जाहेर गरेको छु भन्ने सरजमिंमा जाच नक्सा गर्न गएका सी तौ गोस्वाराका ओभरसीएर गङ्गालाल खत्रीले रिपोर्टसाथ नक्सा दाखिल गरेको रहेछ।

तारेखमा रहेको अपिलाट १। दिनदयाललाई र झिकाई आएको वादि वा. स्मेतको भिजुगीनारायणलाई छलफलमा राखि बुझ्दा ओभरसिएरको रिपोट लेखाईबाट प्रतिवादिको मौजा होचो हुनाले ठाँटी मौजाको पैनबाट प्रतिवादिलाई पानी लान दिदां ठाँटि मौजालाई नोक्सान हुने भन्ने देखिएकोले स्मेत इनसाफ प्रधान न्यायालय पहिला फाटले ०७।११।२९ मा छिनेको मनासिब छ ठाँटिको पैनमा पक्की फाल प्रोभाइट् गर्ने कुरा ओभरसिएरले लेखिदिएकोमा माथी लेखिएबमोजिं प्रतिवादिको जिकिर झुट्टा ठहरी वादिहरुले जितेकाले प्रतिवादिले वादिको पैनबाट पानि लान नपाउने गर्न हाल भैरहेको भन्दा पनि मजबुत बनाउन परे आफ्नो पैं पक्की बनाइकन पनी वादिहरुले आफ्नो मौजामा पानी लान पाउँछ भनी सुनाई दिने।

मुदा दोहोराएमा देहाएका अपिलाटके प्रधान न्यायालय पहिला फाटबाट कंरु १५का दर्ले दण्ड गरेकोले हा.क. ११ नम्बरका ऐनबमोजिं सैका १० ले कंरु ॥ का दर्ले दण्ड हुन्छ वारेस हुंदा असुल गर्नु अ.त दे. फाट्मा लगत दिई मिसिल इलाका अमिनीमा पठाउन अ.त. मिसिल फाट्मा बुझाईदिनु।

जि.बुटोल तप्पे तिलकहना मौजे वदारी बस्ने प्रतिवादि खड्गबहादुर थारु-१
ऐ.ऐ. बस्ने ठगप्रसाद थारु१ ऐ.ऐ. बस्ने गोपि थारु१
ऐ. ऐ.मैनहरा बस्ने मूनेश्र्वर थारु१

ऐ. ऐ.वदारी बस्ने प्रभुराई थारु १ ऐ. ऐ.मैरी बस्ने रोगाई थारु१
ऐ.ऐ. बस्ने मगु थारु १ ऐ.ऐ. बस्ने महादेव थारु १
ऐ.ऐ. मैनहरा बस्ने कासी थारु१ ऐ.ऐ. ओदारी बस्ने पुरन थारु १

| | |
|---|---|
| भैरवराज पंत | हरिप्रसाद |
| न्यायाधीश | प्रधान न्यायाधीश |

इती सम्वत २००९ साल चैत्र २५ गते रोज ३ सुभम् ।

**अभिलेख दर्ता नं.४९ वर्ष २००९**
**५४४/९८१**

नेपाल प्रधान न्यायालय डिबिजन बेन्च
दा नं

अपिलाट बादि द्वारे दिलबहादुर श्रेष्ठ, का. इ.मखनटोल

विपक्षी प्रतिवादि पसुपति पञ्चाएतका प्रधानपञ्च कृष्णप्रसाद उपाध्यायस्मेत

मुद्दा: थुन्न नहुने थुने

इजलास
श्रीमाननीय प्रधान न्यायाधीश हरिप्रसाद प्रधान एम.ए .बि .एल
श्रीमाननीय न्यायाधीश भैरवराज पन्तोपाध्याय

फैसला

यस्मा मुल पुजारिका ज्वाफबाट बुझ्नुपर्ने हुदा मइले दरबन्दीवमोजिं खान पाउने लगत उतार र मूदास्मेत पठाइदिनु भंने पञ्चायतको पुर्जी को ज्वाफ दिनालाई पुर्जि पाएकै दिंमा अबेर भै नभ्याय पछी दसैको बिदा भएकोले ज्वाफ दिन नपाएकोमा आसीं २९ गते मलाइ पक्राउ गर्न सिपाहीसमेत पठाइ लगत वारेमा मोरू १० र मिसिलबारेमा मो.रु५। जरिवाना गरी मलाइ पक्री लगी जरिवाना नतिरेको भनी कैद ठेक्न ऐ ३१ गते देवानी तहसिलमा पठाई ऐ कार्तिक २ गतेसम्म थुनेकोले जाहेर गर्दा हामी दुवै थर झगडिया बुझी पञ्चाएतले गरेको कारबाहि खारेज गर्ने र व्यक्तिगत सोतन्त्रता ७ नम्बर का ऐनबमोजिं म्याद भीत्र उजूर गर्न पाउछौ भनी मलाई सुनाउनेगरि ०८/७/६/३ मा फैस्ला भएकोले उजूर गर्न आएको छु वेरसतसंङ्ग थुनेमा प्रतिवादीहरुलाई सजाय गरीपाऊ भन्ने बादि दिलबहादूरको फिराद रहेछ।

बादीलाई थुनेकोमा अघिनै जाहेर प्रधानन्याधीश ज्यूबाट फैसला भैसकेकोले वादीको उजुर खारेज भै झुट्टा उजूरबाट फुर्सद गरिपाऊँभन्ने स्मेतको प्रतिउत्तर रहेछ।

थुन्न नहूने मानिसलाई थुनेको ठहारायाई ०८साल कार्तिक ६ गते फैस्ला भएकोदेखिएकोले न्यायाधिशबाट प्रतिबादिहरुलाई सजाए नलागने भन्ने फैसला भैसकेपछी थुनेमा सजाय गरी पाँऊ भंने यो नालेस अ.ब. ११० नंका ऐनवमोजिम खारेज हुन्छ भनी अपिल तेश्रा फाँट्ले ०८/१२/२८/४ मा फैस्ला गरेको रहेछ। व्यक्तिगत सोतन्त्रताका ७ नम्बर का ऐनका म्यादमा उजुर गर्नेसमेत ब्यहोराको आदेशवमोजिम म्यादभित्र उजुर गरेकोमा अपिल र प्रधान न्यालयसमेतबाट खारेज गरिदियो मिसिलहरु समेत झिकी बुझि हक इनसाफ गरिपाँऊ भन्ने समेत व्यहोराको बादिका बिन्तिपत्रमा व्यक्तिगत स्वतन्त्रताका ऐनको ७ ले नालेस लाग्ने कुरामा अपिल र न्यायालय पैलाबाट किन खारेज गरेको रहेछ मिसिल झिकाई सो कुराको कैफियत बुझी मिसिल साथ जाहेर गर्नूहोला भन्ने ०९/५/१३/५ मा आदेश भएको रहेछ।

यस्मा तारेखमा रहेको बादि द्वारे दिलबहादूरलाई राखीबुझ्दा व्यक्तिगत स्वतन्त्रताका ७ नं का ऐन वमोजिं थुनामा परेको दिं को हरजनामा दाबी लिई बादिले उजूर गर्नुपर्नेमा हरजनातर्फ दाबा नलिईप्रतिवादिहरुलाई सजाय गरिपाऊ भनी उजुर गरेको देखिएको प्रतिवादिलाई सजाए गर्ने तर्फ अघिनै फैसला भैसकेकाले प्रतिवादीलाई सजाय गर्ने तर्फको उजुर हुँदा खारेज गर्ने गरेको इनसाफ प्रधान न्यायालय पहिला फाँट्को मनासिब छ। मुद्दा दोहोरायको बादि द्धवारे दिलबहादूरलाई हा.क.११ नम्बरका ऐन बमोजिं सुरु दण्ड मो.रु.१ को सैक्रा।१० दश ले मोरु पैसा दण्ड लाग्छ रुजु हुँदा असुल गरि मिसिल अ.त. मिसिल फाट्मा बुझाइ दिनु ।

| | |
|---|---|
| भैरवराज पंत | हरिप्रसाद |
| न्यायाधीश | प्रधान न्यायाधीश |

इति सम्वत २००९ साल चैत्र २५ गते रोज ३ सुभम्।